# परिच्छेद एक
# शोध परिचय

## १.१ विषय परिचय

आधुनिक विश्वमा उपन्यास विधा सबैभन्दा लोकप्रिय देखिएको छ । लोकप्रिय विधामा कलम चलाउने नारायण ढकाल नेपाली उपन्यासको आधुनिक कालका उपन्यासकार हुन् । प्रगतिवादी उपन्यासकार नारायण ढकालको 'प्रेतकल्प' (२०६५) उपन्यासको समाज शास्त्रीय अध्ययन गर्नु यस शोधकार्यको मूल विषय रहेको छ ।

## १.२ शोध समस्या

उपन्यासकार नारायण ढकालको 'प्रेतकल्प' उपन्यास एउटा चर्चित उपन्यास भएर पनि यसको समाज शास्त्रीय अध्ययन हुन सकेको छैन । प्रेतकल्प उपन्यासको समाज शास्त्रीय अध्ययन गरिने प्रस्तुत शोधकार्यका समस्याहरूलाई निम्नानुसार बुँदाहरूमा प्रस्तुत गरिएको छ :

- नारायण ढकालको रचनाधर्मिता के कस्तो रहेको छ ?
- ढकालका औपन्यासिक प्रवृत्तिहरू के-कस्ता छन् ?
- समाज शास्त्रीय दृष्टिकोणबाट 'प्रेतकल्प' उपन्यास कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

- नारायण ढकालको रचनाधर्मिताको अध्ययन गर्नु,
- ढकालका औपन्यासिक प्रवृत्तिहरूको अध्ययन गर्नु,
- समाज शास्त्रीय दृष्टिकोणबाट 'प्रेतकल्प' उपन्यासको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

उपन्यासकार नारायण ढकालको वि.सं. २०६५ मा प्रकाशित उपन्यास 'प्रेतकल्प' बारे यस शोधकार्य पूर्व पनि केही कृति तथा पत्र पत्रिकाहरूमा समीक्षा, समालोचना, टीका टिप्पणी, लेख रचना आदि व्यक्त भएका छन् । यिनै मूलभूत विचारलाई पूर्वकार्यका रूपमा छोटकरीमा तल प्रस्तुत गरिएको छ ।

जगदीश घिमिरेले **प्रेतकल्प** (२०६५) कृतिमा नारायण ढकालको उपन्यास सय वर्ष अघिको नेपाली समाजको पीडा चिनाउने एक उत्कृष्ट प्रयत्न, उत्कृष्ट कृति, जीवन्त सिर्जना भनेका छन् ।

गोविन्द वर्तमानले **प्रेतकल्प** (२०६५) कृतिमा खालेद होसेनीको काइट रनर, दस्तोएब्स्की ब्रदर्स कारमाजोम र नारायण ढकालको प्रेतकल्प पढ्दा इतिहासका पुस्तकहरूबाट भन्दा बढी रुस अफगानिस्तान र नेपालको छटपटीपूर्ण इतिहास जान्न पाए झैं अनुभव गरें भनेका छन् ।

**प्रेतकल्प** (२०६५) प्रकाशकीयमा नारायण ढकालको 'प्रेतकल्प' उपन्यास झन्डै सय वर्षभन्दा अघिको काठमाडौं उपत्यकाको नेपाली समाज र नेपाली राजनीतिको सजीव प्रस्तुति हो; तत्कालीन न्याय व्यवस्था शासकीय मानसिकता अनि त्यसभित्र छट्पटाइरहेको मानवीय मूल्य र संवेदनाको सूक्ष्म तथा यथार्थ अभिव्यक्ति हो भनिएको छ ।

रोशन शेरचनले **प्रेतकल्प** (२०६५) कृतिमा स्थापित भइसकेको तर संस्थागत भइ नसकेको गणतान्त्रिक नेपालको यो बिन्दुबाट करिब एक सय वर्ष अघिको तत्कालीन शासन व्यवस्था, आर्थिक, सामाजिक र राजनीतिक अवस्था, जन चेतनाको स्तर, व्याप्त सांस्कृतिक चेतको चित्रण र कथानक नै यस उपन्यासको विशेषता हो भन्दै दुःखपुर तत्कालीन समाज र समयको सवल माइक्रोकज्म् बन्न सकेको छ भनेर चित्रण गरेका छन् ।

नयनराज पाण्डेले **प्रेतकल्प** (२०६५) कृतिमा कथा वाचन शैली यस उपन्यासको अर्को सवल पक्ष हो भन्दै अत्यन्त परिष्कृत र रोचक ढङ्गले प्रस्तुत भएको यो शैलीबाट पाठकहरूले यसभित्र बुनिएका कथा र उपकथाको जटिल संयोजनलाई पनि अत्यन्त सहजताका साथ ग्रहण गर्न सक्दछन् भनी उल्लेख गरेका छन् ।

कुसुम भट्टराईले **अन्नपूर्ण पोष्ट** (२०६६) मा प्रकाशित 'दुःख नवीकरणको नियति' शीर्षकको लेखमा राणाहरूको मोजमस्ती, शान-शौकत, अन्तरसङ्घर्ष र घात प्रतिघातले भरिएका इतिहासका पुलिन्दाभन्दा बिलकुल भिन्न प्रेतकल्पमा त्यस कालमा शोषित, दमित, अपहेलित अनि रोग, भोक र विभेदको सिकार नेपाली जनताको मार्मिक कथा छ भनी टिप्पणी गरेका छन् ।

राजकुमार बानियाँले **नागरिक** (२०६६) मा प्रकाशित 'राणाकालीन उकुसमुकुस' शीर्षकको लेखमा दुःखपुर र नेपालको नियति उस्तै उस्तै हो; सय वर्षमा संसार कहाँ पुगिसक्यो तर जहाँको तहीँ छ नेपाल भन्दै निरङ्कुश शासन, प्रजातन्त्र, पञ्चायत, लोकतन्त्र अनि गणतन्त्र जे नाम दिए पनि मुलुकको कायाकल्प हुन सकेन भनेका छन् । यस्तै बालकृष्ण जस्ता युवा पण्डितले रोपेको सामाजिक जागरणको बिउलाई भँजाएर अहिले पनि कतिपयले राजनीति धानिरहेका छन् भनी चर्चा गरेका छन् ।

झलक सुवेदीले **नयाँ पत्रिका** (२०६६) मा 'समयको कलात्मक गाथा' शीर्षकको लेखमा दुःखपुरवासीका सामाजिक सम्बन्ध र शक्ति कसरी सिंहदरबारबाट निःसृत भएर गामसम्म पुग्थ्यो भन्ने कथाभूमि यसमा समेटिएको छ; जसले तत्कालीन नेपालको समग्र राजनीतिक-सामाजिक संस्थाको प्रतिबिम्ब उतार्छ भनी उल्लेख गरेका छन् ।

कृष्ण गौतमले **गोरखापत्र** (२०६६) मा प्रकाशित 'आ-आफ्नै प्रेतकल्पमा' शीर्षकको लेखमा नारायण ढकाल मार्क्सवादी सचेतता लिएर आर्य सामाजिक विचारको छहारीमा दु:खपुरका प्रेतवत् मान्छेका बीच परिवर्तनको नयाँ तरङ्ग उठाउँछन् र खास बाटाको खोजमा लाग्छन् भनेका छन् । यस्तै उनले गरुड पुराणको बिच धारालाई बदल्नका लागि डेरिडीयभन्दा मार्क्सीय र आर्य सामाजिक चिन्तनको औजार यस उपन्यासमा उनका निम्ति उपयुक्त भयो भनेर चर्चा गरेका छन् ।

कृष्णहरि बराल र नेत्र एटमले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (२०६६) कृतिमा 'प्रेतकल्प' आलोचनात्मक यथार्थवादी उत्कृष्ट उपन्यास हो भन्दै राणाकालीन ऐतिहासिक सन्दर्भलाई बलियो परिवेशगत आधार बनाएर दु:खपुर निवासी एउटा पण्डितको परम्परा विरोधी दृढतापूर्ण निर्णय र त्यसले जन्माएका सङ्घातहरूको विस्तृत चित्रण यसमा पाइन्छ भनी टिप्पणी गरेका छन् ।

नेत्र एटमले **गरिमा** (२०६६) मा प्रकाशित 'नेपाली अधिआख्यानको वर्तमान अवस्था' शीर्षकको लेखमा नारायण ढकालले 'आत्महन्ता' मा उत्तरआधुनिक देखिने लोभ मात्रै पालेको स्पष्ट हुन्छ तर 'प्रेतकल्प' मा भने फरक ढङ्गले अधिआख्यानलाई उपयोग गरेको पाइन्छ भनेका छन् । त्यसैले उनले 'प्रेतकल्प'लाई अहिलेसम्मका नेपाली अधिआख्यानहरूमध्ये सर्वाधिक औचित्यपूर्ण रचना मान्ने आधारहरू प्रशस्त छन् भनी टिप्पणी गरेका छन् ।

विष्णुप्रसाद ज्ञवालीले **समसामयिक नेपाली उपन्यास** (२०६७) कृतिमा 'प्रेतकल्प' उपन्यासमा वर्गीय भावनाको सूक्ष्म रूप रहेको देखिन्छ भन्दै शिक्षित पण्डित बालकृष्ण गाउँमा आइसकेपछि शासकीय पात्र विष्णुभक्त र आचार्य रामकृष्णका विवेकमा केही परिवर्तन हुनु, बालकृष्ण र दमयन्तीबीच अन्तर्जातीय विवाह हुनु, हनुमाने (अश्विनी) को ब्राह्मण संस्कार हुनु जस्ता सांस्कृतिक घटनाले समाज परिवर्तनको मागलाई दर्शाएका छन् भनी चर्चा गरेका छन् ।

उपर्युल्लिखित समालोचनात्मक कृति र लेखहरूमा 'प्रेतकल्प' उपन्यासको प्रसङ्गवश चर्चा, आंशिक विश्लेषण एवम् मूल्याङ्कन गरिएको छ । तीमध्ये नेत्र एटमको अधिआख्यानको दृष्टिकोणबाट, जगदीश घिमिरेको ऐतिहासिक यथार्थवादी दृष्टिकोणबाट, कृष्ण गौतमको मार्क्सवादी दृष्टिकोणबाट, कुसुम भट्टराईको क्रमभंगताको दृष्टिकोणबाट कृष्णहरि बराल र नेत्र एटमको आलोचनात्मक यथार्थवादी दृष्टिकोणबाट विष्णुप्रसाद ज्ञवालीको वर्गीय दृष्टिकोणबाट गरिएका विश्लेषण महत्त्वपूर्ण छन् तर तिनले पनि प्रेतकल्प उपन्यासको वस्तुनिष्ठ अध्ययन गरी यस उपन्यासको सामाजिक दृष्टिकोणका बारेमा अध्ययन विश्लेषण गरी नेपाली उपन्यास परम्परामा त्यसको स्थान निर्धारण गर्न सकेका छैनन् । त्यसैले यस शोधमा 'प्रेतकल्प' उपन्यासको समाज शास्त्रीय अध्ययन गरी त्यसको स्थान निर्धारण समेत गरिएको छ ।

## १.५ शोध कार्यको औचित्य

पूर्वकार्यको समीक्षाबाट के स्पष्ट भएको छ भने नारायण ढकालको 'प्रेतकल्प' उपन्यासका बारेमा सामान्य चर्चा परिचर्चा भएको पाइए तापनि यस कृतिको समाज शास्त्रीय रूपमा अध्ययन विश्लेषण भएको पाइँदैन । एउटा चर्चित एवम् उल्लेखनीय उपन्यास भएर पनि हालसम्म पनि यसको समाज शास्त्रीय अध्ययन हुन बाँकी हुनु नै यस शोधकार्यको औचित्य पुष्टि हुनु हो । यसका साथै यस शोधकार्यबाट नेपाली उपन्यासको अध्ययन परम्परामा समेत यसले सहयोग पुऱ्याउने कुराबाट समेत औचित्य स्वतः पुष्टि हुन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य 'प्रेतकल्प' उपन्यासको समाज शास्त्रीय अध्ययन अन्तर्गत प्रत्यक्षवादी, अनुभववादी तथा मीमांसावादी सिद्धान्तलाई आधार बनाएर अध्ययन गर्नुमा सीमित हुनु यसको सीमा हो ।

## १.७ शोधविधि

प्रस्तुत शोधपत्र लेखनका क्रममा विभिन्न सामग्री आवश्यक पर्ने हुँदा त्यसको परिपूर्तिका लागि पुस्तकालयीय विधिको प्रयोग गरी उपलब्ध समालोचनात्मक पुस्तकहरू, पत्र पत्रिका तथा समीक्षात्मक लेख आदिबाट सामग्री सङ्कलन गरिएको छ । यसमा विषयसँग सम्बन्धित विशेषज्ञहरूबाट समेत राय, सल्लाह, सुझाव र आवश्यक जानकारी लिइएको छ । यसमा विषयको विश्लेषणका क्रममा समाज शास्त्रीय अध्ययन अन्तर्गत प्रत्यक्षवादी, अनुभववादी तथा मीमांसावादी सिद्धान्तलाई आधार बनाएर शोध समस्याको समाधान गरिएको छ । यसमा ऐतिहासिक, वर्णनात्मक, विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा यस प्रकार रहेको छ :

**परिच्छेद एक** : शोध परिचय ।

**परिच्छेद दुइ** : नारायण ढकालको रचनाधिर्मताको परिचय ।

**परिच्छेद तिन** : आधुनिक नेपाली उपन्यासको विकास क्रम र नारायण ढकालको औपन्यासिक यात्रा

**परिच्छेद चार** : समाज शास्त्रीय दृष्टिकोणबाट 'प्रेतकल्प' उपन्यासको विश्लेषण

**परिच्छेद पाँच** : उपसंहार

# परिच्छेद दुई
# नारायण ढकालको रचनाधर्मिताको परिचय

## २.१ परिच्छेदको परिचय

दोस्रो परिच्छेदमा नारायण ढकालको सङ्क्षिप्त परिचय, साहित्य लेखनको प्रेरणा तथा उनको विविध क्षेत्रको संलग्नतालाई प्रस्तुत गरिएको छ । यस्तै उनको पेसा, भ्रमण, सम्मान तथा पुरस्कारका कुराहरू पनि यस अध्यायमा उल्लेख गरिएको छ । यसका अतिरिक्त उनको सिर्जना र कार्यका विविध पक्षहरूको चर्चा परिचर्या यस परिच्छेदमा गरिएको छ ।

## २.२ नारायण ढकालको सङ्क्षिप्त परिचय

साहित्यकार नारायण ढकालको जन्म वि.सं. २०१० जेठ २४ गते काठमाडौँ जिल्लाको मूलपानी गा.वि.स. वडा नं. ५ मा भएको हो । उनका बुबाको नाम नगेन्द्र प्रसाद ढकाल र आमाको नाम शान्ता ढकाल हो । उनले आफ्नै गाउँको नेपाल राष्ट्रिय प्रा.वि. (हाल मा.वि.) बाट औपचारिक शिक्षा सुरु गरेका हुन् । रामशाह पथमा अवस्थित पद्मोदय मा.वि.बाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका ढकालले विज्ञान विषयमा प्रवीणता प्रमाण पत्र तह पूरा गरी मानविकी तथा सामाजिक शास्त्र सङ्कायमा स्नातक तह उत्तीर्ण गरेका छन् भने अर्थशास्त्र विषयमा त्रिभुवन विश्व विद्यालयबाट स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेका छन् । यसपछि भने उनले साहित्यिक क्षेत्रमा कलम चलाउन थाले । अध्ययन पश्चात् उनले साहित्यिक, राजनीतिक, अध्ययन तथा पत्रकारिता क्षेत्रमा आफूलाई व्यस्त राख्न थाले तर राजनीतिक र साहित्यिक क्षेत्रमा भने उनी केही समय अगाडिबाट नै सक्रिय थिए (खड्का, २०६२ : ६) । यसरी उच्च शिक्षा पश्चात् नेपाली साहित्यको क्षेत्रमा विशेष रूपमा देखा परेका ढकाल हाल पनि यस क्षेत्रमा क्रियाशील छन् ।

## २.३ साहित्य लेखनको प्रेरणा र प्रभाव

नारायण ढकालका हजुर बुबाले महाभारत तथा रामायणका संस्कृत श्लोकहरू वाचन गर्ने हुनाले कवितात्मक लय र साहित्यिक वातावरणसँग उनी बाल्यकालीन अवस्थादेखि नै परिचित देखिन्छन् (पौडेल, २०६७ : ८) । महाकवि लक्ष्मीप्रसाद देवकोटा, गोपाल प्रसाद रिमाल, गुरु प्रसाद मैनाली, महानन्द सापकोटा, रमेश विकल, पुष्कर शमशेर, डी.पी. अधिकारी जस्ता पूर्ववर्ती साहित्यकारहरूका रचनाले ढकाललाई साहित्य सिर्जनातर्फ आकर्षित गरेको पाइन्छ । यद्यपि

उनको साहित्य सिर्जनाको प्रेरणाको मूल स्रोत राजनीति र पत्रकारिता पेसा देखिन्छ । उनले पेसागत रूपमा पत्रकार, शिक्षक तथा कर्मचारी भई विभिन्न ठाउँमा विभिन्न समयमा काम गरेको अनुभव सँगाली साहित्य रचेका हुन् (अधिकारी, २०६२ : ७) ।

उनको साहित्य लेखनको शुभारम्भ विद्यालयीय शिक्षा आर्जन गर्ने क्रममा कविता रचेर साथीभाइलाई सुनाउने गरेदेखि नै भएको हो । उनी माध्यमिक जीवनदेखि नै साहित्य सिर्जनामा लागेका हुन् (पौडेल, २०६७ : ८) । उनले २०२८ सालमा 'दमना' साहित्यिक पत्रिकामा 'विस्थापन' कथा प्रकाशन गरेर पहिलो पटक यस फाँटमा पाइला चालेका हुन् (खड्का, २०६२ : २०) । 'विस्थापन' कथाको प्रकाशन पश्चात् साहित्यिक क्षेत्रमा उदाएका ढकालका यसपछि नेपाली साहित्यका विभिन्न विधाका रचनाहरू प्रकाशित भएका छन् । उनका रचनाहरू अन्य साहित्यकारहरूको भन्दा पृथक् पाइन्छ । रचनाशैली, कथानक पात्र विधान सबै छुट्टै खाले छन् । उनको साहित्यमा कुनै पनि एकल व्यक्तित्वको प्रभाव पाइँदैन । उनले आफू मार्क्सवादी विचारसित आबद्ध भएर रचना गरेका छन् (वर्तमान, २०५२ : ५३) । त्यस्तै उनको साहित्यमा माओको पनि प्रभाव परेको छ । राजनीतिक दृष्टिले जतिसुकै प्रगतिशील भए पनि कलात्मक प्रतिभाका अभावमा साहित्य शक्तिहीन हुन्छ । साहित्य एवम् कला सम्बन्धी दृष्टिकोण मूलतः राजनीतिमा आधारित र उपयोगितावादी देखिन्छ (बराल र एटम, २०६६ : १४९) । यसै मान्यता अनुरूप उनले साहित्य रचना गरेका छन् । अझ भन्नुपर्दा उनी सामन्तवाद पूर्ण रूपमा उन्मूलन, श्रमजीवी जनताको पक्षमा राजनीतिक स्वतन्त्रताको प्राप्ति, स्वनिर्भर अर्थतन्त्रको निर्माण, विदेशी थिचोमिचोको विरोधी, देशभक्तिपूर्ण भावना र आम श्रमजीवी जनताको महत्त्वलाई पूर्ण रूपमा स्वीकार गर्दै यथास्थितिको विपक्षमा प्रतिगमनको विरुद्धमा तथा जनहितकारी परिवर्तनको पक्षमा प्रतिबिम्बित गर्ने जुनसुकै साहित्य र साहित्यकारहरूबाट धेरथोर प्रभावित छन् (खड्का, २०६२ : ७-८) । यसरी उनले यथार्थको धरातलमा उभिएर विसङ्गति एवम् विकृतिको भन्डाफोर गर्दै साहित्य सिर्जना गरेको पाइन्छ ।

## २.४ अन्य संलग्नता

नारायण ढकालको विविध क्षेत्रमा संलग्नता देखिन्छ । युवा लेखन प्रकाशनार्थ गरिएको बुटपालिस आन्दोलन (२०३१) का अग्रज युवाहरूमध्येका उनी पनि एक हुन् (अधिकारी, २०६२ : ७) । यस आन्दोलनले त्यस बेलाको सरकारी रवैयाप्रति निकै ठूलो व्यङ्ग्य प्रहार गऱ्यो भने साहित्यिक कृति प्रकाशनका निम्ति साहित्यकारहरूको चासोलाई पनि अझ अग्रता प्रदान गऱ्यो । त्यस्तै उनले निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्यका लागि विद्यार्थी आन्दोलनमा समेत २०३०, २०३२ र २०३६ सालमा सहभागी भएर महत्त्वपूर्ण भूमिका खेलेका थिए (अधिकारी, २०६२ : ७) । यस्तै उनी शिक्षक आन्दोलनमा पनि २०३९ पछि २०४२ सालसम्म लागेका देखिन्छन् (पौडेल, २०६७ : १४) । विभिन्न आन्दोलनहरूमा सरिक हुँदै जब यिनी २०३६ देखि २०४३ साल

'प्रगतिशील लेखक सङ्घ'को सदस्य बने त्यसपछि अझ बढी साहित्य रचनातर्फ तल्लीन रहेका हुन् (ढकाल, २०५२ : आवरण पृष्ठ) । यसरी यिनी विविध क्षेत्रमा संलगन हुँदै साहित्य सिर्जनातर्फ क्रियाशील देखिन्छन् ।

## २.५ पेसा तथा आजीविका

पत्रकारिता नारायण ढकालको प्रमुख पेसा हो । वि.सं. २०३५ तिर 'लहर' पत्रिकाको प्रकाशनपछि उनको साहित्यिक पत्रकारिता सुरु भएको देखिन्छ भने त्यही समयदेखि अखबारमा पनि उनको उपस्थिति सुरु भएको देखिन्छ (सुवेदी, २०६६ : १५५) । उनले आजीविकाको रूपमा पत्रकारितालाई मुख्य रूपमा अँगालेको पाइन्छ । विभिन्न समयमा विविध पत्र पत्रिकाहरूको सम्पादन गरि सकेकाले तथा हाल पनि 'अन्नपूर्ण पोष्ट' पत्रिकाको सह-सम्पादकको रूपमा क्रियाशील रहेकाले यिनले पत्रकारितालाई मूल रूपमा अँगालोका छन् भन्ने कुराको पुष्टि हुन्छ ।

## २.६ भ्रमण

नारायण ढकालले कार्यक्षेत्रमा रहँदा स्वदेश तथा विदेशका विभिन्न स्थानहरूको भ्रमण गरेका छन् । यिनले राजनीतिक तथा साहित्यिक अभियानका सिलसिलामा देशका विभिन्न पहाडी तथा तराईका जिल्लाहरूको भ्रमण गरेका छन् (पौडेल, २०६७ : १०) । यसका अतिरिक्त उनले छिमेकी मुलुक चिन र भारतका विभिन्न स्थानहरूमा भ्रमण गरेका छन् । यसका साथै उनले हङकङ र अमेरिकाको पनि भ्रमण गरेका छन् ।

## २.७ सम्मान तथा पुरस्कार

नारायण ढकाल नेपाली साहित्यका बहुआयामिक व्यक्तित्व भएकाले उनले यस क्षेत्रमा सेवा गरे वापत पुरस्कारहरू प्राप्त गरेका छन् । वि.सं. २०५२ मा 'उत्तम शान्ति पुरस्कार' २०५५ मा 'लोकेन्द्र साहित्य पुरस्कार', २०५७ मा 'गुरूप्रसाद' मैनाली कथा पुरस्कार', २०६४ मा 'अग्निशिखा पत्रकारिता पुरस्कार' प्राप्त गरेका छन् (पौडेल, २०६७ : ९) । यस्तै उनले वि.सं. २०६५ मा 'साझा पुरस्कार' प्रेतकल्प (२०६५) उपन्यासका लागि प्राप्त गरेका छन् । उनलाई पाठकहरूले दिएको स्नेहलाई पनि ढकाललाई गरिएको सम्मानका रूपमा हेर्न सकिन्छ (पौडेल, २०६७ : ९) । यसरी उनले विविध पुरस्कार तथा सम्मान प्राप्त गरेको देखिन्छ ।

## २.८ नारायण ढकालका सिर्जना र कार्यका विविध पक्षहरू

नारायण ढकालले साहित्य यात्रा कविताबाट गरे तापनि उनी एक आख्यानकार तथा निबन्धकारका रूपमा चिनिन्छन् । उनले साहित्य यात्राका क्रममा हालसम्म धेरै कलम कथामा चलाए त्यसपछि उपन्यासमा र निबन्धमा चलाए । त्यस्तै उनले विभिन्न पत्र पत्रिकाहरूमा पनि लेख रचनाहरू छपाएका छन् । उनको बहुआयामिक साहित्यिक प्रतिभाको पहिचान कथा, उपन्यास, निबन्ध लगायत अन्य लेख रचनाहरूबाट प्राप्त हुन्छ (अधिकारी, २०६२ : ९) । उनका छ ओटा निबन्ध सङ्ग्रह तथा एउटा लघु नाटक फुटकर रूपमा प्रकाशित भइ सकेका छन् भने उनका विभिन्न कविताहरू सङ्गृहीत रूपमा नभएर फुटकर रूपमा प्रकाशित भएका छन् । यसका अतिरिक्त उनका लेख रचनाहरू पनि विभिन्न पत्र पत्रिकामा प्रकाशित भएका छन् । यसरी अझै पनि विभिन्न विधामा रहेर कलम चलाइ रहेका ढकालले नेपाली साहित्यको विकासमा ठोस योगदान दिइ रहेका छन् । उनका सिर्जना र कार्यका पक्षहरूलाई सङ्क्षिप्त चर्चा तल गरिएको छ ।

### २.७.१ उपन्यासकारका रूपमा

नारायण ढकालको उपन्यास लेखनमा महत्त्वपूर्ण स्थान रहेको छ । हालसम्म उनका तिन ओटा उपन्यासहरू प्रकाशित भइ सकेका छन् । राष्ट्रिय गतिविधिलाई मूल विषय वस्तु बनाउने ढकालले राजनीतिक उपन्यास लेखनमा अभिरुचि राखेको पाइन्छ । तदअनुकूल विषय, क्षेत्र, शिल्प र शैलीलाई आत्मसात् गरेर मौलिकता प्रदर्शन गर्नु उनको निजी शैली हो । राजनीतिक चिन्तनलाई मूल आधार भूमि बनाई त्यसकै सापेक्षतामा सामाजिक-साँस्कृतिक परिदृश्यलाई आफ्नो लेखनमा भित्र्याउनु र सामाजिक विकृतिलाई राजनीतिक पृष्ठभूमिमा उद्घाटन गर्नु उनको औपन्यासिक कला देखिन्छ । उनका प्रकाशित तिन ओटा उपन्यासहरू निम्न लिखित छन् :

१. पीत संवाद (२०५५), विचार प्रकाशन, काठमाडौँ ।

२. दुर्भिक्ष (२०६०), भुँडीपुराण प्रकाशन, काठमाडौँ ।

३. प्रेतकल्प (२०६५), साझा प्रकाशन, ललितपुर ।

उनका उपन्यासमा व्यक्तिगत जीवन भोगाइ, सामाजिक यथार्थता राजनीतिक तथा सामाजिक द्वन्द्व, महिलाहरूमाथिको दमन, शोषण, उत्पीडन जस्ता विविध पक्षहरू देखाइएको छ । पत्रकारिता क्षेत्रमा देखिएको विकृति र विसङ्गतिलाई यथार्थ रूपमा देखाइएको छ । त्यस्तै उपन्यासमा राजनीतिक क्षेत्रको विकृति र विसङ्गति पनि यथार्थ रूपमा चित्रण गरिएको छ (अधिकारी, २०६२ : १०) । यसरी नै उनका उपन्यासमा निम्न मध्यम वर्गको नेपाली समाजको चित्रण, रूढिवादी प्रवृत्तिप्रतिको विरोध तथा वर्गीय सङ्घर्षप्रतिका कुराहरू पनि सशक्त रूपमा प्रस्तुत गरिएको छ ।

### २.७.२ कथाकारका रूपमा

नारायण ढकालको कथा लेखनमा पनि महत्त्वपूर्ण स्थान रहेको छ । उनी जसरी एक सफल उपन्यासकार हुन्, त्यसरी सफल कथाकार पनि हुन् । उनी नेपाली कथामा वि.सं. २०३० पछि मात्रै आए पनि उनका २०२८ सालमा प्रकाशित 'विस्थापन' शीर्षकको कथा फुटकर रूपमा आइ सकेको थियो । वि.सं. २०३० पछि देखा परेको प्रगतिवादी धारामा कलम चलाउनेहरूमध्येकै उनी पनि एक हुन् (अधिकारी, २०६२ : १०) । हाम्रो जेल, हाम्रा शिक्षण संस्था, हाम्रा मनोरञ्जन गृह आदि सबैतिर रहेको विघटन नारायणले टिपेका छन् । सम्पूर्ण क्षेत्र र भविष्यहीनता उनका कथामा आएको छ, जसरी समाजले भोगि रहन्छ (सुवेदी, २०६६ : १५७) । अहिलेसम्म उनका चार ओटा कथा सङ्ग्रह प्रकाशित भइसकेका छन् । त्यस्तै फुटकर कथामा 'विस्थापन' (२०२८), 'मुक्तिको अवशान' (२०५८) र जननी जन्मभूमिश्च (२०६१) प्रकाशित भएका छन् (खड्का, २०६२ : ९) । उनका कथा सङ्ग्रहहरू निम्न लिखित छन् :

१. सहरयन्त्र (२०५०), कथा सङ्ग्रह, साझा प्रकाशन, ललितपुर ।

२. इरफानअली (२०५१), कथा सङ्ग्रह, लहर प्रकाशन, काठमाडौं ।

३. बहिर्गमन (२०६१), कथा सङ्ग्रह, साझा प्रकाशन, ललितपुर ।

४. आत्महन्ता (२०६२), कथा सङ्ग्रह, भृकुटी पब्लिकेशन, काठमाडौं ।

ढकालले आफ्ना कथाहरू ग्रामीण र सहरी परिवेशमा बुनेका छन् । उनका गाउँ र काँठका कथावस्तुका कथघाहरूमा जुन गरिबी, ईर्ष्या, शोषण र स्थानीयताको बास्ना हुन्छ, सहरी कथावस्तुका कथाहरूमा उसरी नै विघटन, मोहभङ्ग, यातना, पीडा, लक्ष्यहीनता र गहन निराशाको छनक पाइन्छ (सुवेदी, २०६६ : १५७) । राजनीतिक आन्दोलनको क्षयोन्मुख आकृति, जीवन मूल्य र बढ्दो असन्तुष्टि तथा चौतर्फी विघटनको हाम्रो वर्तमान विसङ्गति उनले आफ्ना कथामा सजीव रूपमा प्रस्तुत गरेका छन् । उनले कथामा विभिन्न क्षेत्रको यथार्थ चित्रण गर्दै मानवीय जीवनका सौन्दर्य र उज्याला पाटाहरूलाई प्रस्तुत गर्नु उनका कथाहरूको मूल उद्देश्य देखिन्छ ।

नारायण ढकाल बाल कथाकार पनि हुन् । उनले बाल बालिकाहरूका लागि रमाइला खालका बालकथाहरू पनि लेखेका छन् । रोचक शैलीलाई अपनाउँदै लेखिएका कथाहरू सरल भाषाशैलीमा रचिएका छन् । यिनका बाल कथा सङ्ग्रह निम्न लिखित छन् :

१. मुसेकान्छाको करामत (२०५९), बाल कथा सङ्ग्रह, विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

२. गोमाको यार्लिङ (२०५९), बाल कथा सङ्ग्रह, साझा प्रकाशन, ललितपुर ।

यिनका बालकथाहरूमा स्वस्थ मनोरञ्जन तथा असल ज्ञान पाइन्छ । यिनका कथाहरू बाल बालिकाहरूका दैनिक जीवनसँग निकट सम्बन्ध राख्ने खालका छन् । यिनका कथाहरू काल्पनिक नभई व्यावहारिक ज्ञान दिने खालका पाइन्छन् ।

### २.८.३ निबन्धकारका रूपमा

साहित्यकार नारायण ढकालको कथा, उपन्यासपछि अर्को स्थानमा आउन सफल विधा निबन्ध हो । यस विधाका माध्यमबाट उनले आफ्नो अतीतलाई संस्मरणका रूपमा निकै स्तरीय, बौद्धिक एवम् तार्किक रूपमा प्रस्तुत गरेका छन् । निबन्ध संस्मरणात्मक आत्मपरक शैलीको भएका कारण तिनमा राजनीतिक र पत्रकारिताका विषयमा कुरा उठेका छन् (अधिकारी, २०६२ : ११) । उनका निबन्धहरूमा जीवनमा अनुभव गरिएको दुःख सुखले घेरिएका आत्मकथाका संस्मरणहरू तथा यात्राका क्रममा भएका अनुभूतिहरू रहेका छन् (पौडेल, २०६७ : १६) । उनका प्रकाशित दुई निबन्ध सङ्ग्रहहरू निम्न लिखित छन् :

१. तिन संवत्सर (२०५२), आत्म संस्मरणात्मक निबन्ध सङ्ग्रह, साझा प्रकाशन, ललितपुर ।

२. शोकमग्न यात्रीहरू (२०५५), यात्रा संस्मरणात्मक निबन्ध सङ्ग्रह, सिर्जना प्रकाशन प्रा.लि. ।

मानवीय कमजोरी, गुट, फुट, विभाजन, नातावाद, कृपावाद, चाकडी, चाप्लुसी आदि बीचको द्वन्द्वात्मक परिस्थितिको यथार्थ चित्रण ढकालका निबन्धमा पाइन्छ । यसरी उनले मूल रूपमा आफ्ना निबन्धहरू मार्फत मानिसले मुक्तिका लागि पलायन नभई सङ्घर्ष गर्नु पर्ने कुरामा जोड दिएका छन् । उनका हालसम्म प्रकाशित दुई निबन्ध सङ्ग्रह रहेका छन्, जसमध्ये एउटा आत्म संस्मरणात्मक र अर्को यात्रा संस्मरणात्मक रहेको छ । यसका अतिरिक्त उनका प्रशस्तै निबन्धात्मक लेखहरू पत्र पत्रिकामा छापिएका छन् ।

### २.८.४ कविका रूपमा

नारायण ढकालको साहित्यिक यात्राको सुरुआत कविताबाट भएको हो तर यो उनको जेठो विधाभन्दा पनि कान्छो भएर देखिएको छ । सुरुमा उनले कविता विधामा नै लेखन कार्य गर्ने लक्ष्य राखी त्यसमा तल्लीन भए तापनि उनी सशक्त रूपमा उदाउन सकेनन् (अधिकारी, २०६२ : १२) । सुरुमा उनले एक हजारभन्दा बढी कविता लेखेर विभिन्न पत्र पत्रिकामा छपाउन दिएका र ती प्रकाशित नभएकाले गर्दा त्यसलाई छोडेर आख्यानतिर लागेको कुरा उनले बताएका छन् (खड्का, २०६२ : १०) । हालसम्म उनका कविता कुनै कृतिका रूपमा प्रकाशित भएका छैनन् । उनका जम्मा 'दुई कविता' नामक शीर्षकमा 'गरिमा' (वर्ष २२, अङ्क ६, पूर्णाङ्क २५९, २०६१ आषाढ अङ्क)मा 'प्रार्थना' र 'पहेंलो घाममा प्रार्थनाको वियोगान्त' गरी दुई ओटा कविता प्रकाशित भएका छन् (अधिकारी, २०६२:१२) । यसरी उनको कविताको रचना गरी आफूलाई कविको रूपमा उभ्याउन सफल भएका छन् ।

### २.८.५ पत्रकारका रूपमा

नारायण ढकाल एक कुशल पत्रकार पनि हुन् । उनको मुख्य पेसा पत्रकारिता हो । यो पेसा उनको राजनीतिसँग गाँसिएर आएको छ । विशेषतः मार्क्सवादबाट बढी प्रभावित भएर नेपालको कम्युनिस्ट आन्दोलन र कम्युनिस्ट पार्टीसँग बढी सरोकार राखेर आफूलाई एउटा राजनीतिक पत्रकारको रूपमा चिनाउन पुगेका छन् (अधिकारी, २०६२ : १२) । उनले राजनीतिक पार्टीमा लागेर पार्टीको काम सँगसँगै पत्रकारितामा समेत प्रवेश गरेको र वि.सं. २०३६ देखि २०४२ सम्म 'सागर', 'जनपक्ष', 'छलफल' आदि पत्रिकाको नियमित स्तम्भकारका रूपमा यस क्षेत्रमा कलम चलाउन थालेको देखिन्छ । उनले वि.सं. २०४३ देखि 'प्रकाश' साप्ताहिकको संवाददाताका रूपमा काम गर्न थालेको पाइन्छ (खड्का, २०६२ : १०) । पत्रकारितासँगै राजनीति पनि आएकोले उनले नेकपा एमालेको केन्द्रीय प्रचार विभागको सदस्य समेत भएर लामो समयसम्म काम गरे । उनले आफ्ना साहित्यिक कृतिमा पनि पत्रकारिताको क्षेत्रमा देखिएका विकृति र विसङ्गतिलाई उतारेका छन् । यसरी उनले साहित्य लेखनलाई माध्यम बनाउँदै पत्रकारिता पेसा अँगालेका छन् । हाल उनी 'अन्नपूर्ण पोष्ट'को सह-सम्पादकको रूपमा काम गर्दछन् ।

### २.८.६ राजनीतिज्ञका रूपमा

नारायण ढकाल एक साहित्यिक पत्रकारका साथै राजनीतिज्ञ पनि हुन् । यिनले राजनीतिक क्षेत्रमा पनि विशेष योगदान दिएका छन् । राजनीति, पत्रकारिता र साहित्य यी तिनै क्षेत्र नारायणका 'मिसन' हुन् (सुवेदी, २०६६ : १५५) । यिनले बुटपालिस आन्दोलन मार्फत राजनीतिक असन्तुष्टि प्रकट गरेको देखिन्छ । वि.सं. २०३१ असोज १२ गते शनिवारका दिन काठमाडौँको न्युरोड पिपलबोटमा भएको बुटपालिस आन्दोलन पालिस लगाउन मात्र सीमित नभई राजनीतिक असन्तुष्टि समेत थियो (श्रेष्ठ, २०५९ : १५०) । यस आन्दोलनमा सरिक भएका व्यक्तिमध्येका एक उनी पनि भएको कारणले गर्दा यो आन्दोलन परम्पराग्रसित सोचाइका विरुद्ध उठाइएको एउटा चर्को आवाज थियो (अधिकारी, २०६२ : १३) । यसर्थ आन्दोलन केवल विशुद्ध साहित्यिक मात्र नभई तत्कालीन राजनीतिक विद्रोह पनि थियो ।

नारायण ढकालका प्रायः सबै साहित्यिक रचनाहरू सूक्ष्म वा बृहत् जुन रूपबाट भए पनि राजनीतिसँग आवद्ध भएका छन् (अधिकारी, २०६२ : १४) । त्यसैले उनका रचनामा साहित्य र राजनीति एकआपसका पूरक भएर देखा परेका छन् । उनी मार्क्सवादबाट बढी प्रभावित छन् । त्यसैले उनका कृतिका पात्रहरू अन्याय र अत्याचारका विरुद्ध गतिशील देखिन्छन् । यिनको राजनीतिक यात्रा विद्यार्थी जीवनबाटै सुरु भएको देखिन्छ । उनले वि.सं. २०३१ देखि २०३६ सम्म वामपन्थीसँग सम्बन्धित विद्यार्थी सङ्गठनमा क्रियाशील भएर काम गरे । यसबाट नै उनमा

वामपन्थी धारणाको बीज अङ्कुरण भयो । त्यस्तै वामघटकहरूको सङ्घ 'प्रगतिशील लेखक सङ्घ'मा उनले वि.सं. २०३६ देखि २०४३ सम्म केन्द्रीय सदस्यको रूपमा रहेर काम गरे (अधिकारी, २०६२ : १४) । यस्तै उनले वि.सं. २०४३ देखि नै नेकपा (माले) काठमाडौँ जिल्ला कमिटीको सदस्य भएर भूमिगत रूपमा काम गर्दै आएका थिए । वि.सं. २०४६ मा प्रजातन्त्रको पुनर्स्थापना पश्चात् वि.सं. २०४९ मा भएको स्थानीय निर्वाचनमा उनकै गाउँको गा.वि.स. अध्यक्ष पदमा विजयी भएका थिए । त्यसै समयमा उनी काठमाडौँ जिल्लाको जि.वि.स.को उपसभापति पदमा समेत निर्वाचित भएका थिए । वि.सं. २०५३ मा काठमाडौँ जिल्लाको क्षेत्र नं. १ को उप निर्वाचनमा 'नेपाल कम्युनिस्ट पार्टी' (एमाले)को तर्फबाट उम्मेदवार हुँदा अत्यधिक मतले जनताहरूले उनलाई निर्वाचित गराए । उनी प्रतिनिधि सभाको पदमा वि.सं. २०५३ देखि २०५६ सम्म रहे । यसरी उनले यो पदसम्म आउँदा पटक पटक गरी आठ पटक जेल बसेर आएको देखिन्छ (अधिकारी, २०६२ : १५) । यस प्रकार उनले विद्यार्थी सङ्गठनको आन्दोलन, शिक्षक आन्दोलन तथा पार्टीका तर्फबाट गरिएको आन्दोलनमा सरिक हुँदै आफ्नो राजनीतिक छविलाई उच्च राख्न पुगेको देखिन्छ ।

## २.९ निष्कर्ष

साहित्यकार नारायण ढकालको जन्म वि.सं. २०१० जेठ २४ गते काठमाडौँ जिल्लाको मूलपानी गा.वि.स. वडा नं. ५ मा भएको हो । उनले त्रिभुवन विश्व विद्यालयबाट अर्थशास्त्र विषयमा एम.ए.सम्मको अध्ययन पूरा गरेका छन् । विद्यार्थी उमेरदेखि नै साहित्य सिर्जनातर्फ लागेका ढकाललाई आफूभन्दा अग्रज साहित्यकारहरूका रचनाले साहित्य सिर्जनातर्फ आकर्षित गरेको पाइन्छ भने राजनीति र पत्रकारिता पेसा पनि साहित्य सिर्जनाको प्रेरणाको स्रोत मानिन्छ ।

वि.सं. २०२८ मा 'दमना' पत्रिकामा विस्थापन कथा प्रकाशन गराएर साहित्यिक फाँटमा उदाएका ढकालले नेपाली साहित्यको विभिन्न विधामा कलम चलाएका छन् । उनी नेपाली साहित्यको क्षेत्रमा उपन्यासकार, कथाकार, निबन्धकार, बाल कथाकार तथा कविको रूपमा परिचित छन् ।

ढकालको विभिन्न साहित्यिक आन्दोलन तथा राजनीतिक आन्दोलनहरूमा संलग्नता देखिन्छ । विविध क्षेत्रमा सरिक हुँदै नेपाली साहित्यको सेवा गरि रहेका ढकालले पीत संवाद (२०५५), दुर्भिक्ष (२०६०) र प्रेतकल्प (२०६५) जस्ता उत्कृष्ट उपन्यासहरू लेखेका छन् भने शहरयन्त्र (२०५०), इरफान अली (२०५१), बहिर्गमन (२०६१) र आत्महन्ता (२०६२) जस्ता कथा सङ्ग्रह प्रकाशित गराएका छन् । यस्तै उनका तिन संवत्सर (२०५२) र शोकमग्न यात्रीहरू (२०५५) जस्ता निबन्ध सङ्ग्रहहरू प्रकाशित भइसकेका छन् भने मुसेकान्छाको करामत (२०५९) र गोमाको यार्लिङ (२०५९) जस्ता बालकथा सङ्ग्रह पनि प्रकाशित भइ सकेका छन् । उनले गरिमा पत्रिकामा प्रार्थना र 'पहेंलो घाम' शीर्षकका फुटकर कविता प्रकाशित गराएर कविका रूपमा आफूलाई उभ्याउन सफल भएका छन् ।

# परिच्छेद तिन

# आधुनिक नेपाली उपन्यासको विकास क्रम र नारायण ढकालको औपन्यासिक यात्रा

## ३.१ परिच्छेदको परिचय

तेस्रो परिच्छेदमा आधुनिक नेपाली उपन्यासको सङ्क्षिप्त विकास क्रमको चर्चा गर्दै नारायण ढकालको औपन्यासिक यात्राको चरणगत विभाजन प्रस्तुत गरिएको छ । यस्तै उनका औपन्यासिक प्रवृत्तिहरूको चर्चा पनि यस परिच्छेदमा गरिएको छ ।

## ३.२ आधुनिक नेपाली उपन्यासको सङ्क्षिप्त विकास क्रम

नेपाली उपन्यासको आधुनिक काल वि.सं. १९९१ देखि हालसम्मको समयावधिलाई मानेर अध्ययन गरिन्छ । आधुनिक भन्नाले वर्तमान समयलाई बुझाउँछ । आधुनिकताभित्र नवीनता पर्दछ । त्यसकारण वि.सं. १९९१ देखि यताका उपन्यासहरूमा विभिन्न किसिमका नवीनताहरू देखा परेका छन् । जस्तै : भाषामा नवीनता, भावशैली आदिमा परम्परित मूल्य र मान्यताभन्दा पृथक भाषा, शैली, भाव, दृष्टिकोण, संरचना तथा कथ्यमा सचेत नवीनता देखा पर्न थालेपछिको समयलाई आधुनिक काल भनिएको हो । साथै आधुनिक कालका उपन्यासहरूमा नवीन जीवन मूल्यको स्थापना समेत गरिएको हुन्छ ।

नेपाली उपन्यासको आधुनिक कालको आरम्भ गर्ने उपन्यास रुद्रराज पाण्डेको 'रूपमती' (१९९१) हो । यसै उपन्यासबाट आधुनिक कालको प्रारम्भ भएको कुरा विद्वान्हरूले मान्दै आएका छन् । 'रूपमती'मा सर्वप्रथम सामाजिक यथार्थवाद पाइनु नै आधुनिकताको लक्षण थियो (श्रेष्ठ र शर्मा, २०६४ : १०५) । यसरी 'रूपमती'बाट सुरु भई आजसम्म आउँदा उपन्यासको यात्रामा प्रवृत्तिगत दृष्टिले धेरै मोडहरू पार भइ सकेका छन् । उपन्यासको आधुनिक काल आदर्श र स्वच्छन्दताका फाँटबाट आरम्भ भएको हो (सुवेदी, २०६४ : ६२) । आधुनिक कालको थालनीमा देखा परेका नेपाली उपन्यासमा बाह्य यथार्थको चित्रण गर्ने प्रवृत्ति, कथानक प्रधान लेखनको प्रवलता देखिन्छ भने वि.सं. २०१६ देखि मनोविज्ञानको प्रवेश भई सूक्ष्म यथार्थको पनि आरम्भ हुन्छ (बराल र एटम, २०६६ : ८३) । यस प्रभावले वि.सं. २०३५ सम्म निरन्तरता पाए पनि त्यसपछि सामाजिक विकृति र विसङ्गतिको सूक्ष्म आलोचना गर्ने प्रवृत्ति बढ्दै गएको देखिन्छ ।

यिनै प्रवृत्तिलाई आधार मानेर आधुनिक नेपाली उपन्यासको विकास क्रमलाई तिन चरणमा विभाजन गर्न सकिन्छ :

प्रथम चरण (वि.सं.१९९१-२०१५)

द्वितीय चरण (वि.सं. २०१६-२०३५)

तृतीय चरण (वि.सं. २०३६ देखि हालसम्म)

### ३.२.१ प्रथम चरण (वि.सं. १९९१-२०१५)

प्रथम चरणका उपन्यासले सामाजिक यथार्थका विविध रूपको चित्रण गरेको पाइन्छ । यस चरणका उपन्यासमा मूलतः बाह्य यथार्थको वर्णनमै केन्द्रित हुने साझा प्रवृत्ति पाइन्छ (बराल र एटम, २०६६:८३) । यस चरणमा विभिन्न धाराहरू देखा परेका छन् । ती धाराहरूमा आदर्शोन्मुख यथार्थवादी धारा, स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा, ऐतिहासिक यथार्थवादी धारा, अतियथार्थवादी धारा तथा आलोचनात्मक यथार्थवादी धारा प्रमुख रहेका छन् ।

यस चरणमा देखा परेको आदर्शोन्मुख यथार्थवादी धाराको सुरुआत रुद्रराज पाण्डेको वि.सं. १९९१ मा प्रकाशित 'रूपमती' उपन्यासबाट भएको हो । यस धारामा उनकै चम्पाकाजी (१९९३), प्रायश्चित (१९९५) र 'प्रेम' (२००५) देखिन्छन् भने काशीबहादुर श्रेष्ठको 'उषा' (१९९५), टुकराज पद्मराज मिश्रको 'रजबन्धकी' (१९९६) र 'राम कृष्ण कुँवर राणा' (१९९९) जस्ता उपन्यासहरू देखा पर्दछन् । आधुनिक नेपाली उपन्यासमा स्वच्छन्दतावादी धाराको सुरुआत रूपनारायण सिंहको वि.सं. १९९३ मा प्रकाशित 'भ्रमर' उपन्यासबाट भएको हो । यस धारामा रचिएका अन्य उपन्यासहरूमा उनकै 'बिजुली' (अपूर्ण, २००६), मोहन बहादुर मल्लको 'उजेली छाया' (२००८), अच्छा राई 'रसिक'को 'लगन' (२०११), शिवकुमार राईको 'डाक बङ्गला' (२०१३) आदि रहेका छन् । यस्तै नेपाली उपन्यासमा देखा परेको सामाजिक यथार्थवादी धाराको सुरुआत लैनसिंह वाङ्देलको वि.सं. २००४ मा प्रकाशित 'मुलुक बाहिर' उपन्यासबाट भएको मानिन्छ । यस धारामा रचिएका अन्य उपन्यासहरूमा उनकै 'माइतघर' (२००७), 'लङ्गडाको साथी' (२००८), लील बहादुर क्षेत्रीको 'बसाइँ' (२०१४) आदि देखा पर्दछन् । त्यसै गरी ऐतिहासिक यथार्थवादी धाराको सुरुआत डायमन शमशेर राणाको 'वसन्ती' (२००६) बाट भएको मानिन्छ भने अतियथार्थवादी धारालाई लैन सिंह वाङ्देलको 'लङ्गडाको साथी' (२००८) ले भित्र्याएको पाइन्छ । यस्तै आलोचनात्मक यथार्थवादी धाराको प्रवेश हृदय चन्द्र सिंह प्रधानको 'स्वास्नीमान्छे' (२०११) बाट भएको मानिन्छ । यस धारामा रचिएका अन्य उपन्यासहरूमा मुक्तिनाथको 'को अछुत ?' (२०११) तथा खड्ग बहादुर सिंहको 'विद्रोह' (२०११) र 'हुरीको चरा' (२०१३) आदि रहेका छन् ।

### ३.२.२ द्वितीय चरण (वि.सं. २०१६-२०३५)

दोस्रो चरणका उपन्यासहरू स्थूलताबाट सूक्ष्मतातिर लम्किएका पाइन्छन् । यस समयका उपन्यासहरू व्यक्तिमनको आन्तरिक चित्रणमा केन्द्रित रही सूक्ष्म यथार्थको अङ्कन गर्न पनि अग्रसर छन् (बराल र एटम, २०६६ : ८४) । मनोविज्ञानको अत्यधिक प्रयोग यसको केन्द्रीय विशेषता हो भन्ने प्रयोगात्मक प्रवृत्ति पनि यस चरणको पहिचान हो । यस चरणमा विभिन्न धाराहरू देखा परेका छन् । ती धाराहरूमा मनोविश्लेषणवादी धारा, विसङ्गतिवादी धारा, अस्तित्ववादी धारा, प्रयोगवादी धारा, प्रगतिवादी धारा तथा मिथकीय धारा प्रमुख रहेका छन् ।

यस चरणमा देखा परेको मनोविश्लेषणवादी धाराको सुरुआत गोविन्द बहादुर मल्ल 'गोठाले'को 'पल्लो घरको झ्याल' (२०१६) उपन्यासबाट भएको देखिन्छ । यस प्रवृत्तिलाई अँगाली लेखिएका अन्य उपन्यासहरूमा विजय मल्लको 'अनुराधा' (२०१८), विश्वेश्वर प्रसाद कोइरालाको 'तिन घुम्ती' (२०२५) र 'नरेन्द्र दाइ' (२०२६), दौलत विक्रम विष्टको 'चपाइएका अनुहारहरू' (२०३०) आदि रहेका छन् ।

यसैगरी विसङ्गतिवादी धाराको सुरुवात इन्द्रबहादुर राईको 'आज रमिता छ' (२०२१) उपन्यासबाट भएको मानिन्छ भने अस्तित्ववादी धाराको सुरुआत पारिजातको 'शिरीषको फूल' (२०२२) उपन्यासबाट भएको मानिन्छ । यसका साथै विसङ्गतिवादी अस्तित्वादी धाराका अन्य उपन्यासहरूमा पारिजातको 'महत्ताहीन' (२०२५), ध्रुव चन्द्र गौतमको 'अन्त्यपछि' (२०२४), 'बालुवामाथि' (२०२८) र 'डापी' (२०३३), दौलत विक्रम विष्टको 'चपाइएका अनुहारहरू' (२०३०) आदि रहेका छन् ।

यसपछि देखिएको प्रयोगवादी धारालाई आत्मसात गर्दै लेखिएका उपन्यासहरूमा मञ्जुलको 'छेकुडोल्मा' (२०२६), पिटर जे कार्थकको 'प्रत्येक ठाउँ प्रत्येक मान्छे' (२०३४) आदि प्रमुख रहेका छन् । त्यसै गरी डी.पी. अधिकारीको 'आशमाया' (२०२५) उपन्यासबाट देखिएको प्रगतिवादी धारामा पनि विभिन्न उपन्यासहरू रचिएका छन् । यस धारामा अधिकारीकै 'धरती अझै बोल्दैछ' (२०२७), खगेन्द्र सङ्ग्रौलाको 'चेतनाको पहिलो डाक' (२०२७), पारिजातको 'तोरीबारी बाटा र सपनाहरू' (२०३३) आदि रहेका छन् । यसका साथै विश्वेश्वर प्रसाद कोइरालाको 'सुम्निमा' (२०२७) बाट मिथकीय धाराको पनि सुरुआत भएको देखिन्छ ।

### ३.२.३ तृतीय चरण (वि.सं. २०३६ देखि हालसम्म)

आधुनिक नेपाली उपन्यासको उत्तरवर्ती चरणका रूपमा देखिएको यस अवधिमा अधिकांश उपन्यासकारहरू समाजमुखी प्रवृत्ति लिएर देखिएका छन् तथा जीवनमुखी साहित्य सिर्जनामा समाहित भएका छन् । जीवनका समस्याको आलोचनात्मक व्याख्या यस चरणका उपन्यासहरूमा पाइन्छ (बराल र एटम, २०६६ : ८५) । यस चरणमा मूलतः अघिल्ला चरणका धाराहरूको

पुनरावृत्ति भएको पाइन्छ । ती धाराहरूमा आलोचनात्मक यथार्थवादी धारा, मिथकीय धारा, प्रगतिवादी धारा रहेका छन् । यसका साथै डायस्पोरिक चेतनाको प्रयोग पनि पछिल्ला चरणका उपन्यासमा पाइन्छ ।

यस चरणका आलोचनात्मक यथार्थवादी धारामा रचिएका उपन्यासहरू ध्रुव चन्द्र गौतमको 'कट्टेल सरको चोटपटक' (२०३७), 'उपसंहार अर्थात् चौथो अन्त्य' (२०४८), ध.च. गोतामेको 'यहाँदेखि त्यहाँसम्म' (२०४२), भरत जङ्गमको 'कालो सूर्य' (२०३६), दौलत विक्रम विष्टको 'भोक र भित्ताहरू' (२०३८) र 'ज्योति ज्योति महाज्योति' (२०४५), तारानाथ शर्माका 'झझल्को' (२०४५), 'नेपालदेखि अमेरिकासम्म' (२०४९), नारायण ढकालका 'पीत संवाद' (२०५५) र 'प्रेतकल्प' (२०६५) आदि महत्त्वपूर्ण रहेका छन् । यसै गरी आधुनिक नेपाली उपन्यासमा देखिएको मिथकीय धाराले मौलाउने अवसर भने यस चरणमा आएर प्राप्त गरेको देखिन्छ । उक्त धारामा रचिएका उपन्यासहरूमा विश्वेश्वर प्रसाद कोइरालाको 'मोदिआइन' (२०३६), मदनमणि दीक्षितका 'माधवी' (२०३९) र 'त्रिदेवी' (२०५१), राजेश्वर देवकोटाको 'द्वन्द्वको अवसान' (२०४१), इन्दिरा प्रसाइँको 'विश्वामित्र' (२०५५), जगदीश शमशेर राणाको 'सेतो ख्याकको आख्यान' (२०६०), कृष्ण धारावासीको 'राधा' (२०६२) आदि महत्त्वपूर्ण रहेका छन् । यस्तै यस अवधिमा प्रगतिवादी उपन्यास लेखनमा पनि वृद्धि भएको देखिन्छ । प्रगतिवादी धारामा रचिएका उपन्यासहरूमा 'अनिदो पहाडसँगै' (२०३९), मोदनाथ प्रश्रितको 'चोर' (२०४४), ऋषिराज बरालको 'कामरेड हुतराजको राजधानी प्रस्थान' (२०४८) र सगरमाथा (२०६४), 'दुर्भिक्ष' (२०६०) आदि प्रमुख रहेका छन् । यसका अतिरिक्त डायस्पोरिक चेतनाको प्रयोग पनि यस चरणका उपन्यासमा पाइन्छ । विदेशी भूमिमा बसेर नेपालको थातथलो, नेपाली संस्कृति, भाषा, जीवन पद्धति आदिको नोस्टाल्जियामा रचिएका उपन्यासमा डायस्पोरिक चेतना पाइन्छ (बराल र एटम, २०६६ : ८६) । डायस्पोरिक अभिव्यक्ति भएका उत्कृष्ट नेपाली उपन्यासमा होमनाथ सुवेदीका 'घ्यौराली' (२०५१), 'अङ्कुर' (२०५३) र यमपुरीको महल (२०६४), राजवको 'एटलान्टिक स्ट्रिट' (२०६५) आदि पर्दछन् ।

यसरी वि.सं. १९९१ बाट सुरु भएको आधुनिक नेपाली उपन्यासले विभिन्न चरणहरू पार गर्दै अगाडि बढेको देखिन्छ भने विभिन्न प्रवृत्ति तथा धाराहरूलाई आत्मसात गर्न पुगेको देखिन्छ । आजसम्म आइ पुग्दा उपन्यासहरूले नवीन शिल्प पद्धतिलाई अनुसरण गर्न पुगेका देखिन्छन् । जसले गर्दा उपन्यासहरू अझ नौला र आकर्षक बन्न पुगेका छन् । यस क्रममा देखिएका अधिउपन्यास, अउपन्यासहरू नवीन शिल्प पद्धतिका ज्वलन्त उदाहरण हुन् । यसरी आजको उपन्यासले नवनि शैली, चिन्तन तथा विचारलाई अँगाल्दै अगाडि बढेको पाइन्छ ।

## ३.३ नारायण ढकालको औपन्यासिक यात्रा

उपन्यासकार नारायण ढकालको औपन्यासिक यात्रामा विभिन्न मोड तथा उपमोडहरू आएका छन् । ती उनका वैचारिक प्रवृत्तिबाट निर्दिष्ट र निर्मित छन् (पौडेल, २०६७ : १७) । यिनले वि.सं. २०५५ मा प्रकाशित 'पीत संवाद' उपन्यासबाट नै औपचारिक रूपमा औपन्यासिक यात्रा सुरु गरेका हुन् । हालसम्म यिनका तिन ओटा औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । ती हुन् : १. पीत संवाद (२०५५), २. दुर्भिक्ष (२०६०) र ३. प्रेतकल्प (२०६५) । यी कृतिहरूले उनको औपन्यासिक यात्राको विभिन्न चरणहरूको प्रतिनिधित्व गरेका छन् । उनको लगभग एक दशक लामो औपन्यासिक यात्रालाई यहाँ पहिल्याउने प्रयास गरिएको छ ।

नारायण ढकालले वि.सं. २०५५ मा प्रकाशित 'पीत संवाद' नामक उपन्यासबाट आफ्नो औपन्यासिक यात्रा प्रारम्भ गरेका हुन् । उनले पीत संवाद उपन्यासको शीर्षक नै प्रतीकात्मक रूपमा लिएका छन् । यस उपन्यासमा वर्तमान राजनीतिक क्षेत्रमा देखा परेको भ्रष्टाचार, विकृति, विघटन, अवसरवादी तत्त्वहरूको बोलवाला, वामपन्थी राजनीति, पुँजीवादी प्रवृत्ति हावी भएको अवस्था, प्रजातन्त्रको प्राप्तिपछि जनताको चाहनामा परेको तुषारापात, सामाजिक विकृति आदि पक्षको चित्रण गरिएको छ (पौडेल, २०६७ : १८) । वि.सं. २०४६ को प्रजातन्त्रपूर्णको पञ्चायती शासन, प्रजातन्त्र पश्चात्को बहुदलीय शासनमा देखा परेका सामाजिक, राजनीतिक तथा आर्थिक विसङ्गतिका कारणले जताततै अनिकालको स्थिति सिर्जना गरेको छ । त्यही अनिकाल स्वरूप कतै सङ्कट तथा अन्धकार छ त कतै अँध्यारो छ त कतै वास्नादार फूलको नै अन्त्य भएको छ (अधिकारी, २०६२ : ८०) । यसरी जताततै जुनसुकै क्षेत्रमा पनि सङ्कटमय तनाव तथा वातावरणको कारण नेपाली समाजमा दुर्भिक्ष देखा परेको छ भन्ने मूल विचार उक्त उपन्यासमा देखाइएको छ । यस्तै उनको हालसम्मको अन्तिम उपन्यास 'प्रेतकल्प' हो, जुन वि.सं. २०६५ मा प्रकाशित भएको हो । यो उपन्यास झन्डै सय वर्ष अगाडिको चन्द्र शमशेर शासनकालको यथार्थपरक उपन्यास हो । यस उपन्यासमा नेपालमा रहेको सामाजिक, धार्मिक, राजनीतिक नैतिकताहीन कुकर्म गर्नेहरूको विसङ्गतिप्रति व्यङ्ग्यात्मक रूपमा चित्रण गरिनुका साथै धर्म, संस्कृति, परम्परा, रीतिस्थिति र प्रकृति आदिको समेत चित्रण गरिएको छ (पौडेल, २०६७ : ७८) । झन्डै सय वर्ष अगाडिको काठमाडौँको काँठे जीवन बाँच्नेहरूका भाषा; आजीविका, हन्डर, खुसी र मनस्थितिको चित्रण छ उपन्यासमा । यसमा समाजको बनोट, जातीय तथा स्त्री-पुरुष सम्बन्धमा रहेका सामन्तवादी परिभाषाको कठोर पालना गर्नुपर्ने समयको सजीव चित्रण छ (सुवेदी, २०६६ : १०) । यहाँ उनका हालसम्म प्रकाशित भएका तिन ओटा औपन्यासिक कृतिहरूलाई आधार बनाएर उनको औपन्यासिक यात्राको विभाजन गरिएको छ ।

### ३.३.१ पहिलो चरण (वि.सं. २०२८ -२०६१)

उपन्यासकार नारायण ढकालको पहिलो चरण आलोचनात्मक यथार्थवादी चरण हो । यसको समयावधि वि.सं. २०२८ देखि २०६१ सम्म रहेको छ । यो चरण ढकालको लेखन कार्यको सुरुआत समय भएकाले 'सायद म टाउकोले टेकेर हिँडिरहेको छु' नामक कविताबाट सुरु भएको हो (पौडेल, २०६७ : १८) । यस चरणमा प्रकाशित ढकालको पहिलो औपन्यासिक कृति पीत संवाद (२०५५) हो । यस उपन्यासमा तीर्थस्थल नामको काल्पनिक स्थानलाई केन्द्र बनाएर तथा नेपाली पत्रकारिताको कलङ्क बनेर जिउने कपिलनाथ र आदर्श पुरुष नवीनकुमारको माध्यमबाट यथार्थको आलोचना यसमा प्रखर रूपमा गरिएको छ (बराल र एटम, २०६६ : ११५) । यसमा वामपन्थीहरूमा नैतिकताहीन, भ्रष्ट, अवसरवादी, घुसपैठ आदिले गर्दा इमानदार र कुशल व्यक्तिहरू पछि परेका हुनाले जनताको विश्वास हराउँदै गएको र यस किसिमका विकृतिहरूलाई पत्रकारिताका माध्यमबाट समाप्त गर्न खोजिएको छ भन्ने कुरालाई देखाइएको छ (पौडेल, २०६७ : १८) ।

समाजका यथार्थहरूलाई आलोचनात्मक ढङ्गले प्रस्तुत गर्ने प्रवृत्ति अँगाल्दै आफ्नो औपन्यासिक यात्रा सुरु गरेका ढकालले पहिलो चरणमै प्रगतिवादी प्रवृत्ति पनि अँगाल्न पुगेका छन् । यिनको वि.सं. २०६० मा प्रकाशित 'दुर्भिक्ष' उपन्यास यस प्रवृत्तिको ज्वलन्त उदाहरण हो । यस उपन्यासमा वर्गीय द्वन्द्वको चित्रण गर्दै परम्परागत रूढी तथा कुरीतिको भन्डाफोर गरिएको छ । आर्थिक विषमताका कारण उत्पन्न विसङ्गतिको उद्घाटन गरेर यसले शोषक वर्गको भोगवादी तथा आडम्बरी प्रवृत्तिको विरोधमा आवाज बुलन्द गरेको छ । निम्न मध्यम वर्गका पात्र आलोक, विपिन र किस्नचन्द्रेलाई यसमा क्रान्तिकारी, विद्रोही तथा आशावादी पात्रका रूपमा प्रयोग गरिएको छ भने मुख्य पात्रहरू जनविरोधी व्यवस्था हटाउने क्रान्तिमा सक्रियता साथ लागेको जीवनलाई सङ्घर्षबाट खारेर विशिष्ट बनाइएको छ (बराल र एटम, २०६६ : १५५) । यसरी उनका प्रस्तुत दुई उपन्यासबाट उनी आलोचनात्मक यथार्थवादी तथा प्रगतिवादी उपन्यासकारका रूपमा परिचित हुन पुग्दछन् ।

### ३.३.२ दोस्रो चरण (वि.सं. २०६२ देखि हालसम्म)

नारायण ढकालको ऐतिहासिक यथार्थवादी चरण दोस्रो चरणको रूपमा देखा पर्दछ । उनको औपन्यासिक यात्राको दोस्रो चरण अर्थात् अन्तिम चरणको समयावधि वि.सं. २०६२ देखि हालसम्म रहेको छ (पौडेल, २०६७ : १९) । उनको यस चरणको औपन्यासिक कृति वि.सं. २०६५ मा प्रकाशित 'प्रेतकल्प' हो । यिनले यस उपन्यासमा नेपालमा देखिएका सामाजिक, आर्थिक, राजनीतिक विकृति तथा विसङ्गतिलाई यथार्थवादी ढङ्गले प्रस्तुत गरेका छन् । उनको 'प्रेतकल्प' उपन्यासमा आलोचनात्मक प्रवृत्ति पनि पाइन्छ । राणाकालीन ऐतिहासिक सन्दर्भलाई बलियो परिवेशगत आधार बनाएर दुःखपुर निवासी एउटा पण्डितको परम्परा विरोधी दृढतापूर्ण निर्णय र

त्यसले जन्माएको सङ्घातहरूको विस्तृत चित्रण यसमा पाइन्छ । इतिहासमा अनुल्लिखित तर एकतन्त्रीय राणा शासन विरुद्ध स्वतन्त्रता प्राप्तिका लागि जनस्तरबाट भएको प्रयास उपन्यासले देखाएको छ । प्रस्तुत उपन्यासमा नयाँ इतिहासको खोजी भएको छ भने अग्रगामी अस्तित्वका लागि मानव समाजमा भित्रभित्रै चलिरहने द्वन्द्वको अपरिहार्यता यसले प्रमाणित गरेको देखिन्छ ( बराल र एटम, २०६६ : ११५) ।

यसरी नारायण ढकालको औपन्यासिक यात्रा दुई चरणमा विभाजन गरिएको छ । पहिलो चरणमा प्रकाशित उनको पीत संवाद (२०५५) उपन्यासले भ्रष्ट आचरण र त्यसद्वारा निर्मित विकृतिहरूको साम्राज्यलाई ध्वस्त पार्न इमानदार र कुशल मानिसहरूको उल्लेखनीय सङ्ख्या चाहिन्छ भन्ने मूल विचार व्यक्त गरेको छ भने यसै चरणमा प्रकाशित दुर्भिक्ष (२०६०) उपन्यासले शोषक वर्गको अन्याय र अत्याचार विरुद्ध आवाज उठाउन प्रेरित गरेको छ । त्यस्तै उनको दोस्रो चरणमा प्रकाशित प्रेतकल्प (२०६५) उपन्यासले राणाकालीन नेपाली समाजको यथार्थ वर्णन गर्दै समाजमा भएका भ्रष्टाचार र अनैतिकताको प्रतिरोध र समाधानको बाटो खोज्न प्रेरित गरेको छ । यसर्थ उपन्यासकारले आफ्ना कृतिमा आलोचनात्मक ढङ्गले समाजको यथार्थ चित्र प्रस्तुत गर्दै अग्रगामी अस्तित्वका लागि मानव समाजमा द्वन्द्वको अपरिहार्यतालाई स्वीकार गरेर प्रगतिवादी विचार व्यक्त गरेका छन् ।

## ३.४ नारायण ढकालका औपन्यासिक प्रवृत्तिहरू

नारायण ढकालको औपन्यासिक यात्रा वि.सं. २०५५ मा प्रकाशित पीत संवाद उपन्यासबाट सुरु हुन्छ । यिनको यो उपन्यास लेखनको यात्रा वि.सं. २०६५ मा प्रकाशित 'प्रेतकल्प'मा पुगेर अडिएको छ । उनका यी तिन ओटा उपन्यासहरूमा विभिन्न प्रवृत्तिहरू पाइन्छन् । उनले आफूले भोगेका तथा देखेका यथार्थ घटनाक्रमहरूलाई मूल विषय वस्तुका रूपमा प्रस्तुत गरेका छन् । यसका साथै ऐतिहासिक सन्दर्भलाई पनि उपन्यासमा समावेश गरेका छन् । उनका उपन्यासहरूमा समाजमा घटेका घटनाहरूको यथार्थ चित्र पाइन्छ । उनी समाज तथा राष्ट्रमा भएका विकृति तथा विसङ्गतिप्रति व्यङ्ग्य गर्दै त्यसको आलोचनात्मक ढङ्गले विवेचना गर्न खप्पिस देखिन्छन् । उनका उपन्यासहरूमा रूढिवादी प्रवृत्तिको विरोध तथा वर्गद्वन्द्वका कुराहरू सशक्त ढङ्गले आएका छन् । उनका तिन ओटा उपन्यासका सेरोफेरोमा उनका औपन्यासिक प्रवृत्तिहरूको विवेचना तल गरिएको छ ।

### ३.४.१ यथार्थवादी प्रवृत्ति

यथार्थवाद जीवन र जगत्‌को वस्तु पक्ष जस्तो रहेको छ त्यस्तै चित्रण गर्ने सिद्धान्त हो । यसले मानवीय जीवनका सवलता र दुर्बलता तथा आशा-निराशा दुबैको समान र सन्तुलित चित्रण गर्छ । यसले आदर्शवादी कुराहरूको तिरस्कार गरी यथार्थ पक्षको सुहाउँदो प्रस्तुतिमा जोड दिन्छ (शर्मा र लुइटेल, २०६३ : २९८) । यथार्थवाद, आलोचनात्मक यथार्थवाद र सामाजिक यथार्थवाद गरी चार प्रकारमा विभाजन गरिएको पाइन्छ ।

नारायण ढकाल मूलतः आलोचनात्मक यथार्थवादी साहित्यकार हुन् । आलोचनात्मक यथार्थवादमा समाजका अहितकर कार्यहरू, दूषित तत्त्वहरू, अन्धविश्वास, शोषण र सामाजिक कुप्रथाहरू अध्ययन गरेर तिनीहरूको विवेचना, आलोचना गर्ने प्रवृत्ति रहन्छ (प्रधान, २०५२ : १४९) । नेपाली उपन्यास परम्परामा आलोचनात्मक यथार्थवादी प्रवृत्ति वि.सं. २०११ मा प्रकाशित हृदय चन्द्र सिंह प्रधानको 'स्वास्नीमान्छे' उपन्यासबाट देखा परेको हो । यसै परम्परामा रहेर नारायण ढकालका 'पीत संवाद' र 'प्रेतकल्प' उपन्यासले आलोचनात्मक यथार्थवादको प्रतिनिधित्व गरेका छन् । ढकालका यी उपन्यासको विषय वस्तु अध्ययन गर्दा आलोचनात्मक यथार्थवादी धरातलमा उभिएको पाइन्छ । उनका यी उपन्यासमा समाजमा देखा पर्ने कुरीति, कुसंस्कार तथा खराब रहनसहन र समाजलाई अहितकर, दूषित एवम् दुर्गन्धित पार्ने कार्यहरूको कटु आलोचना गरेको पाइन्छ । ढकालले समाजका सबै क्षेत्रमा झ्याङ्गिएर बसेको रूढि र वर्गीय विसङ्गतिका पक्षहरूलाई, शोषण, दमन र उत्पीडनका अवस्थाहरूलाई आफ्ना उपन्यासका माध्यमबाट कटु आलोचना तथा टिप्पणी गरेका छन् । चिन्तन तथा लेखनका दृष्टिले ढकालका उपन्यासहरू आलोचनात्मक यथार्थवादी देखिन्छन् । यो नै उनको मूल प्रवृत्ति देखिन्छ ।

### ३.४.२ प्रगतिवादी प्रवृत्ति

प्रगतिवादमा लेखकले उत्पादन व्यवस्था र सामाजिक सम्बन्धका बारेमा प्राप्त गरेको ज्ञानको प्रयोग गरेर द्वन्द्व र त्यसबाट निस्कने गुणात्मक परिवर्तनलाई साहित्यमा प्रकट गर्दछ । सङ्घर्षका लागि भावनाको प्रवलता होइन भौतिकवादी नियमका आधारमा सङ्गठन र एकताको आवश्यकता पर्दछ भन्ने बुझेर उसले हारलाई शिक्षाका रूपमा लिँदै जितका लागि आश गरेर क्रियाशीलता देखाउँछ (बराल र एटम, २०६६ : १५०) । नेपाली उपन्यास परम्परामा प्रगतिवादी प्रवृत्ति वि.सं. २०२५ मा प्रकाशित डी.पी. अधिकारीको 'आशमाया' उपन्यासबाट देखा परेको हो । यसै परम्परामा रहेर नारायण ढकालको 'दुर्भिक्ष' उपन्यासले प्रगतिवादी प्रवृत्तिको प्रतिनिधित्व गरेको छ । यस उपन्यासमा वर्गीय द्वन्द्व रहेको छ । यसमा पहिलेदेखि चल्दै आएको रूढि तथा कुरीतिको खुलेर विरोध गरेर समाजको परम्परागत मान्यतालाई परिवर्तन गर्नुपर्छ भन्ने विचार व्यक्त भएको छ । यस्तै यस उपन्यासमा शोषक वर्गको आडम्बर तथा भोगवादी प्रवृत्तिको विरोध

गरिएको छ भने निम्न मध्यम वर्गको पात्रहरूलाई क्रान्तिकारी, विद्रोही तथा आशावादी पात्रका रूपमा प्रयोग गरिएकाो छ । यस किसिमका पात्रहरू जाति, लिङ्ग, वर्ण, धर्म आदिमा देखिएको विभेद हटाउने प्रयत्नमा जुटेको कारणले गर्दा यस उपन्यासमा प्रगतिवादी प्रवृत्ति रहेको पुष्टि हुन्छ । यसका अतिरिक्त प्रेतकल्प उपन्यासले आलोचनात्मक यथार्थवादी प्रवृत्तिलाई आत्मसात गरे तापनि त्यसमा वर्गीय भावना उद्‌भव भएकाले उक्त उपन्यासमा प्रगतिवादी चिन्तन प्रकट भएको छ । यस हिसाबमा ढकालको प्रगतिवादी विचार दोस्रो मुख्य प्रवृत्तिको रूपमा देखा पर्दछ ।

### ३.४.३ ऐतिहासिकता

विगतको कालखण्डमा घटेको घटनालाई यथार्थवादी ढङ्गले प्रस्तुत गर्ने प्रवृत्ति ढकालमा देखिन्छ । आफू जन्मेको समयभन्दा धेरै अगाडिको चन्द्र शमशेरको समयको शासन कालको पुनर्निर्माण गरी तिनको जीवनबारे उपन्यासकारले 'प्रेतकल्प'मा प्रकाश पारेका छन् । उनले आफ्नो कल्पनालाई युगसत्य, घटनासत्य र व्यक्तिसत्यको आभास दिँदै यस उपन्यासमा वर्णन गरेका छन् । उनले यस उपन्यासमा नेपालको इतिहासको चन्द्र शमशेर युग, घटना र काल्पनिक पात्र बालकृष्णको चरित्र चित्रणका साथै सोही अनुसारको देशकाल र वातावरणको चर्चा गरेका छन् । यस उपन्यासका घटनामा कल्पना र यथार्थ दुवै आएका छन् । श्री ३ चन्द्र शमशेरको शासन व्यवस्था र त्यस समयमा जनताले भोग्नु परेका दुःख, पीडा, आर्थिक शोषण, मानसिक शोषण, भौतिक विकासका नाममा असभ्यतातर्फ उन्मुख समाज आदिलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ । त्यसकारण ऐतिहासिक घटना, व्यक्ति वा परिवेशलाई यथार्थवादी ढङ्गले प्रस्तुत गर्ने ढकालको ऐतिहासिकता अर्को मुख्य प्रवृत्तिको रूपमा देखा पर्दछ ।

### ३.४.४ सामाजिक विकृतिप्रति व्यङ्ग्य

ढकालले आफ्ना उपन्यासमा समाजमा देखा परेका विसङ्गत र विकृत पक्षहरूमाथि व्यङ्ग्य प्रस्तुत गरेका छन् । व्यङ्ग्यले विसङ्गति र विकृतिप्रति प्रहार गरी मनोविनोद उत्पन्न गराउँछ । समाजमा देखा पर्ने कुरीति, कुसंस्कार तथा विकृतिका कुरालाई कटु र तीक्ष्णताका साथ रूपान्तरण गर्ने र यथार्थ धरातलमा ओराल्ने हुँदा उपन्यासमा व्यङ्ग्यको महत्त्वपूर्ण स्थान रहन्छ । ढकालका तिन ओटा उपन्यासमा विकृति र विसङ्गतिप्रति व्यङ्ग्यको प्रचुर प्रयोग भएको छ । 'पीत संवाद' उपन्यासमा वर्तमान राजनीतिक क्षेत्रमा देखा परेको भ्रष्टाचार, अवसरवादी प्रवृत्ति तथा सामाजिक विकृतिप्रति व्यङ्ग्य गरिएको छ भने 'दुर्भिक्ष' उपन्यासमा वर्गीय द्वन्द्वको चित्रण गर्दै परम्परागत रूढि तथा कुरीतिप्रति व्यङ्ग्य गरिएको छ । यसका साथै वि.सं. २०४६ मा आएको पुँजीवादी प्रजातन्त्रका शासकले सहिदको अवमूल्यन गरेको यथार्थ प्रकट गरी तिखो व्यङ्ग्य प्रहार गरिएको छ । यस्तै 'प्रेतकल्प' उपन्यासमा गरिबहरूको शोषण, षड्यन्त्र, खुट्टा

तानातान, थिचोमिचो, अनैतिकता जस्ता कुराले समाज परिवर्तन गर्नमा बाधा पुगेको कुराप्रति व्यङ्ग्य सशक्त छ । यस्तै समाजमा बसेका निम्न मध्यम वर्गका मानिसहरूले कसरी राणा शासकहरूका अन्याय र अत्याचार सहनु परेको थियो भन्ने कुरालाई मार्मिक ढङ्गमा तीक्ष्ण व्यङ्ग्य प्रस्तुत गरिएको छ । यसरी ढकालले आफ्ना उपन्यासमा समाजमा देखे भोगेका विकृत विषयवस्तुप्रति व्यङ्ग्य प्रस्तुत गर्नु उनको अर्को औपन्यासिक प्रवृत्ति रहेको देखिन्छ ।

### ३.४.५ वैयक्तिक अनुभूतिको अभिव्यक्ति

नारायण ढकाल गाउँ र सहरको मिश्रित परिवेशमा हुर्केका साहित्यकार हुन् । त्यसकारण उनका रचनामा यी दुवै परिवेशको चित्रण गरिएको हुन्छ । आफूले देखे भोगेका घटनाक्रमहरूलाई आफ्ना रचनामा उतार्न उनी सिपालु छन् । मूलतः उनका उपन्यासमा ग्रामीण तथा सहरी समाजमा भएका कुरीति, अन्ध विश्वास, रूढिवादी प्रवृत्ति जस्ता कुराहरूको तिखो व्यङ्ग्य गरिएको पाइन्छ भने स्थानीय रीतिरिवाज तथा व्यवहारको छाया पाइन्छ । विशेषतः उनका उपन्यासमा गरिबी, शोषण, यातना, जालझेल, अनिकाल, सहरमा पाइने उच्छृङ्खलता तथा अमानवीयता जस्ता कुराहरूको वस्तुगत अभिव्यक्ति पाइन्छ । नेपाली राजनीतिक क्षेत्र विश्व पुँजीवादी भ्रष्ट र अवसरवादी स्वरूप, पत्रकारिताको क्षेत्र, सामाजिक क्षेत्रलाई उनले आफ्ना उपन्यासको मूल विषय वस्तु बनाएका छन् । यसरी आफूले देखे जानेको तथा अनुभव गरेको परिवेशमा वैयक्तिक अभिव्यक्ति प्रकट गर्नु उनको अर्को औपन्यासिक प्रवृत्ति देखिन्छ ।

### ३.४.६ सहिदप्रति सम्मानको भाव

सहिदप्रति सम्मान व्यक्त गर्नु नारायण ढकालको अर्को प्रवृत्ति हो । उनका उपन्यासमा राजनीतिक विषय वस्तु पनि सामेल भएको पाइन्छ । प्रजातन्त्र प्राप्तिका लागि भएका आन्दोलनहरू, जनताको मुक्तिका लागि भएका राजनीतिक आन्दोलनहरूमा उनी प्रत्यक्ष संलग्न भएकाले त्यस किसिमका आन्दोलनहरूमा आफ्नो ज्यानको बलिदान दिने सहिदहरूप्रतिको सहानुभूति उनले उपन्यासमा प्रकट गरेका छन् । यस कुराको उदाहरणीय कृति 'दुर्भिक्ष' उपन्यास हो, जसमा वि.सं. २०४६ मा प्रजातन्त्रका लागि जीवनको आहुती दिएर सहिद भएका व्यक्तिहरूको अवमूल्यन भएको तितो यथार्थको वर्णन छ । राष्ट्रियता र प्रजातन्त्रको पक्षधर आलोक यस उपन्यासको मूल पात्र हा । ऊ जन विरोधी व्यवस्था हटाउन लागि परेको क्रान्तिकारी व्यक्ति हो । वास्तवमा क्रान्तिकारी व्यक्तिहरू राष्ट्रमा कायम भएको अन्याय, अत्याचार तथा खराब शासन पद्धतिलाई हटाएर समाज तथा राष्ट्रमा नयाँ परिवर्तन ल्याउन चाहन्छन्; सबैलाई आ-आफ्नो हक र अधिकार दिलाउन चाहन्छन् । यस किसिमको व्यक्ति अन्ततः सहिद बन्न पुग्छ तर दुर्भाग्य

सहिद भइ सकेको उक्त व्यक्तिको तस्विर सम्मानजनक स्थानमा रहनु पर्नेमा खोलाको किनारमा पाइन्छ । यस किसिमको घटनाक्रम बुनेर उपन्यासकारले राष्ट्रमा नयाँ व्यवस्था ल्याउन मद्दत पुऱ्याउने सहिदहरूप्रति सम्मान गर्नु पर्ने तथा उनीहरूको योगदानको कदर गर्नु पर्ने विचार प्रस्तुत गर्न खोजेका छन् । यस प्रकार उनको अर्को प्रवृत्ति सहिदप्रति सम्मान व्यक्त गर्नु रहेको छ ।

### ३.४.७ पात्र चयन र प्रयोगमा सहजता

नारायण ढकालका उपन्यासका पात्रहरू काल्पनिक नभई सामान्य जन जीवनबाट लिइएका हुन्छन् । हाम्रो सामाजिक परिवेशमा पाइने विभिन्न खालका पात्रहरूको चयन गर्दछन् । उनका तिन ओटै उपन्यासमा सामान्य जन जीवनबाट लिइएका पात्रहरू छन् । उनका उपन्यासका पात्रहरू धनी-गरिब, शिक्षित-अशिक्षित, सज्जन-गुन्डा, अवसरवादी, भ्रष्ट, नैतिकताहीन आदि विविध स्वभावका छन् । उनले पीत संवाद उपन्यासमा नवीन कुमार जस्तो आदर्श पात्रको प्रयोग गरेका छन् भने कपिलनाथ जस्तो भ्रष्ट पात्रलाई पनि उभ्याएका छन् । हरि जस्तो स्वावलम्बी, आलोक जस्तो क्रान्तिकारी अनि बोधराज जस्तो स्वार्थी तथा कामुक पात्रको प्रयोग 'दुर्भिक्ष' उपन्यासमा भएको छ भने कुरीति, कुसंस्कार, कुसंस्कृतिको तथा कुशासनको विरोध गर्ने बालकृष्ण जस्तो क्रान्तिकारी तथा विद्रोही पात्र अनि जनताहरूमाथि थिचोमिचो गर्ने श्री ३ चन्द्र शमशेर जस्ता पात्रहरूको प्रयोग गरेका छन् । यो उनको अर्को औपन्यासिक प्रवृत्ति देखिएको छ ।

### ३.४.८ भाषिक स्पष्टता

नारायण ढकाल सरल र सहज भाषा प्रयोग गर्ने साहित्यकार हुन् । उनी आफ्ना उपन्यासमा छरिता, सुबोध्य र सटीक भाषाको प्रयोग गर्दछन् । प्रभावकारी अभिव्यक्तिका लागि उनले प्रयोग गरेका शब्द चयन, वाक्य विन्यास, प्रस्तुतीकरण विधि र अर्थपूर्ण भाव व्यञ्जना आकर्षक छन् । उनी पात्र र परिस्थिति सुहाउँदो कथोप कथनको प्रयोग गरेर सोझै भावभूमि तयार गर्दछन् (पौडेल, २०६७ : २३) । उनले तिन ओटै उपन्यासमा पात्रको परिवेश सुहाउँदो पात्रानुकूल भाषा प्रयोग गरेका छन् । उनका उपन्यासमा संस्कृत तत्सम शब्दहरू र तद्भव शब्दहरूको प्रयोगका साथसाथै नेपाली ग्रामीण भेकमा बोलिने स्थानीय भाषाहरूको प्रयोग पाइन्छ । यसका अतिरिक्त हिन्दी तथा अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग पनि स्तरीय रूपमा गरेका छन् । नेपालीमा प्रचलित उखान र टुक्काको सुहाउँदिलो प्रयोग उनका उपन्यासमा पाइन्छ भने नेपाली झर्रा शब्दहरूको समुचित प्रयोग पनि पाइन्छ । यस किसिमको भाषिक स्पष्टता उनको अर्को औपन्यासिक प्रवृत्तिको रूपमा देखा पर्दछ ।

## ३.५ निष्कर्ष

आधुनिक नेपाली उपन्यास परम्पराको तृतीय चरणमा उदाएका उपन्यासकार नारायण ढकालको औपन्यासिक यात्रा वि.सं. २०५५ देखि आरम्भ भएर निरन्तर अगाडि बढेको देखिन्छ । यस अवधिमा उनका औपन्यासिक विशेषता तथा प्रवृत्तिहरू केलाउँदा सुरुमा ढकालमा आलोचनात्मक यथार्थवादी प्रवृत्ति देखा पर्दछ । यसका अतिरिक्त उनका उपन्यासमा प्रगतिवादी प्रवृत्ति पनि देखा परेको छ । यद्यपि आलोचनात्मक यथार्थवादी प्रवृत्ति उनको उपन्यासमा प्रमुख रूपमा देखा परेको छ । ढकालले समाजका असङ्गत र विसङ्गत कुराहरूलाई आफ्ना उपन्यासका माध्यमबाट प्रस्तुत गरेका छन् । उनले उपन्यासमा सहज किसिमका पात्रहरूको समायोजन गर्दै सरल तथा सुबोध्य भाषाशैलीको प्रयोग गरेका छन् । त्यसरी नै समाजका कुसंस्कार र कुप्रवृत्तिहरूमाथि व्यङ्ग्य प्रहार गर्दै बिम्ब र प्रतीकहरूको प्रयोग गर्नु उनको औपन्यासिक कला देखिन्छ । ढकालले उपन्यासमा विभिन्न प्रवृत्तिहरूलाई समावेश गरेर उपन्यास लेखन प्रस्तुत गरे पनि उनको उपन्यास लेखनको प्रमुख प्रवृत्ति आलोचनात्मक यथार्थवादी हुनुका साथै समाजपरकता तथा प्रगतिवादी देखा पर्दछ ।

# परिच्छेद चार

# समाज शास्त्रीय दृष्टिकोणबाट 'प्रेतकल्प' उपन्यासको विश्लेषण

## ४.१ परिच्छेदको परिचय

चौथो परिच्छेदमा साहित्यको समाज शास्त्रीय अर्थलाई स्पष्ट पार्दै यसका सिद्धान्तहरूको चर्चा परिचर्चा गरिएको छ । यस परिच्छेदमा साहित्यको समाज शास्त्रीय अध्ययनका आधारमा 'प्रेतकल्प' उपन्यासको विश्लेषण गरिएको छ । कृति विश्लेषणका क्रममा प्रजातिको प्रयोग, क्षण तथा वातावरण, सामाजिक संस्कृति, सामाजिक, आर्थिक अवस्था, अनुभूतिको संरचना, भाषा प्रयोग जस्ता परिसूचकहरूलाई आधार बनाइएको छ ।

## ४.२ साहित्यको समाज शास्त्रीय अर्थ

समाज शास्त्रका जन्मदाता अगस्त कोम्त मानिन्छन् । यिनले ल्याटिन शब्द 'सोसाइटस' र ग्रिक शब्द 'लोगोस' को अन्वय गरी 'सोसियोलोजी' शब्दको जन्म दिएका हुन् । ल्याटिन शब्द 'सोसाइटस' को अर्थ 'समाज' र ग्रिक शब्द 'लोगोस' को अर्थ 'विज्ञान' भन्ने हुन्छ । 'सोसियोलोजी' को नेपाली रूपान्तरण समाज शास्त्र हो । यसरी समाजको वैज्ञानिक अध्ययनलाई समाज शास्त्र भनिन्छ । समाज शास्त्र मानवीय सामाजिक क्रियाकलापसँग सम्बन्धित रहेकाले यसको सामाजिक संरचनाका विभिन्न शाखाहरूसँग घनिष्ठ सम्बन्ध रहेको हुन्छ । समाजका विभिन्न संरचनाहरू पारिवारिक, आर्थिक, राजनीतिक, सांस्कृतिक तथा भौतिक विषयहरू परस्पर सम्बन्धित रहेका हुन्छन् । यिनै संरचनाहरूको अन्तरसम्बन्धबाट समाज निर्मित हुन्छ । मानिसको समाजसितको साहचर्य, समाज विकासमा मानिसको सम्बन्धले सिर्जना गरेका परिणति एवम् त्यसबाट विकास भएको समाज विकास प्रक्रियाका सम्पूर्ण शाखाहरूको समन्वय गरी त्यसको अध्ययन अनुसन्धान समाज शास्त्रले गर्दछ भने समाज शास्त्रका यिनै विषयहरूको अन्वयद्वारा गरिने वैज्ञानिक अध्ययन पद्धति साहित्यको समाज शास्त्र हो (क्षेत्री, २०६४ : १५) ।

साहित्यको समाज शास्त्रले साहित्यका विविध तत्त्वहरूको वैज्ञानिक अध्ययन गर्दछ । यसले लेखकको सामाजिक स्थितिलाई हेर्नुका साथै उनको प्रजाति, लेखनको क्षण र पर्यावरणको प्रभाव कृतिभित्र परीक्षण गर्दछ र ती तत्त्वको सामाजिक सह-सम्बन्ध खोज्दछ । यसमा कृतिले समेटेका रीतिरिवाज, धर्म, संस्कृति, अर्थ व्यवस्था आदिको तुलनात्मक विवेचना गर्ने रीति अन्तर्गत कृति र समाजको तुलना गरिन्छ । समाज र कृतिको अन्तरसम्बन्धको खोजी गर्दा वैज्ञानिक प्रविधि लागू गर्ने विधिशास्त्र भएकाले यो शास्त्र साहित्यको मूल्याङ्कन गर्ने उचित मापदण्ड हो । तसर्थ यसले

लेखकका युग र उनले भोगेका सामाजिक, आर्थिक, राजनीतिक पर्यावरणलाई मध्यनजरमा राखी कृतिभित्रका समाजको वैज्ञानिक तरिकाले परीक्षण गर्दछ (दाहाल, २०५८ : १७) । कलाकृति र कलाकारका आपसी सम्बन्धको व्याख्या विवेचनाका साथै सम्बन्धको स्वरूप निरूपण गर्ने शास्त्र नै साहित्य वा कलाको समाज शास्त्र हो । साहित्य वा कलाको समाज शास्त्रको सोझो अर्थ कला साहित्यभित्र पसेर त्यसका तत्त्वको विश्लेषण र मूल्याङ्कन गर्ने शास्त्र हो, जसले कलाकृतिमा समाहित धर्म, राजनीति, संस्कृति, आशा, अभिलाषाका साथै लेखकको रुचिको खोजी र कलाकारको प्रतिभाको स्वरूप निरूपण गर्दछ (दाहाल, २०५८ : २४) । यसरी समाजका विविध पक्षहरूको वैज्ञानिक अध्ययन, विश्लेषण र मूल्याङ्कन गर्ने विधि नै साहित्यको समाज शास्त्र हो ।

## ४.३ साहित्यको समाज शास्त्रीय सिद्धान्तको चिन्तन परम्परा

साहित्यको समाज शास्त्रीय अध्ययनका सन्दर्भमा विभिन्न सिद्धान्तहरू देखा परेका छन् । यस क्रममा साहित्यलाई समाजको दर्पणको रूपमा व्याख्या गर्दै हिप्पोलिट एडल्फ तेनले प्रत्यक्षवादी-विधेयवादी सिद्धान्तको स्थापना गरेको देखिन्छ । यस सिद्धान्तले सामाजिक परिवेशले व्यक्तिको व्यक्तित्व निर्माण गर्छ भन्ने मान्यता राखेको छ । कृतिभित्र कृतिकार व्यक्तित्व र कृतिकार व्यक्तित्वभित्र उसको सामाजिक परिवेश विद्यमान हुन्छ भन्ने कुरालाई यस सिद्धान्तले प्रतिपादन गरेको छ । यसपछि रोबर्ट स्कर्पिटले साहित्यलाई त्रिभुजाकारमा कृति, पाठक र लेखक गरी वर्गीकरण गरेर विश्लेषण गर्नु पर्ने मान्यता राख्दै अनुभववादी सिद्धान्तको स्थापना गरेको पाइन्छ । यस सिद्धान्तले लेखकको प्रतिभाभन्दा पनि कृतिको बजार र पाठकको प्रतिक्रिया एवम् अनुभूति खोजी गर्ने कुरामा जोड दिएको छ (क्षेत्री, २०६४ : १६) । यसपछि साहित्यको समाज शास्त्रीय अध्ययन परम्परामा मीमांसावादी सिद्धान्त अन्तर्गत मार्क्सवाद, आलोचनात्मक समाज शास्त्र र संरचनावादका विभिन्न दृष्टिकोणहरू पर्दछन् । यस सिद्धान्तको प्रतिनिधित्व लियो लावेन्थल, लुसियो गोल्डमान, रेमन्ड विलियम्स, एलन सिड्ग उड आदिले गरेका छन् । यस सिद्धान्तले साहित्यको भूमिकालाई मानिसको इच्छा, आकाङ्क्षा, विचार, इतिहास, संस्कृति, मनोविज्ञान, भाषा आदिको सापेक्षतामा विश्लेषण गर्ने कुरामा जोड दिएको छ । यसरी साहित्यको समाज शास्त्रीय समालोचनाको अध्ययन परम्पराको प्रारम्भ र विकास पाश्चात्य समालोचकहरूबाट भएको देखिन्छ (क्षेत्री, २०६४ : १६) ।

समाज र साहित्यको सम्बन्धबारे व्यवस्थित र सैद्धान्तिक रूपको अध्ययन फ्रान्सका विचारक हिप्पोलिट एडल्फ तेनबाटै प्रारम्भ भएको हो भन्ने विचार रोबर्ट स्कार्पिटले व्यक्त गरेका छन् (क्षेत्री, २०६४ : १७) । तेनको 'अङ्ग्रेजी साहित्यको इतिहास' (१९०६) नामक ग्रन्थबाट साहित्यको समाज शास्त्रीय अध्ययनको प्रारम्भ भएको हो । यिनले साहित्यलाई समाजका बारेमा

थाहा पाउने मूल स्रोत मानेका छन् । यिनको युगलाई प्रत्यक्षवादी युग भन्ने गरिन्छ । यस समयमा समाजलाई साहित्य सिर्जना गर्ने शक्तिका रूपमा र साहित्यलाई समाजको दर्पणका रूपमा हेरिन्थ्यो । दर्पणले जसरी वस्तु यथार्थको प्रतिबिम्बन गर्दछ, त्यसरी नै साहित्यले समाजको मानव जीवन र वातावरणको प्रतिबिम्बन गर्दछ भन्ने मान्यता लेविनको रहेको छ (क्षेत्री, २०६४ : १७) ।

कृति र समाजको तुलनात्मक विवेचना विधेयवादले अवलम्बन गर्दछ । यस सिद्धान्तमा कार्य कारण सम्बन्धको खोज अनुसन्धान एवम् विश्लेषण गर्ने गरिन्छ । हिन्दी साहित्यका लेखक, चिन्तक एवम् समालोचक मैनेजर पाण्डेयका विचारमा तेनले प्रजातिका सन्दर्भमा जातजातिका प्रतिभा, स्वभाव, विशेषता एवम् शारीरिक संरचनाको प्रसङ्ग उठाउँदै लेखकमा उनका वंशको वंशानुगत लक्षण हुने कुरा बताएका छन् । तेनको विधेयवादी चिन्तनमा हरेक साहित्यिक कृतिभित्र क्षणबारे परीक्षण गर्ने पद्धति पाइन्छ । उनी कृतिभित्रका तथ्य बटुल्ने र ती तथ्यको उत्पत्तिको कारण खोज्ने गर्दछन् । कलाले जन्मनका निम्ति कुनै क्षणमा एउटा मानसिक अवस्था प्राप्त गर्छ; त्यही अवस्थाको सिर्जनाको हेतु पत्ता लगाउन उनी प्रजाति, क्षण र पर्यावरण जस्ता आधारको अवलम्बन गर्दछन् (दाहाल, २०५८ : ३१) । उनले कृतिमा असर गर्ने तत्त्व पर्यावरणलाई अर्को प्रभावकारी स्रोत ठानेका छन् । उनको धारणा अनुसार मान्छे एक्लो नहुने हुँदा मानिस र प्रकृतिद्वारा चारैतिरबाट ऊ घेरिएको हुन्छ । त्यसैले वातावरणको प्रभाव ती पात्रमा पनि पर्दछ, जो सामाजिक हुन्छन् । मानिसका लागि सामाजिक पर्यावरणको महत्त्व निकै सार्थक हुन्छ । वरपरको मानसिकता वा वरपर बस्ने मानिसका विचारबाट सामाजिक पर्यावरण बन्दछ (दाहाल, २०५८ : ३२) । यसरी तेनले प्रजाति, क्षण र वातावरणको अध्ययनबाट साहित्यको समाज शास्त्रीय अध्ययन हुने कुरालाई स्वीकारेको देखिन्छ । तर साहित्यमा व्यक्त भएको पात्रलाई पाठकले पूर्ण रूपमा चिन्न नसक्ने हुँदा समाजका विभिन्न मानिसहरूको आंशिक रूप कुनै पनि कृतिको पात्र हुने र आंशिक वर्णनमा समाजको पूर्णता प्राप्त नहुने भएकाले साहित्यको समाज शास्त्रीय अध्ययन प्रत्यक्षवादी धारणाले मात्र पूरा नहुने देखिन्छ भन्ने फ्रान्सेली चिन्तक पिएरे मासेरीको मत रहेको छ (क्षेत्री, २०६४ : १८) ।

साहित्यको समाज शास्त्रीय अध्ययन परम्परामा प्रत्यक्षवादी विधेयवादीपछि अनुभववादी समालोचना देखा पर्दछ । यस  समालोचनाको प्रतिनिधित्व फ्रान्सेली विद्वान् रोबर्ट स्कार्पिटले गरेका छन् । स्कार्पिटका अनुसार यस सिद्धान्तले साहित्यको समाज शास्त्रीय अध्ययनका निम्ति साहित्यिक कृतिका लेखक, प्रकाशक र पाठकलाई अध्ययनको आधार मान्दछ (क्षेत्री, २०६४ : १८) । वितरण र प्रकाशन (उत्पादन) मा केन्द्रित साहित्यको समाज शास्त्रीय चिन्तन नै अनुभववाद हो । यसको मूल लक्ष्य साहित्यिक कृतिको प्रकाशन, वितरण र पाठक प्रतिक्रिया एवम् लेखक पेसाको अध्ययन गर्नु हो (दाहाल, २०५८ : ३५) । अनुभववादी सिद्धान्तमा कृतिको अन्तरतत्वको उपेक्षा

हुन्छ । यो सिद्धान्त कृतिका रचनापूर्वको र पछिको अवस्थामा केन्द्रित हुने हुँदा रचनाको निजी स्वरूपको विवेचना यसबाट हुन सक्ने देखिँदैन ।

अनुभववादी सिद्धान्तपछि साहित्यको समाज शास्त्रीय अध्ययन परम्परामा मीमांसावादी सिद्धान्तको युग प्रारम्भ भएको पाइन्छ । सर्वप्रथम लियो लावेन्थलले साहित्यको समाज शास्त्रीय अध्ययनका निम्ति मीमांसवादी धारणालाई अघि बढाए । यसले कृतिमा समाविष्ट संस्कृति, रीतिरिवाज, सामाजिक आस्था एवम् जन जीवनका आर्थिक स्रोतको विश्लेषण गर्दा तटस्थ रहने नीतिको अवलम्बन गर्दछ (क्षेत्री, २०६४ : १९) । लावेन्थलले साहित्यको समाज शास्त्रीय अध्ययनका क्रममा लेखकको सामाजिक अवस्था, मनोविज्ञान, लेखक बाँचेको समाजको इतिहास र समूहबारे अध्ययन गर्नु पर्दछ भन्ने मान्यता राखेका छन् । उनका मान्यतामा लोक साहित्यबाट कृतिको सामाजिक अर्थ तथा अभिप्रायको विश्लेषण सम्भव छ । उनले लोकप्रिय संस्कृतिमा रहेका तथ्यहरूलाई व्यापक सामाजिक प्रक्रियामा जोड्ने प्रयास गरेका छन् । उनका विचारमा बजारमा रहेका सस्ता लोक साहित्यमा विभिन्न वर्गको संस्कृति लुकेर बसेको हुन्छ, जसमा दलित वा पीडित तथा शोषित समुदायको भिन्न प्रकारको संस्कृति अभिव्यक्त भएको हुन्छ (क्षेत्री, २०६४ : १९) ।

लावेन्थलले कृति विश्लेषणका आधारहरूमध्ये व्यक्तिगत एवम् सामूहिक चेतना जस्ता स्थापित मान्यतालाई मुख्य रूपमा ग्रहण गरेका छन् । उनी मनोविज्ञानको सहारा लिएर व्यक्तिगत अचेतनका आधारबाट कृतिका पात्रको मनोदशामा पाइने विशेषताको विश्लेषण गर्दछन् (दाहाल, २०५८ : ४०) । उनले कृतिको विश्लेषण गर्दा मार्क्स र फ्रायडका धारणालाई समिश्रण गरेका छन् । उनले मार्क्सबाट प्रेरणा लिएर कृतिको विश्लेषण गर्दा सामाजिक चेतनाको रूप विवेचना गरी कृतिमा समाविष्ट सामाजिक चेतना एवम् वर्गदृष्टिको खोजी गरेका छन् । साँचो आलोचना भनेको विचार धाराको मीमांसा भएकाले उनले सैद्धान्तिक विचारलाई व्यावहारिक रूप दिन खोजेका देखिन्छन् (दाहाल, २०५८ : ४२) । तर उनको धारणा दलित, मध्यम वर्गीय र बजारिया साहित्यमा समानता देख्ने भ्रममा आधारित छ भनेर विद्वान्हरूले आलोचना गरेका छन् । यति मात्र नभएर उनले आर्थिक र सामाजिकस्तरको प्रगति र उत्थानको निम्ति मार्ग निर्देशन गर्न नसकेको देखिन्छ भन्ने विद्वान्हरूको भनाइ छ (क्षेत्री, २०६४ : १९) ।

लावेन्थलपछि लुसियन गोल्डमानले मीमांसावादी उत्पत्तिमूलक संरचनावादी सिद्धान्तको प्रतिपादन गरेका छन् । उनले मार्क्सवादी द्वन्द्वात्मकता एवम् वर्गीय दृष्टिकोण, युङ्गको सामूहिक अवचेतन र साहित्यको संरचना प्रक्रियालाई जोडेर उत्पत्तिमूलक संरचनावादको विकास गरेका छन् । लेखकको विचार र समाजको विचारबाट औसत विचारको विकास हुने धारणा राख्दै उनले त्यसलाई विश्वदृष्टिको रूपमा परिभाषित गरेका छन् भन्ने एलन सिङ्गउडको विचार रहेको छ ( क्षेत्री, २०६४ : १९-२०) । वर्ग वा समूहको विचारलाई भावनासँग एकाकार गराएर व्यक्त गर्ने क्रममा लेखकको कृति निजी नभएर वर्ग वा समूहको सहभागिताको उपज बन्दछ । एक वर्ग वा समूहको पूर्णतया सम्भावित चेतनाले विश्वदृष्टिको निर्माण हुन्छ । गोल्डमानको विचारमा यो मूर्त

नभई वैचारिक रूपमा मात्र प्रकट हुन्छ । वास्तवमा यो विचार काल्पनिक होइन किनभने यसको आधार वास्तविक जन जीवन नै हो । त्यसैले यसलाई व्यक्ति सन्दर्भमा होइन वर्ग सन्दर्भमा बुझ्नु पर्दछ (दाहाल, २०५८ : ४६) । उनको विश्वदृष्टिको धारणा शिल्प पक्षलाई राम्ररी समेट्न नसकेकाले आलोचित बन्न पुगेको देखिन्छ । यस धारणाले लेखकको प्रतिभा उपेक्षित हुन्छ भन्ने विद्वान्हरूको भनाइ छ ।

गोल्डमानपछि रेमन्ड विलियम्सले साहित्यको समाज शास्त्रीय अध्ययनमा अनुभूतिको संरचनाको भूमिकामाथि चर्चा गरेका छन् । लेखकले कृतिमा प्रस्तुत गरेको समाज एवम् पाठकले गर्ने त्यस समाजको यथार्थ अनुभवमा दृष्टिको विचारान्तर हुन्छ, जसको विचार विमर्श अनुभूतिको संरचनामा हुन्छ (दाहाल, २०५८ : ५०) । यस चिन्तनका आधारमा कृतिको विश्लेषण गर्न समाज र कलाको परस्पर सम्बन्धको खोजी गर्दा अनुभव सहायक हुन्छ । लेखकले आफ्नो समाजको चित्रण गर्दा क्षमताले भ्याएसम्म गर्ने गर्दछन् भने पाठकले अनुशीलन गर्दा आफूले भ्याएसम्म अनुभूत गर्दछन् (दाहाल, २०५८ : ५२) ।

विश्वदृष्टि र अनुभूतिको संरचनालाई समेट्ने समाज शास्त्रीय चिन्तन प्रणाली समय अनुकूल हुन्छ । विलियम्सले साहित्यमा लेखकका प्रतिभाको खोजी गरे झैँ गोल्डमानले समाजलाई मूल प्राथमिकता दिएर निर्माण गरेका दुई विचारलाई समेट्दा शिल्प र भाव दुवै पक्ष विश्लेषणमा समेटिन्छन् । आख्यान आदिका विश्लेषणमा कृतिको भित्री वस्तु र बाहिरी रूप पक्ष उपेक्षित हुनु हुँदैन । साहित्यको सौन्दर्यमूल्यलाई समाजका परिप्रेक्ष्यमा अन्वित गर्दै विश्लेषण र मूल्याङ्कन गर्ने सिद्धान्त निर्माणका लागि दुवै विचारकका विचारहरू अन्वित गर्न सकिन्छ (दाहाल, २०५८ : ५४) ।

साहित्यको समाज शास्त्रीय अध्ययन परम्परामा क्रिस्टोफर कड्वेलले भाषा र आर्थिक अवस्थालाई महत्त्व दिएका छन् । उनले 'कल्पना र यथार्थ' (१९५६) नामक पुस्तकमा साहित्यको समाज शास्त्रीय धारणाबारे चर्चा गरेका छन् । उनका मतमा भाषा समाजको उत्पादन भएकाले साहित्यको प्रयुक्त भाषाका सहयोगमा साहित्यको समाज शास्त्रीय अध्ययन सम्भव छ । उनले साहित्यको समाज शास्त्रीय अध्ययनमा भाषा जस्तै सामाजिक-आर्थिक अवस्थाको महत्त्व रहेको कुरा बताएका छन् । यिनका मतमा समाजमा जस्तो आर्थिक अवस्था छ, त्यस्तै प्रकारको साहित्य त्यस समाजबाट सिर्जना भएको हुन्छ (क्षेत्री, २०६४ : २०-२१) ।

यसरी साहित्यको समाज शास्त्र समाज र लेखकका प्रतिभाको कदर गरी कृतिको विश्लेषण गर्ने समालोचना पद्धति हो । साहित्यको समाज शास्त्र निश्चय नै कृति समालोचनाको सिद्धान्तका साथै विश्लेषण गर्ने तरिका हो, जसको कुनै स्थायी सिद्धान्त हुँदैन । यसको कारण के हो भने परिस्थिति अनुसार बदलिने समाज र सोही समाजका मान्यता अनुसार बदलिने कलाकृतिको स्वरूप पनि स्थायी हुँदैन (दाहाल, २०५८ : २६) । साहित्यको समाज शास्त्रीय अध्ययन गर्ने विद्वान्हरूले साहित्यको अध्ययनका आधारहरूका रूपमा प्रजाति, क्षण तथा वातावरण, सामाजिक संस्कृति, आर्थिक अवस्था, अनुभूतिको संरचना, विश्वदृष्टि र भाषालाई महत्त्व दिएका छन् ।

## ४.४ साहित्यको समाज शास्त्रीय अध्ययनका आधारमा 'प्रेतकल्प' उपन्यासको विश्लेषण

उपन्यास मानव समाजसँग सम्बन्धित गद्य साहित्यिक विधा हो । यसमा समाजको प्रस्तुतीकरण हुन्छ र यो समाजकै बारेमा लेखिन्छ । यसमा व्यक्ति र समाजको सङ्घर्ष पनि प्रस्तुत गर्न सकिन्छ भने व्यक्ति र समाजका बिचको सुमधुर सम्बन्धलाई पनि देखाउन सकिन्छ । संसारमा समाज र व्यक्तिबिच जे जस्ता सम्बन्धहरू घटित हुन्छन् ती सबै अथवा तिनैमध्ये केही प्रस्तुत गरिने भएकाले उपन्यासलाई समाजको ऐना पनि भनिन्छ (बराल र एटम, २०६६ : ११) ।

समाज र समाजका सामाजिक, आर्थिक, राजनीतिक, मानसिक, आध्यात्मिक, दार्शनिक, ऐतिहासिक, धार्मिक, वैज्ञानिक आदि विषय र विचार उपन्यासका विषय हुन सक्दछन् (क्षेत्री, २०६४ : १०९) । उपन्यासले जीवन मार्फत अतीतलाई वर्तमानमा ल्याउँछ र अतीतलाई भविष्यमा पनि धकेल्छ (सुवेदी, २०६४ : १५) । यसर्थ समयानुकूल विषय वस्तुलाई समेट्ने उपन्यास साहित्यको गतिशील विधा हो । राल्फ फक्सका अनुसार मानवीय सभ्यताको कलापक्ष उद्घाटन गर्न सफल हुन सक्ने साहित्यिक विधा भनेको उपन्यास विधा नै हो (सुवेदी, २०६४ : १६) । उपन्यास विधामा मानवीय एवम् प्राणीको मूल्यका लागि समाजका रूढि विरुद्ध सङ्घर्षरत मुख्य पात्र र उनको सङ्घर्षमा पाइने सत्यतालाई समाज शास्त्रले विश्लेषणको विषय बनाउँछ । यसका लागि प्रस्तुत कर्ताको सीपलाई पनि आधार बनाएर यसले औपन्यासिक कृतिको सिलसिलावद्ध समग्र अध्ययन गर्दछ । भाषाशिल्प पनि विषय विश्लेषणमा सहायक हुने भएकाले वस्तु र रूप दुवै पक्षको उचित मूल्याङ्कन यस शास्त्रले गर्दछ (दाहाल, २०५८ : ५५) ।

नारायण ढकालको 'प्रेतकल्प' उपन्यासमा सय वर्ष अगाडिको काठमाडौँको काँठे जीवन बाँच्नेहरूका भाषा, आजीविका, हन्डर, खुसी र मनस्थितिको चित्रण गरिएको छ । यस उपन्यासमा सामन्तवादी समाजका सर्वहारा वर्गले भोग्नु परेका पीडा र छटपटीहरू तथा उनीहरूले पालना गर्नु पर्ने नियमहरूको सजीव चित्रण समयानुकूल ढङ्गले प्रस्तुत गरिएको छ । यस उपन्यासमा आलोचनात्मक यथार्थवादी प्रवृत्ति पाइन्छ । राणाकालीन ऐतिहासिक सन्दर्भलाई बलियो परिवेशगत आधार बनाएर दुःखपुर निवासी एउटा पण्डितको परम्परा विरोधी दृढतापूर्ण निर्णय र त्यसले जन्माएका सङ्घातहरूको विस्तृत चित्रण यसमा पाइन्छ । इतिहासमा अनुल्लिखित तर एकतन्त्रीय राणा शासन विरुद्ध स्वतन्त्रता प्राप्तिका लागि जनस्तरबाट भएको प्रयास उपन्यासले देखाएको छ (बराल र एटम, २०६६ : ११५) । यस उपन्यासमा नेपालमा सामाजिक, राजनीतिक परिवर्तन हुँदै आए पनि राणा शासन र वर्तमान शासनमा निम्न वर्गले भोगेका भुक्तमान, दुःखपीडामा कुनै परिवर्तन नभएको जीवन शैली र सामाजिक व्यवस्थामा कुनै परिवर्तन नआएको यथार्थलाई काल्पनिक दुःखपुरलाई अगाडि ल्याएर चित्रण गरिएको छ (ज्ञवाली, २०६७ : १०६) । यस उपन्यासमा सामाजिक परिवर्तन चाहने, लैङ्गिक, जातीय, आर्थिक, सामाजिक, सांस्कृतिक समानता चाहने र नचाहने बीचको अन्तर्द्वन्द्व प्रस्तुत गरिएको छ (ज्ञवाली, २०६७ : ८७) । यसमा काठमाडौँका नेपालीहरूको सामाजिक-आर्थिक उत्थान सम्बन्धी

विषय वस्तुदेखि लिएर उनीहरूको समाज तथा राजनीतिक जीवनको प्रस्तुति पाइन्छ । यस हिसाबमा यो कृति समाज शास्त्रीय अध्ययनतर्फ उन्मुख रहेको देखिन्छ ।

ढकालले 'प्रेतकल्प' उपन्यासमा काठमाडौँका विभिन्न नेपाली प्रजातिहरूलाई पात्रका रूपमा चयन गरेर साहित्यको समाज शास्त्रीय विषय वस्तुको समायोजन गरेको देखिन्छ । प्रस्तुत उपन्यास राणाकालीन घटनाक्रमसित सम्बन्धित रहेकाले यस उपन्यासमा तात्कालिक क्षण तथा समयको प्रस्तुति पाइन्छ । उपन्यासमा एकतन्त्रीय राणा शासनको वातावरण प्रस्तुत भएकाले साहित्यको समाज शास्त्रीय अध्ययनको विषयको निम्ति प्रस्तुत उपन्यासमा महत्त्वपूर्ण रहेको छ । यस उपन्यासमा काठमाडौँ सहरभित्रका स्थानहरूको नाम उल्लेख गरिएको छ । प्रस्तुत उपन्यासमा काठमाडौँको नेपाली संस्कृतिलाई देखाइएको छ भने करिब सय वर्ष अगाडिको राणाकालीन शासन पद्धतिको इतिहास समेटिएको छ । काठमाडौँ सहर तथा काल्पनिक दुःखपुरका उच्च, निम्न र निम्न मध्यम वर्गीय मानिसहरूको आर्थिक अवस्थाको चित्रण यस उपन्यासमा भएको छ । उपन्यासकारको स्रष्टा व्यक्तित्वमा द्रष्टा र भोक्ता व्यक्तित्वको प्रत्यक्ष एवम् परोक्ष प्रभावबाट प्राप्त अनुभवलाई यस उपन्यासमा अभिव्यक्त गरिएको छ । यस उपन्यासमा ढकालको जीवन दृष्टिको विकास भएको देखिन्छ । ढकालले यस उपन्यासमा काठमाडौँको नेपाली समाजमा चलन चल्तीमा रहेको नेपाली भाषाको प्रयोग गरेका छन् । यसरी प्रजाति, क्षण तथा वातावरण एवम् संस्कृति, आर्थिक अवस्था, अनुभूतिको संरचना तथा स्थानीय भाषाको संयोजनबाट प्रस्तुत उपन्यास संरचित छ । यसर्थ यस अध्यायमा साहित्यको समाज शास्त्रीय अध्ययनका आधारहरूबाट प्रस्तुत उपन्यास 'प्रेतकल्प'को अध्ययन गरिएको छ ।

### ४.४.१ प्रजातिको प्रयोग

तेनका विचारमा साहित्यकारले आफ्नो सिर्जनाको सामग्री आफ्नो समाजको प्रजातिबाट लिएको हुन्छ । त्यसकारण साहित्यको समाज शास्त्रीय अध्ययनकर्ताले साहित्यमा व्यक्त भएको प्रजातिका विषयमा अध्ययन गर्नु पर्छ । उनका विचारमा सम्पूर्ण साहित्य चिन्तनको लक्ष्य समाजको मानव जाति तथा प्रजातिबारे जान्नु हो । कृतिको सर्जक र कृतिमा व्यक्त भएको मानवका बारेमा जान्नका निम्ति साहित्यको अध्ययन आवश्यक हुन्छ । कुनै पनि साहित्यिक कृति आकाशबाट अवतरित भएको हुँदैन । प्रत्येक पुस्तक कुनै समयका प्रजातिहरूको छाया तथा खोल जस्तो हुन्छ । जसरी प्राणीको अवशेष र खोलबाट प्राचीन प्राणीको अध्ययन गर्न सकिन्छ, त्यसरी नै कृतिको अध्ययनबाट मानव प्रजातिको अध्ययन गर्न सकिन्छ । प्राचीन अवशेष र पुस्तक दुवै निर्जीव वस्तु हुन् तर यिनीहरूको अध्ययनबाट कुनै समयका जीवित मानव अस्तित्वको अध्ययन हुन सक्छ (क्षेत्री, २०६४ : २३) । तेनका विचारमा कृतिको मूल्य निर्धारणमा पनि स्रष्टाको जातीय पृष्ठभूमि अहम् विषय बनेको हुन्छ तर उसको चेतना निर्माण वा व्यवहार भने प्रमुख आधार हो (

कोइराला र भट्टराई, २०६७ : ९९) । यसरी तेनले प्रजातिलाई साहित्यको समाज शास्त्रीय अध्ययनका निम्ति एउटा मुख्य आधार मानेका छन् ।

नारायण ढकालले केन्द्रीय पुरुष पात्र बालकृष्णको पुर्ख्यौली स्थान नेपालको काठमाडौँ उपत्यकाको पूर्वी भेकमा पर्ने स्थान, जसको काल्पनिक नाम दुःखपुर रहेको कुरा प्रेतकल्प उपन्यासमा निम्न अनुसार उल्लेख गरेका छन् :

> *"आचार्यले सन्ध्या वन्दना गऱ्यो र सायङ्कालीन आरती गऱ्यो । घण्टा बजायो । खाना खाए पछि बाबुछोरा बिच एकछिन काशी, संस्कृतको अध्ययन, भारतीय जागरण आन्दोलन र यात्राका अरु वृत्तान्तबारे कुराकानी भयो । आचार्य रामकृष्णाको घर सहित सिङ्गो दुःखपुर गाउँ मुसलधारे वर्षा र गाढा अँध्यारोमा पुरियो । भोलिपल्ट बिहान सबभन्दा पहिले मन्नोदरी व्यूँझिई । परिवारका अरु सदस्यहरू अझै सुति रहेका थिए । सबभन्दा गहिरो निन्द्रामा डुबेको थियो - पण्डित बालकृष्ण । आचार्य रामकृष्ण चाहिँ व्यूँझेर पनि ओछ्यान छोडि रहेको थिएन" (ढकाल, २०६५ : १६) ।*

उपन्यासको पात्र बालकृष्ण काशीमा अध्ययन गरी फर्किएर आफ्नो घर आएको तथा बुबा आचार्य रामकृष्ण बिच कुराकानी भएको प्रसङ्ग उल्लेख भएको छ । बालकृष्ण घर आएपछि दुःखपुर गाउँमा पानी परेको प्रसङ्गबाट उसको पुर्ख्यौली स्थानको सङ्केत गरिएको छ । बालकृष्ण संस्कृतको अध्ययनको लागि काशी गएको र पण्डित भएर आएको तथा उसको बुबा आचार्य रामकृष्णले सन्ध्या वन्दना गरेको, आरती गरेको र घण्ट बजाएको प्रसङ्गबाट ऊ नेपाली ब्राह्मण जातिको पात्र हो भन्ने सङ्केत ढकालले गरेका छन् । काशीबाट फर्किंदा उसले श्रीखण्डको चन्दनको लेप लगाएको, सेतो भोटो र धोती लगाएको प्रसङ्गबाट पनि ऊ ब्राह्मण जातिको हो भन्ने सङ्केत मिल्छ । अधिकांश ब्राह्मणहरू हिन्दूधर्म मान्दछन् ।

हिन्दू संस्कारमा धार्मिक कार्यमा लगाइने पण्डित ब्राह्मण जातिको लिइन्छ । बालकृष्ण पनि प्रखर पुराण वाचक पण्डित हो । "मलाई विभिन्न ठाउँबाट एकाह, सप्ताह, नवाह, रुद्री, अतिरुद्री, लक्ष्यहोम, कोटीहोम आदिमा प्रमुख पण्डितका रूपमा आमन्त्रण आउन थालेका थिए । त्यसका निम्ति मेरो वाचन कलाका साथै मैले अघि सारेका सुधारवादी विचारहरू पनि कारक थिए भन्ने मेरो अनुमान थियो" (ढकाल, २०६५ : १०४) । राणाकालमा पनि देशमा परिवर्तन चाहने, पुरातनपन्थी विचार हटाउनु पर्छ, बाल विवाह रोक्नु पर्छ र विधवा विवाहलाई समर्थन गर्नु पर्छ भन्ने जस्ता समाज सुधारक तथा क्रान्तिकारी विचार अँगाल्ने पात्र बालकृष्ण हो । उसमा यस किसिमका विचारहरू आउनुको पछाडि 'सत्यार्थ प्रकाश' नामक पुस्तकको भूमिका बढी थियो । ऊ पुरातनवादी विचार अँगाल्ने आफ्नो बुबा आचार्य रामकृष्णका कुराहरू मान्दैन; आफू उदाहरणीय रूपमा प्रस्तुत भएर समाजमा परिवर्तन ल्याउन चाहन्छ । बालकृष्णले दलित जातको अश्विनी ( हनुमाने सार्की)लाई घरमा पाली हिन्दू संस्कार अनुसार ब्रतबन्ध गरि दिएर समाज परिवर्तनको

सुरुवात गरेको छ । "म उसलाई वेद, उपनिषद् र पुराणका प्रगतिशील तत्त्वको नजिक लैजान चाहन्छु । म उसको आवाजहीनतालाई हस्तक्षेप गर्न चाहन्छु । मेरो इच्छा छ उसले आफूभित्रको उज्यालो चिनोस्" (ढकाल, २०६५ : ८५) । उसको यस कार्यबाट प्रगतिशील विचार बोकेको क्रान्तिकारी व्यक्तित्व देखा पर्दछ । समाजमा कायम भएको जातीय छुवाछुतको विषयमा उसका विचारहरू अग्रगामी छन् । "जन्मले कोही पनि बाहुन र सार्की हुँदैन । ब्रह्म ज्ञान जसले जान्दछ, त्यै बाहुन हुन्छ" (ढकाल, २०६५ : ८५) । उपन्यासकार ढकालले यस उपन्यासको एक मात्र केन्द्रीय पात्र तथा समाजको सुधारका लागि सक्रिय रहने नेपाली ब्राह्मण जातिको लिएका छन् ।

उपन्यासको सहायक पुरुष पात्र श्री ३ चन्द्र शमशेर नेपाली जातिमाथि शासन गर्ने पात्र हुन् । सिंहदरबारमा राजकीय सम्मानका साथ बस्ने उनी सम्पूर्ण देश (नेपाल) आफ्नो नियम कानुनमा चल्नु पर्छ भन्ने मान्यता राख्दछन् (पौडेल, २०६७ : ६७) । उनी जनताप्रति उत्तरदायी नभई आफ्नो शासन कसरी टिकाउने भन्ने कुराप्रति मात्र सचेत शासक हुन् ।

> *"अङ्ग्रेजलाई रिझाएपछि आफ्नो सत्ताको आयु लम्ब्याउन सकिन्छ भन्ने कुरामा कोइलीभन्दा बाठा महाराज चन्द्र स्पष्ट थिए । जङ्ग बहादुर राणादेखि नै स्थापित भइसकेको सत्य हो- अङ्ग्रेजसँग जति प्रगाढ सम्बन्ध कायम गर्न सक्यो सत्ता चलाउन उति बढी फाइदा हुन्छ । यो शासकीय सिद्धान्त त्यस बखतको नेपाली राजनीतिको मुख्य मन्त्र थियो" (ढकाल, २०६५ : १६९) ।*

चन्द्रशमशेरको सत्ता केन्द्री राजनीतिले दुःखपुरका जनताहरूले दुःख पाइ रहेका थिए । यति मात्र नभई उनको तानाशाही तथा निरङ्कुश प्रवृत्तिका कारण त्यस ठाउँका जनता पीडित थिए । यसरी नेपालमा प्रजातन्त्रको उदय हुनुपूर्व कायम रहेको एकतन्त्रीय राणा शासनमा जनताहरू शासकको निर्दयी व्यवहार सहन विवश थिए भन्ने कुरा चन्द्र शमशेरको शासन पद्धतिबाट स्पष्ट हुन्छ । उनी नेपाली राणा जातिका पात्र हुन् । उनी जङ्ग बहादुर राणाले बसालेको वंशमा आधारित उत्तराधिकार परम्परालाई पछ्याउँदै श्री ३ महाराज भएका हुन् । उनी सदैव आफ्नो शासन सत्तालाई कायम राख्न क्षमतावान् व्यक्तिलाई आफ्नो नियन्त्रणमा लिन चाहने चरित्र हुन् । "दरबारमा काम गर्छौ पण्डित ? मलाई तिमी जस्तै एउटा क्षमतावान् सल्लाहकारको आवश्यकता छ" (ढकाल, २०६५ : ६४) । बुद्धि र विद्याको खानी भएको बालकृष्णलाई दरबारमा आफ्नो सल्लाहकार बनाउन खोज्नुले शक्तिशाली व्यक्तिलाई आफ्नो कब्जामा लिएर शासन टिकाउने प्रवृत्ति उनमा रहेको पाइन्छ । सुधार आफ्नै पिँजडाभित्र नियन्त्रित भएर होस् भन्ने श्री ३ चन्द्र सामान्य चेतना भएका जनतामा आफू प्रगतिशील छु भनी देखाउन योजनाबद्ध तरिकाले जुट्ने पात्र हुन् (पौडेल, २०६७ : ६८) ।

उपन्यासको अर्को सहायक पुरुष पात्र आचार्य रामकृष्ण हो । ऊ बालकृष्णको बुबा हो । ऊ टोपी, कस्मिराको कालो इस्टकोट तथा दौरा सुरुवाल लगाउँछ । उसको पोसाकले नेपाली प्रजातिको पात्रको रूपमा चिनाएको छ । "रामकृष्णले काशीबाटै ज्योतिष शास्त्रमा आचार्य गरेको

थियो" (ढकाल, २०६५ : ३०) । यसबाट ऊ दुःखपुर गाउँको पढेलेखेको शिक्षित वर्गमा पर्ने पात्रको रूपमा चिनिन्छ । ऊ गाउँको ज्योतिषी हो । "आचार्यले सन्ध्या बन्दना गऱ्यो र साङ्कालीन आरती गऱ्यो । घण्ट बजायो । खाना खाएपछि बाबु छोरा बिच एकछिन काशी, संस्कृतको अध्ययन, भारतीय जागरण आन्दोलन र यात्राका अरु वृत्तान्तबारे कुराकानी भयो" (ढकाल, २०६५ :१६) । आचार्य रामकृष्णले ज्योतिष शास्त्रको अध्ययन गरेको तथा पूजाआजा गरेको कार्यबाट ऊ नेपाली ब्राह्मण जातिको पात्र हो भन्ने सङ्केत ढकालले गरेका छन् । ऊ पुरेत नभए पनि कर्मकाण्डका बारेमा सबै प्रक्रियाहरू थाहा भएको पात्र हो । ऊ बालकृष्णले अश्विनीलाई व्रतबन्ध गरिदिँदा यज्ञमा सामेल भई सहयोगी भूमिका खेल्ने पात्र हो । "व्रतबन्धका सबै अङ्ग पुगेपछि बाले नै मन्त्रदान गरे । म अत्यन्त आनन्दित भएँ । अश्विनीले जनै लगायो । अन्त्यमा स्वस्ति वाचन गरेर समारोहको समापन भयो" (ढकाल, २०६५ : १५८) । यसरी रामकृष्ण सुरुमा पुरातनवादी मूल्य मान्यता, संस्कारलाई अँगाल्नु पर्छ भन्ने विचार राख्ने तर पछि बालकृष्णको समाज सुधारक विचार तथा कार्यहरूमा सामेल हुने पात्रका रूपमा देखा परेको छ । उसले छोराका अग्रगामी विचार धारालाई अँगाल्नाले श्री ३ चन्द्र शमशेरबाट पाएका विभिन्न दुःखकष्ट र अन्ततः सपरिवार देश छोडेर काशी प्रस्थान गर्नु पर्ने सजाय पाएको छ । यस्तो अवस्थामा ऊ कत्ति पनि विचलित नभई सजायलाई सहज ढङ्गले स्वीकार गर्ने निम्न वर्गको प्रतिनिधि पात्रको रूपमा देखा पर्दछ ।

जिम्वाल विष्णुभक्त उपन्यासको अर्को सहायक पुरुष पात्र हो । उपन्यासमा उसको भूमिका मालपोत उठाउने र सहरका जमिनदारहरूको कुत उठाउन मद्दत गर्ने देखिन्छ । "राज्यले तोके जति मालपोत बुझाउनु उसको ठेक्का थियो" (ढकाल, २०६५ : ४३) । ऊ गाउँको समाचार राजा समक्ष पुऱ्याउने, राजाको सम्मान गर्नु पर्छ भन्ने तथा राजाले भने अनुसार गर्नु पर्छ भन्ने मान्यता बोकेको पात्र हो । उसमा चाकडीलाई नै महत्त्वपूर्ण जीवन दर्शन ठान्ने प्रवृत्ति पाइन्छ ।

> *"रामभक्तका पिताजी विष्णुभक्त चाकडीमा प्रायजसो सिंहदबार पुग्थे । चाकडी गर्नु र गराउनु राणा शासनको राज्य सञ्चालनको मुख्यविधि थियो । विष्णुभक्तले यो जीवन चर्यालाई नियमित र व्यवस्थित तुल्याउँदा सिंहदरबार र दुःखपुर बिचको सम्बन्धको एउटा ढाँचा तयार भएको थियो । चन्द्रको चाकडी गरेकै कारण विष्णुभक्त दुःखपुरमा शक्ति शाली थिए" (ढकाल, २०६५ : ५६-५७) ।*

विष्णुभक्त स्थानीय निकायमा आफ्नो नियन्त्रण निरन्तर रहने हुनाले बालकृष्ण सत्ताको अङ्ग बनोस् भन्ने चाहन्छ तर उसको चाहना बालकृष्णको फरक विचारले पुरा हुन सक्तैन र ऊ खिन्न देखिन्छ । उसले राणा दरबारमा चाकडीको एकाधिकार पाएको कारण अरू मान्छे राणाजीको दरबारमा पुगेको देख्न चाहँदैन । छोरो रामभक्तले चाकडी गरी सुब्बा भएपछि उसले श्रीमद् भागवत धान्याञ्चल महापुराण लगाएको छ । उसमा परम्परा, धर्म संस्कृतिलाई सदैव आत्मसात गर्ने स्वभाव देखिन्छ । जीवनको अन्तिम कालखण्डमा ऊ श्री ३ चन्द्र शमशेरको राज्य

संयन्त्रमा योग्य हुन सकेको छैन । यसरी आफ्नो सोच पूरा नभएको कारण तथा जिम्वाल पद खोसिएको कारण ऊ पीडित बन्न पुगेको छ र यही पीडाले उसको दुःखद अन्त्य भएको छ । "सधैँ झैँ विष्णुभक्त बिहानै ब्रह्म मुहूर्तमा उठ्यो । नित्यको शुद्धीकरणपछि तामाको पञ्चपात्रोमा जल लिएर शिवालयभित्र पस्यो । शिव लिङ्गमा जल अर्पण गऱ्यो । नमन गऱ्यो । त्यसपछि बाहिर निस्कना साथ मन्दिर अगाडि डङ्रङ्ग पछ्रारियो" (ढकाल, २०६५ : २१५) । ब्रह्म मुहूर्तमा उठ्नु, तामाको पञ्च पात्रोमा जल लिनु, शिव लिङ्गमा जल अर्पण गर्नु जस्ता कार्यहरूले नेपाली ब्राह्मण जातिले गर्ने संस्कारको झल्को दिन्छ । यसरी यी सम्पूर्ण कार्यहरूबाट ऊ नेपाली ब्राह्मण जातिको हो भन्ने सङ्केत ढकालले गरेका छन् ।

रामभक्त उपन्यासको अर्को सहायक पुरुष पात्र हो । ऊ जिम्वाल विष्णुभक्तको छोरो तथा पण्डित बालकृष्णको साथी हो । दुःखपुरमा बालकृष्णको आगमनपछि र उसले ल्याएको किताबको अध्ययन गरेपछि उसमा केही परिवर्तनहरू आउँदा ऊ राणाहरूको शोषणलाई नसहने र नयाँ परिवर्तनको चाहना राख्ने प्रवृत्ति अँगाल्न पुग्छ अनि बालकृष्णको समाज सुधारको अभियानमा सहयोगी बन्न पुग्छ । ऊ पाठशाला खोलेर जन चेतना फैलाउने बालकृष्णको अभियानमा श्री ३ चन्द्रले रोक लगाएपछि उपयुक्त सल्लाह दिने पात्र हो ।

> *"सत्सङ्गहेरु चलाउँदै जाने, पुरान भन्ने र त्यो आफ्नो विचार राख्ने । लगातार यस्तो काम गरियो भने मानिसमा चेतना बढ्दै जाला । तेसपछि समाज पनि सुधिँदै जाला । म त यो बाएक अर्को विकल्प देख्दिनँ" (ढकाल, २०६५ : ४७) ।*

रामभक्त आफ्नो मित्रको उज्ज्वल भविष्यको लागि बुबा विष्णुभक्तले भने बमोजिम बालकृष्णलाई चाकडीमा लगाउन सक्रिय देखिन्छ । यसबाट ऊ आफ्नो अडान छाड्ने कमजोर मानसिकता बोकेको पात्र देखिएको छ । राणाको चाकडी गरी तेह्रथुमको मालअड्डामा सुब्बा पद सम्हाल्न पुगेको रामभक्त बुबाको देहवसानपछि घर फर्किन्छ । हिन्दू संस्कार अनुरूप उसले पिताको अन्त्येष्टि गरेको छ ।

> *"सुब्बा रामभक्तले पिताजीको अन्त्येष्टि र एक वर्षसम्मको कर्ममा प्रचलित सबै विधि विधान सविस्तार सम्पन्न गरायो । आशौचकालमा के गर्ने र के के नगर्ने, सपिण्डीकरण श्राद्ध, पिण्डमिलनको प्रक्रिया, शय्यादान, परदान तथा गयाश्राद्धको महिमा र कार्यान्वयन लम्बरी पुरेत चन्द्र प्रसादले भने झैँ गरायो" (ढकाल, २०६५ : २१६) ।*

यसरी हिन्दू संस्कार अनुसार बुबाको अन्त्येष्टि गर्ने विष्णुभक्तको छोरो रामभक्त नेपाली ब्राह्मण जातिको हो भन्ने सङ्केत प्राप्त हुन्छ । पिताको अन्त्यपछि शोकमा डुबेको रामभक्तको पलायनवादी जीवनशैली देखेर उसकी आमा महालक्ष्मीले "उसलाई धामी, झाँक्री र तान्त्रिक

लगाएर उपचार गर्ने निधो गरी" (ढकाल, २०६५ : २१७) । यस किसिमको कार्यबाट तत्कालीन नेपाली समाजमा बिरामीलाई निको पार्न धामी, झाँक्रीको भर पर्ने यथार्थ प्रकट भएको छ ।

मन्नोदरी उपन्यासकी सहायक नारी पात्र हो । ऊ आचार्य रामकृष्णकी श्रीमती तथा पण्डित बालकृष्णकी आमा हो । छिटको फरिया र चोलो लगाउने मन्नोदरीले नेपालीपनको झल्को दिएकी छ । ऊ ब्राह्मण जातकी नारी हो । ऊ नेपाली समाजमा आइमाई जातिले घरधन्दा राम्ररी चलाउनु पर्छ भन्ने मान्यता बोकेकी पात्र हो । छोरीलाई "नहुने हुनुभन्दा अघि नै जसरी पनि कन्नेदान गर्नै पर्छ बाबू । नत्र पापको ...... (ढकाल, २०६५ : १४) भन्ने मन्नोदरी जस्तोसुकै अवस्थामा पनि सामाजिक परम्परालाई अँगाल्नु पर्छ भन्ने विचार राख्ने पात्र हो । तर छोराको तर्क सङ्गत कुराबाट उसको विचारमा पनि परिवर्तन आएको देखिन्छ । आफूले नपढेकाले दुःख पाएको भन्दै ऊ अब आफ्नी छोरीलाई पढाउने र बिस वर्षपछि मात्र छोरीको विवाह गरि दिने निर्णय गर्छे । उसले समाज सुधारको अभियानमा लागेको छोरोको कार्य देखेर अतालिएको आफ्नो पतिसँग पुरातनवादी दृष्टिकोणले छोरालाई हेर्न नहुने तर्क गरेकी छ ।

> *"नयाँ जुगको मान्छेलाई पुरानो जुगको आँखाले हेर्न मिल्दैन बुढा । हुन त म तिम्रो जति कुरा बुझ्न सक्दिनँ । सास्तर र पुरानको कुरामा त निस्पट्ट छु तर पनि बालकृष्णले कौनै अपराद गरेको भैँ लाग्दैन । ऊ मेरो हाड, छाला, रगत, मासु र सास हो । के म उसको आत्मालाई चिन्दिन ? यौटा सन्यासीको पोस्तक ल्याको न हो उसले ? तेती जाबो कुरामा पनि खुट्टो कमाउने" (ढकाल, २०६५ : ३६) ।*

उसले यस किसिमको कुरा गरी छोरालाई नयाँ विचारमा हिँडाउन प्रोत्साहित गरेकी छ ।

दमयन्ती उपन्यासकी अर्की सहायक नारी पात्र हो । तत्कालीन समाज बाल विवाह प्रथाले जकडिएको थियो । परिणामस्वरूप दमयन्तीको पनि सानैमा विवाह भएको थियो ।

> *"सात वर्षको उमेरमै दमयन्तीको विवाह भएको थियो । त्यस बखत उसलाई विवाहको अर्थ, घरको परिभाषा, लोग्ने स्वास्नीको सम्बन्ध र बुहारीको कर्तव्यबारे केही थाहा थिएन । जागेमा बस्दा ऊ फरिया समेत राम्ररी लाउन नजान्ने अवस्थामा थिई" (ढकाल, २०६५ : ८२) ।*

रामबोल खड्कासँग विवाह गरेकी दमयन्ती छेत्री जातकी नारी हो । ऊ विवाह भएको दुई वर्षमा नै पति वियोगको पीडा सहेर विधवा जीवन बिताउन विवश नारी पात्र हो । समाजले अनुशासनको कारागारमा राखेकाले विधवा दमयन्ती रूढिग्रस्त परम्परालाई अनुसरण गर्न विवश नारी हो । आफ्नी सासूको छत्रछायामा रही जीवन सञ्चालन गर्ने दमयन्ती निम्न वर्गकी पात्र हो । जीवनयापनको लागि कृषि नै उसको मुख्य पेसा देखिन्छ ।

*"उनीहरू चार हलले छर्ने मर्कैबारी, दस पाथी धानको बीउ लाग्ने खेत, दुई ओटा गाई र आधा दर्जन जति बाखाको स्वामित्वको सांसारिकता कहिले दुःखी र कहिले सुखी भएर जीवनयापन गर्न थाले" (ढकाल, २०६५ : ८२) ।*

सूर्य विनायकको दर्शन गर्न हिँडेकी दमयन्तीको बालकृष्णसँगको भेटले जीवनमा नयाँ मोड ल्याइदिन्छ । बालकृष्णसँगको निकटता अन्ततः विवाहमा परिणत हुन्छ । तत्कालीन समाज ब्राह्मण र छेत्री बिचको विवाहलाई स्वीकार्ने पक्षमा हुँदैन तथापि बालकृष्णका सुधारवादी विचार र कार्यहरूका कारण उक्त विवाहलाई स्वीकारिन्छ तर पनि सरकार उक्त विवाहको विरोधमै हुन्छ । यस कार्यले विधवा विवाहलाई प्रश्रय दिनु पर्छ भन्ने सङ्केत गरेको छ ।

अश्विनी यस उपन्यासको सहायक पुरुष पात्र हो । काठमाडौँको नैकापमा एक गरिब सार्की परिवारमा जन्मिएको अविश्वनी (हनुमाने) सार्की जातिको हो भन्ने कुरा उपन्यासमा उल्लेख भएको छ ।

*"काँको भुरो रेछ ? हूलमूलमा छलिएछ कि ?" विष्णुभक्तले सोधे । "हो मालिक, नैकाप घर हो भन्छ । बाउँसँग छलिएछ ।" "के जात हो ए केटा ?" विष्णुभक्तले सोधे । "सार्की : ... । उसले भन्यो (ढकाल, २०६५ : ६८) ।*

अश्विनी बुबासँग त्रिभुवनको राज्याभिषेकको रमिता हेर्न टुँडिखेल आएको हुन्छ । ऊ त्यसै समयको भागदौडमा परेर आफ्नो बुबासँग छुट्टिन्छ र विष्णुभक्तको घर हुँदै बालकृष्णको घरमा बस्न पुग्छ । ऊ पण्डितको घरमा बस्न पुग्दा समाजले सामाजिक, धार्मिक र सांस्कृतिक दृष्टिले नाजायज छ भनी कडा प्रतिक्रिया देखाउँदछ । त्यस ठाउँमा उसले शिक्षादीक्षा पाउँछ भने उसको हिन्दू धर्म अनुसार ब्रतबन्ध पनि गरिन्छ । उक्त कार्यबाट समाज परिवर्तनको क्रान्तिकारी कदम चालिएको बुझिन्छ । अश्विनी सहयोगी भई विफरको महामारीमा नेपेटारका सार्कीहरूलाई सेवा गर्छ । अन्ततः बालकृष्णले देखाइ दिएको बाटोतर्फ हिँडेको कारण तत्कालीन राणा शासकको सजायको भागिदार बन्न पुग्छ । उपन्यासमा उसको उपस्थितिको माध्यमबाट उपन्यासकारले समाजमा कायम रहेको रूढिवादी मूल्य मान्यता तथा जातीय छुवाछुत हटाउने तर्फ सङ्केत गरेका छन् ।

चक्रधर र शङ्खधर उपन्यासका प्रतिकूल सहायक पुरुष पात्र हुन् । उपन्यासमा यी दुवैले पुस्तौँदेखि जिम्वाल विष्णुभक्तको दुश्मनी गर्दै आएको पाइन्छ । यी दुवै विष्णुभक्तको स्थानीय सत्तालाई विस्थापित गरेर आफ्नो सत्ता कायम गर्न चाहने विरोधी कित्ताका प्रतिनिधि पात्र हुन् (पौडेल, २०६७ : ७४) । जातीय आधारमा यिनीहरू जैसी ब्राह्मण भएको कुरा उपन्यासकारले सङ्केत गरेका छन् । "दुःखपुरका उपाध्याय, जैसी बाहुन र क्षत्रीयहरू गोरु पाल्दैनथे" (ढकाल, २०६५ : ९१) । गोरू नपाल्नाले गर्दा उनीहरू आवश्यक परे कान्छा तामाङ र उसको भतिजो आइते कहाँ पुग्थे । "दमयन्ती त्यहाँ पुगेपछि शङ्खधर जैसी आइपुग्यो । ऊ दुःखपुरको पुछारमा

सार्की गाउँ सुरु नहुँदैको झुलचोकको बासिन्दा थियो" (ढकाल, २०६५ : ९२) । समाजमा सकारात्मक र नकारात्मक चरित्रहरू हुन्छन् । तीमध्ये सकारात्मक चरित्रले सामाजिक तथा राष्ट्रिय स्वार्थलाई महत्त्व दिन्छन् भने नकारात्मक चरित्रहरूले व्यक्तिगत स्वार्थलाई महत्त्व दिन्छन् । शङ्खधर नकारात्मक चरित्रको पात्र हो । ऊ बालकृष्णको विरोधी हो भने विष्णुभक्तलाई जिम्वाल पदबाट हटाई उक्त पद प्राप्त गर्न चाहने पात्र हो । उसले पद प्राप्त गर्नको निमित्त अनेकौं जालझेल र षड्यन्त्र गरेको देखिन्छ । अन्ततः ऊ यस कार्यमा सफल पनि भएको छ ।

उपन्यासका गौण पात्रहरूमा पनि नेपाली जातिको स्वरूप प्रकट हुन्छ । आफ्नो पतिको देहावसान पश्चात् समाजका विभिन्न आरोप प्रत्यारोपका बाबजुत पनि छोराको निम्ति बाँच्ने अठोट गर्ने सुभद्रा जीवनलाई सम्झौताको रूपमा बुझ्ने पात्र हो । त्यस्तै आफ्नै बुहारी दमयन्तीलाई छोरीसरह मानेर उसको र बालकृष्णको विवाहलाई स्वीकार गर्ने आदर्श नारी पात्र पनि हो । उपन्यासमा शिखण्डीलाई उभ्याएर समाजमा विभिन्न खालका चरित्र हरने कुरातर्फ उपन्यासकारले सङ्केत गरेका छन् । उसको नाम राम प्रसाद शर्मा भएबाट ऊ ब्राह्मण प्रजातिको हो भन्ने सङ्केत मिल्दछ । "ऊ आधा आइमाई र आधा लोग्ने मानिस जस्तो देखिन्थ्यो" (ढकाल, २०६५ : १२५) । त्यसैले ऊ शिखण्डीको रूपमा परिचित पात्र थियो । उपन्यासमा नेपाली राणा जातिका पद्म शमशेर, बबर शमशेर र मोहन शमशेर विशेषतः भोग विलासी प्रवृत्तिका देखिन्छन् । उनीहरू पानीहाँसको सिकार गर्न दुःखपुर पुगेका छन् । "सिपाहीहरू रातभरिको रमझम नाचगान र भोज भतेरको कामले लस्त थाकेका थिए । सिपाहीका हाकिम र तिनै जना जर्नेलहरूको हालत पनि त्यस्तै थियो । उनीहरूको अनुहारमा निन्द्राको अभाव र विदेशी रक्सीको मातका छापहरू स्पष्ट पढ्न सकिन्थ्यो" (ढकाल, २०६५ : ९८) । उनीहरूको सिकारको खर्च दुःखपुरवासीमाथि थोपरी शोषण गर्ने प्रवृत्ति देखिन्छ । यसबाट राणाहरूको मोजमस्ती तथा समन्ती प्रवृत्ति प्रकट हुन्छ । दुःखपुरको सबभन्दा अग्लो भागमा बस्ने कान्छा तामाङ नेपाली तामाङ जातिको पात्र हो । गाउँमा गोरु जोत्ने कान्छा तामाङ परिश्रमी व्यक्ति हो । दुःखपुरका उपाध्याय, जैसी बाहुन र छेत्रीहरूको काम ऊ र उसको भतिजोले गर्नु पर्ने हुँदा उनीहरू कर्मशील व्यक्तित्वको रूपमा उपन्यासमा आएका छन् । यसरी ढकालले यस उपन्यासमा नेपाली जातिभित्र पर्ने सबै जात वा प्रजाति ब्राह्मण, जैसी बाहुन, क्षेत्री, तामाङ, राणा, भुजेल, सार्की, कामी, दमाई, कणारो आदिलाई पात्रका रूपमा लिएर काठमाडौँको नेपाली समाजको जातीय गठन प्रक्रियालाई देखाउने प्रयास गरेको पाइन्छ ।

ढकालले शिवरात्रीको समयमा काठमाडौँको दुःखपुरमा घुम्न आउने विदेशी पात्रलाई पनि उपन्यासमा ठाउँ दिएका छन् । उक्त पात्र श्यामानन्द पुरी भन्ने गर्थे, "पहले अपने आपको बनालो । फिर दुसरोँका सुधार करो । अपने आपको नबनाया हुवा आदमि दुसरोँको सुधार नहि करसक्ता" ( ढकाल, २०६५ : ९०) । ढकालले यस उपन्यासमा समग्र रूपमा झण्डै सय वर्ष अगाडिको काठमाडौँको समाजलाई चिनाउने प्रयास गरेका छन् । उपन्यासकारले उपन्यासमा सबैजसो

पात्रहरू नेपाली जातिबाट लिएका छन् भने हिन्दुस्तानी जोगी, श्यामानन्द पुरी जस्ता विदेशी पात्रको प्रयोगबाट यो उपन्यास रचिएको देखिन्छ । यस उपन्यासमा ढकालले बहुजातीय काठमाडौँको समाजलाई यथार्थ रूपमा प्रस्तुत गर्ने प्रयास गरेका छन् । यसरी ढकालले मान्छेको नामको पछाडि जात जस्तै : क्षेत्री, बाहुन, जैसी, राणा, शर्मा, तामाङ, भुजेल, सार्की, कामी, दमाई आदिको थोरै मात्र प्रयोग गरेर व्यक्ति नामको बढी प्रयोग गरी समग्र रूपमा नेपाली जातिलाई चिनाउने प्रयास गरेको देखिन्छ ।

### ४.४.२ क्षण तथा वातावरण

युग विशेषलाई तेनले क्षणको परिभाषा दिएका छन् । लेखक बाँचेको र उसको जीवनमा प्रत्यक्ष प्रभाव पारेको समयावधि युग हो (कोइराला र भट्टराई, २०६७ : ९८) । तेनका विचारमा साहित्यकारले कृतिमा आफू बाँचेको युगको प्रतिबिम्ब उतारेको हुन्छ । उनका मतमा कलाकार वा साहित्यकार युगका सत्यको साक्षात्कार गराउने मध्यस्थकर्ता हुन् । साहित्यका माध्यमबाट साहित्यकारले आफ्नो युग र राष्ट्रको मानव जीवनको सत्यको पहिचान गराउँछ (क्षेत्री, २०६४ : २३) । दर्पणले मानवको प्रतिबिम्ब देखाए जस्तै साहित्यले पनि कुनै युग तथा समयको प्रतिबिम्बलाई प्रस्तुत गरेको हुन्छ । तेनले साहित्यमा वातावरण अर्थात् पर्यावरणको प्रभाव प्रवल रहेको हुन्छ भनेका छन् । साहित्यकार जुन युगमा बाँचेको हुन्छ, त्यस युगको आफ्नै सामाजिक समस्या सांस्कृतिक मान्यता एवम् विश्वास हुन्छ । यिनै समस्या, मान्यता एवम् विश्वासलाई समग्र रूपमा पर्यावरण भनिन्छ (शर्मा र लुइटेल, २०६३ : १२९) । समाजमा मान्छे एक्लो नहुने हुँदा ऊ सामाजिक वातावरणद्वारा चारैतिरबाट घेरिएको हुन्छ । त्यसैले साहित्यकारले जन्मदेखि नै वरपरको वातावरणबाट प्रभाव ग्रहण गर्दछ । यसरी तेनले क्षण तथा वातावरणलाई साहित्यको समाज शास्त्रीय अध्ययनका निम्ति प्रमुख आधार मानेको पाइन्छ ।

नारायण ढकालको ‘प्रेतकल्प’ उपन्यासमा झन्डै सय वर्षभन्दा अगाडिको काठमाडौँ उपत्यकाको नेपाली समाज र नेपाली राजनीतिको सजीव चित्रण प्रस्तुत गर्दै त्यस समयको न्याय व्यवस्था, शासकीय मानसिकता तथा त्यसभित्र छटपटाइरहेको मानवीय मूल्य र संवेदनालाई तत्कालीन समय तथा युगका माध्यमबाट व्यक्त गरिएको छ । यो उपन्यास पहिलो विश्वयुद्ध सुरु हुनुपूर्वको पृष्ठभूमिबाट प्रारम्भ भएको छ । उपन्यासमा “पहिलो विश्वयुद्ध सुरु हुनुभन्दा अगाडि दुःखपुरमा जर्नेलहरूले गरेको पानीहाँसको सिकार सफलतापूर्वक सकियो” (ढकाल, २०६५ : ९९) भन्ने वाक्यले उपन्यासको युग पहिलो विश्वयुद्ध हुनुभन्दा अघिको समयसँग सम्बन्धित भएर आरम्भ भएको देखिन्छ । वि.सं. १९७० को दशकमा पहिलो विश्वयुद्धमा नेपाली सिपाहीहरूको सहभागिता देखाएर सोही समयमा नेपालमा राणाकालीन समयगत परिवेश व्यक्त गर्न खोजिएको देखिन्छ । “पहिलो विश्वयुद्धमा गोर्खाली फौज मेसोपोटामियामा लड्न गएको थियो । त्यो फौज फर्केर काठमाडौँ आइपुग्यो । श्री ३ ले यो विषयलाई आफ्नो शासकीय कुशलता र सर्वोच्चताको

दृष्टान्तका रूपमा उपयोग गरे" (ढकाल, २०६५ : १७५) । उपन्यासको अन्तिम खण्ड दुःखको नवीकरणमा "सात सालको परिवर्तनपछि काशी निर्वासनमा रहेका नेपालीहरू सबै फर्के, तर आचार्य रामकृष्णको परिवारको नाम निसाना पाइएन" (ढकाल, २०६५ : २२१) भन्ने वाक्यबाट नेपालमा राणा शासन हटेर २००७ सालमा प्रजातन्त्रको उदय भएपछि मानिसले स्वतन्त्रतापूर्वक जीवनयापन गर्ने वातावरण पाएकोले निर्वासित जीवन बिताउने मानिसहरू नेपाल फर्किएको बुझिन्छ ।

कुसुम भट्टराईले यो उपन्यास वि.सं. १९६० देखि १९७० को दशकसम्मको परिवेशको जगमा उभिएको बताएका छन् (भट्टराई, २०६६ : ६) । उपन्यासको समय उपन्यासका पात्रहरू पण्डित बालकृष्णको अध्ययन पश्चात् घर आगमनपछि आरम्भ भएर चन्द्र शमशेरको निरङ्कुश शासन व्यवस्थाको विरोध गर्दै उसको पराजयको अवधिसम्म सम्बन्धित देखिन्छ । यसरी यस उपन्यासले पहिलो विश्वयुद्धभन्दा अगाडि र त्यसपछिको काठमाडौँको राणाकालीन नेपाली समाजको युगीन परिवेशलाई समेटेको देखिन्छ ।

यस उपन्यासले मुख्य रूपमा समेटेको वातावरण उपन्यासकार ढकालले सधैँ देख्दै आएको काठमाडौँ उपत्यका रहेको छ । उपन्यासको कार्यपीठिका मुख्यतः काठमाडौँ उपत्यका नै रहेको भए पनि त्यस वरिपरिको गाउँ समेत समेटिएको पाइन्छ । उपन्यासमा काठमाडौँ उपत्यकामा भएका गल्ली, मूल सडक, कपन, घण्टाघर, भद्रकाली, सिंहदरबार, थानकोट, त्रिपुरेश्वर, पशुपति, टुँडिखेल, असन, रानीपोखरी, तिलगङ्गा, जगतडोल, नैकाप, शिवपुरी, सिद्धपोखरी, गणेशस्थान, दत्तात्रय, वागेश्वरी, मनोहरा, शिवमन्दिर, चाँगुनारायण, ठमेल, फर्पिङ, गुह्येश्वरी, श्लेषमान्तक वन, पुलिसचौकी, चामुण्डा मन्दिर, स्वयम्भू, डिल्लीबजार, सुन्धारा, केन्द्रीय जेलखानाको गोलघर जस्ता स्थानहरूको नाम उल्लेख गरिएको छ । उपन्यासमा स्थानहरूमध्ये काल्पनिक दुःखपुर गाउँलाई ढकालले विशेष स्थान दिएको देखिन्छ । उक्त गाउँ काठमाडौँ उपत्यकाबाट नजिक रहेको देखाइएको छ । "काठमाडौँ राजपरिसर हनुमानढोका दरबारबाट करिब तिन कोसपूर्व रहेको दुःखपुर गाउँको आफ्नै विशेषता एवम् आरोह अवरोहको कथा थियो जसलाई तत्कालीन इतिहास र मानवीय सम्बन्धको सानो दर्पण भन्न सकिन्छ" (ढकाल, २०६५ : २९) । उपन्यासकारले यस उपन्यासको भूमिकामा "दुःखपुर पनि एउटा गाउँको काल्पनिक नाम नै हो । त्यसबाहेक ठाउँबारे लेखिएका अन्य नाम चाहिँ वास्तविक हुन्" भनेका छन् । यस प्रसङ्गबाट काठमाडौँबाट पूर्वपट्टि रहेको कुनै एउटा गाउँको काल्पनिक नाम दुःखपुर रहेको बुझिन्छ भने यस उपन्यासमा काठमाडौँको परिवेश मुख्य रूपमा आएको देखिन्छ । यस्तै उपन्यासमा रामभक्त सुब्बा भई माल अड्डामा जागिर खान तेह्रथुम गएको प्रसङ्ग उल्लेख छ । यस्तै भारतको काशी, हरिद्वार जस्ता विदेशी ठाउँहरू पनि स्थानगत परिवेशको रूपमा आएका छन् । उपन्यासमा सहरी र ग्रामीण परिवेश पाइन्छ ।

उपन्यासमा दुःखपुर गाउँको अस्तित्व तथा विकास यात्रामा काठमाडौँका विभिन्न स्थानहरूको महत्त्वपूर्ण भूमिका रहेको देखाइएको छ ।

*"मूलतः दुःखपुर मनोहरा सभ्यताको एउटा हिस्सा थियो । वल्लोपल्लो किनाराको नजिक विकसित भएका बस्तीसँग दुःखपुरको गहिरो सम्बन्ध थियो । यो गाउँको अस्तित्व, विकासयात्रा, मानवीय सम्बन्ध, मूल्य, विश्वास, आर्थिक कारोबार र गतिमा साँखु, चाँगु, बोडे, थिमी, गोकर्ण, पशुपति, शङ्खमूल, स्वयम्भू र दक्षिण कालीहरू कुनै न कुनै रूपमा जोडिएका थिए । मनोहरा नदीको फाँटमा धान र गहुँको राम्रो उत्पादन हुन्थ्यो । दुःखपुर र टिगनीको सम्बन्ध जोडिनुमा यहाँ हुने धान उत्पादन मुख्य थियो । टिगनबजी यहीँको धानले प्रख्यात भएको हो । टिगनीका व्यापारीलाई उधारोमा धान बेच्नु र वर्षैभरि पैसा उठाउन धाइरहनु यहाँका कतिपय किसानको दिनचर्या नै थियो भने पनि फरक पर्दैन" (ढकाल, २०६५ : २६-२७) ।*

माथिको प्रसङ्गबाट दुःखपुर तथा आसपासका गाउँका मानिसहरूको मुख्य पेसा कृषि देखिन्छ । धान र गहुँको खेती गर्ने किसानहरूको उपस्थितिले ग्रामीण परिवेश झल्कन्छ ।

उपन्यासमा काठमाडौँका विभिन्न मठ मन्दिरहरू तथा पूजाआजाको प्रसङ्गबाट धार्मिक परिवेशको झल्को मिल्दछ ।

*"नीलवाराही, वज्रयोगिनी, चाँगुनारायण, दत्तात्रय, सूर्यविनायक, गोकर्णेश्वर, गुह्येश्वरी, सपन तीर्थ, कुम्भेश्वर आदि तीर्थस्थलहरू पनि दुःखपुरको विश्वाससँग कुनै न कुनै रूपमा जोडिएका थिए । यसमा हिन्दूवादीहरूको नेपाल महात्म्य र बुद्धवादीहरूको स्वयम्भू पुराणको उत्तिकै योगदान थियो । विशेष गरी स्वयम्भू पुराणले हिन्दू तीर्थस्थल, हिन्दू देवतासँग स्वयम्भूको महाज्योति स्वरूपको उत्पत्तिलाई समन्वय गर्न खोजेको छ । उदाहरणको निम्ति बुद्धमार्गी हरूले विद्याका देव मञ्जुश्रीलाई उपासना गर्ने स्थानमा हिन्दूहरूले सरस्वती भनेर पूजा गरेको स्पष्ट देखिन्थ्यो" (ढकाल, २०६५ : २७) ।*

पुरातनपन्थी विचारधारा अँगाल्ने दुःखपुरका गाउँलेहरू दसैं, तिहार जस्ता पर्वहरू मनाउँछन्, जुन कार्यबाट उनीहरूमा नेपाली जातिको संस्कृति मनाउने प्रवृत्ति देखा पर्दछ ।

ढकालको उपन्यास काठमाडौँ उपत्यकामा केन्द्रित भए तापनि यसको परिवेश विस्तृत रहेको पाइन्छ । राणाकालीन इतिहासलाई वर्तमानमा ल्याएर त्यसबेलाको समाज, संस्कृति तथा शासन व्यवस्थालाई युगानुकूल ढङ्गले व्याख्या विश्लेषण ढकालले यस उपन्यासमा गरेका छन् ।

### ४.४.३ सामाजिक संस्कृति

टेलरका अनुसार संस्कृति त्यो सम्पूर्ण जटिलता हो, जसमा ज्ञान, विश्वास, कला, नैतिकता, कानुन, प्रथा तथा त्यस्ता सम्पूर्ण क्षमता एवम् गुणहरू सम्मिलित हुन्छन्; जसलाई मानवले समाजको एक सदस्यको हैसियतले आर्जन गर्दछ (अधिकारी र घिमिरे, २०६७ : १२) । बोगार्डसका अनुसार संस्कृति भनेको कुनै समूहको कार्य र विचार गर्ने समस्त रीतिहरू हुन् (बराल, २०६१ : ४१) । मानवले आर्जन गर्ने संस्कृतिमा पेडिङटनले दुई ओटा कुराहरू समावेश हुन्छन् भनेका छन् । ती हुन् : भौतिक र अभौतिक । भौतिक संस्कृति मूर्त हुन्छ भने अभौतिक अमूर्त हुन्छ । भौतिकमा घर, कपडा, भाँडाकुँडा, औजार आदि पर्दछन् भने समाजका विचार, विश्वास, मानदण्ड, व्यवहार, प्रथा, रीतिरिवाज, विश्वास, मानदण्ड, व्यवहार, प्रथा, रीतिरिवाज, नैतिकता आदि अभौतिक संस्कृति अन्तर्गत पर्दछन् । मैकाइवर र अन्यले मानवसमाजमा संस्कृति भौतिकभन्दा अभौतिक तत्त्वमा बढी हुन्छ भनेका छन् । यस्तो संस्कृति व्यक्तिले समाजबाट सिक्दछ अनि यो एक पिँढीदेखि अर्को पिँढीमा हस्तान्तरित हुन्छ (क्षेत्री, २०६४ : ३०) । समग्रमा संस्कृतिलाई एउटा देशभित्र बसोबास गर्ने सम्पूर्ण जनता अथवा भिन्न भिन्न मानव जातिको खानपान, वेशभूषा, रहनसहन, भाषा, प्रथा, मूल्य मान्यता तथा सभ्यताको सामूहिक योगको परिणाम हो (अधिकारी र घिमिरे, २०६७ : ११) भनेर चिनाउन सकिन्छ । साहित्यको समाज शास्त्रीय अध्ययनका निम्ति संस्कृतिलाई पनि महत्त्वपूर्ण आधार मानिन्छ ।

ढकालको 'प्रेतकल्प' उपन्यासमा काठमाडौँ उपत्यकामा बसोबास गर्ने नेपाली जाति, सम्प्रदाय एवम् उनीहरूको संस्कृतिलाई राम्ररी देखाएको पाइन्छ । राणाकालीन शासन व्यवस्थाको शासकीय स्वरूप, नेपाली समाजमा रहेको जातीय छुवाछुत प्रथा, धर्म, वेशभूषा, चाडपर्व, रीतिरिवाज जस्ता कुराहरूमा काठमाडौँ लगायत त्यस आसपासको समाजको मनोभाव सङ्कीर्ण रहेको पाइन्छ । उपन्यासमा परम्परागत नेपाली समाजको चित्र उतारिएको पाइन्छ ।

तत्कालीन समाज जाति व्यवस्थामा आधारित देखिन्छ । जाति व्यवस्थामा ब्राह्मण, क्षेत्री, वैश्य र शूद्र भनी जात विभाजन गरी तल्लो जातलाई अशुद्ध जात मान्ने र माथिल्लो जात शुद्ध मान्ने गरिन्छ । तल्लो जातको कुनै पनि व्यक्ति शुद्ध हुन कोसिस गरे पनि उसलाई शुद्ध मानिँदैन (अधिकारी र घिमिरे, २०६७ : १४५) । उपन्यासमा आएका विविध जातिका पात्रहरूको सामाजिक व्यवहारमा पनि तल्लो जात र माथिल्लो जातको विभेद देखिन्छ । उपन्यासमा दलित वर्गको हनुमाने सार्कीलाई ब्राह्मण जातिले अँगाल्ने संस्कार दिलाएको प्रसङ्गले रूढिग्रस्त सांस्कृतिक मूल्य मान्यताको विरोध र नवीन संस्कृतिको स्थापना गर्ने प्रयत्न त देखिन्छ तर तत्कालीन समाज तथा कानुनले त्यस कार्यलाई अनुपयुक्त ठहऱ्याएको र बालकृष्ण अनि उसको परिवारलाई सामाजिक बहिष्कार गरेकाले पनि उक्त समाज जाति व्यवस्थामा आधारित देखिन्छ ।

यो उपन्यास हिन्दू धर्म संस्कारमा केन्द्रित रहेको देखिन्छ । 'प्रेतकल्प' हिन्दू मिथकमा आधारित आख्यान हो । मानिसको मृत्यु संस्कारको समयमा वाचन गरिने पुराणमा दुःखपुरलाई

नरक यात्रामा जाने पापी मनुष्यको सातौँ दिनको बास बस्ने ठाउँ भनेर चित्रण गरिएको पाइन्छ । दुःखपुर गाउँको नाम र जगरको रुखले पौराणिक श्लोकको प्रतीकात्मक अर्थ प्रमाणित गर्छ (पौडेल, २०६७ : ४५) । उपन्यासकारले यस उपन्यासमा विशेष स्थान दिएको गाउँ दुःखपुर हो ।

*"जब कुनै पापी आत्मा मृत्युको सप्तम दिनमा आफ्ना पुत्रद्वारा दिइएको पिण्ड खाएपछि दुःखपुर पुग्छ, तब उसलाई संसारभरिका दुःखहरूले एकै पटक आक्रमण गर्छन् । यसरी ऊ दुःखहरूको कठोर यन्त्रणाले विह्वल बन्न पुग्छ (ढकाल, २०६५ : २३-२४) ।*

गरुड पुराणबाट लिइएको यस प्रसङ्गबाट जसरी पापी मनुष्यको आत्मा दुःखपुर पुगेपछि सताइन्छ, त्यसरी नै दुःखपुर गाउँका मानिसहरू सामन्ती संस्कार, षड्यन्त्र, थिचोमिचो, खुट्टा तानातान, अनैतिकता जस्ता कुराहरूबाट सताइएका छन् । यस उपन्यासमा पुराण, मनुस्मृति, महाभारत, नीतिश्लोक जस्ता हिन्दू धर्मग्रन्थका कुराहरूलाई नेपाली भाषामा पनि अनुवाद गरेर प्रयोग गरिएको छ ।

पण्डित बालकृष्णले नाबालख कन्यासँग विवाह नगर्ने कुरा राम भक्तलाई भन्ने क्रममा महाभारत उद्योग पर्वमा महात्मा विदुरले भनेको प्रसङ्ग उठाएको छ :

*"जो व्यक्ति वृक्षको काँचो फल टिप्छ उसले त्यो फलको रस लिन पाउँदैन (ढकाल, २०६५ : ६०) ।*

पुराणमा ब्रह्माले सृष्टि गरेको प्रथम मानव मनुलाई मानिएको पाइन्छ । मनुले लेखेको हिन्दूहरूको आचार शात्रलाई नै मनुस्मृतिको रुमपा मानिएको देखिन्छ, जसमा राजनीतिक, आर्थिक, धार्मिक कुराहरूको वर्णन पाइन्छ । मनुस्मृतिका कुराहरूलाई उपन्यासमा यसरी प्रयोग गरिएको छ :

*"मनुस्मृतिमा राजधर्म र व्यवहारको निर्णयका विषयमा विषद वर्णन पाइन्छ । त्यहाँ मनुले राजाको योग्यता, आचरण, दण्ड विधानका मानक, युद्ध र आन्तरिक प्रशासनको सङ्गठनबारे आफ्नो विचार राखेका छन् । मनुको विचारमा राजतन्त्र को विकल्पको कुनै गुन्जाइस छैन । उनी राजालाई इन्द्र, वायु, यम, सूर्य, अग्नि, वरुण, चन्द्र र कुबेर आदिका सबै सारभूत गुण निकालेर बनेको अझ दिव्य गुणले युक्त भएको व्यक्तित्व भन्ने गर्छन्" (ढकाल, २०६५ : १७२) ।*

नीतिश्लोकमा भनिएका कुराहरूलाई उपन्यासमा देखाइएको छ ।

*"नीतिश्लोकमा भने झैँ राजा, वेश्या, आगो, यमराज, तस्कर, बालक र मगन्ते सात र आठौँ काँडा मानिएको गाउँको फटाहाले अर्काको दुःख तथा मर्का बुझ्दैनन्" (ढकाल, २०६५ : १७६) ।*

दसैँ र तिहार नेपाली जातिका महान् चाड हुन् । यी चाडले नेपाली संस्कृतिको झल्को दिन्छन् । उपन्यासमा पनि दुःखपुरबासीहरूले दसैँ र तिहार मनाएको प्रसङ्ग छ । “त्यस वर्षका दसैँ र तिहार सामान्य ढङ्गले बिते” (ढकाल, २०६५ : ४३) । नेपालीहरूले महान् चाड दसैँ राम्ररी नै मनाउने चलन यस प्रसङ्गबाट पाइन्छ : “बडादसैँ ढोकाको सङ्घारमा आइ पुगेको थियो । लुगाफाटा, मरमसला, चामल, खसी, बोका, कुखुरा, हाँस र पूजाको सामग्रीका निम्ति दुःखपुरका अधिकांश मानिस फेरि व्याजमा ऋण लिनु पर्ने अवस्थामा पुगे” (ढकाल, २०६५ : १७३) । आर्थिक अवस्था कमजोर भएका अधिकांश नेपाली जनताहरूले साहु महाजनबाट ऋण लिएर चाडपर्वहरू मनाउनु पर्ने स्थिति पनि उपन्यासमा प्रकट भएको पाइन्छ । यस क्रममा नेपाली समाजमा चलेको लोकोक्ति “आयो दसैँ ढोल बजाई, गयो दसैँ ऋण बोकाई” (ढकाल, २०६५ : १७३) ले पनि नेपाली संस्कृतिको अभिव्यक्ति प्रकट गर्छ ।

उपन्यासमा त्यस समयका अधिकांश मानिसहरूको जीवनयापनको मुख्य आधार कृषि पेसालाई देखाइएको छ भने गरिब जनताहरूले मालपोत तथा कुत बुझाउनु पर्ने राणाकालीन शासन व्यवस्था रहेको यथार्थ प्रकट गरिएको छ । एक सय चार वर्षे जहानीया राणा शासनको समयमा नेपाली जनताले उनीहरूको मौखिक आदेशलाई कानुनी संस्कारको रूपमा मान्नु पर्ने यथार्थ उपन्यासमा व्यक्त भएको पाइन्छ ।

> *“जगतडोल फाँट गाउँका धनी र गरिब सबैको जीवनयापनको मुख्य आधार थियो । त्यो फाँटले हनुमान ढोका दरबार, सिंहदरबार, थापाथली दरबार र धमाधम बनिरहेका अरु थुप्रै नयाँ दरबार र खोपीहरूलाई मालपोत, कुत र पसिना बुझाउँथ्यो । त्यहाँ फल्ने दुच्चली, एलाँपु, बासमती, थापाचिनिया र मार्सी जातका धान नेपाल खाल्डोमा नामी मानिएका थिए । जगत  डोलबाट दुःखपुरमा कति धुरी घर र गोठ छन् सबै गन्न सकिन्थ्यो” (ढकाल, २०६५ : २८) ।*

उपन्यासमा तत्कालीन समाजमा जीवनयापनको निम्ति उपयुक्त माध्यम चाकडी गर्नु पर्ने परम्परा पनि देखाइएको छ । “चाकडी गर्नु र गराउनु राणा शासनको राज्य सञ्चालनको मुख्य विधि थियो” (ढकाल, २०६५ : ५७) ।

उपन्यासकार ढकालले उपन्यासमा ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्र सबै वर्णका विभिन्न जातिहरू बाहुन, क्षेत्री, राणा, तामाङ, भुजेल, सार्की, कामी, दमाई, कणारो जस्ता जातिहरूलाई उपस्थित गराएर नेपाली समाजमा जातीय विविधता रहेको नेपाली संस्कृति प्रकट गर्न पुगेका छन् । ढकालले उपन्यासमा हिन्दू धर्म र संस्कारलाई विशेष ठाउँ दिएका छन् भने सामाजिक कार्य तथा धार्मिक उत्सवहरूमा मिलेर काम गर्ने नेपाली संस्कृतिलाई पनि अभिव्यक्त गरेका छन् । यसका साथै जातीय छुवाछूतको प्रसङ्ग पनि उठाएका छन् ।

*"गाउँको माझमा शिव मन्दिर र पाटी थियो । जगरको रुख र पोखरीको छेउमा बनेको यो धार्मिक स्थलमा शिवरात्री, तीज, सतबीज छर्ने औँसी, ठूलो एकादशी आदि धार्मिक उत्सवमा भजन कीर्तन र नाचगान हुन्थ्यो । त्यस्ता पर्वहरूमा पानी नचल्ने जात भनिएका बाहेकका पुरुष र स्त्री भेला हुन्थे र रातभर जाग्राम बसेर महादीप प्रज्वलन गर्थे" (ढकाल, २०६५ : २९) ।*

नेपाली समाजमा जातीय छुवाछुतको अभिव्यक्ति प्रकट गरिएको छ । "तत्कालीन ऐन र धर्मले पनि छुवाछूत र जातीय विभेदलाई सुरक्षा गरेको थियो । दलितलाई उच्च जातले छोएमा छोइछिटो हाल्नु पर्ने कुरा ऐनमा किटान गरिएको थियो" (ढकाल, २०६५ : १०६) ।

सार्कीलाई देखेपछि वा छोएपछि त्यो दिन अशुभ हुन्छ भन्ने पुरातन पन्थी समाजको चित्र प्रस्तुत गरिएको र ब्राह्मण जातिले दलित जातिलाई छुँदा सुनपानी छर्किएर चोखिनु पर्ने संस्कार उपन्यासमा देखाइएको छ ।

*"ए महालक्ष्मी ! सुनपानी लेऊ त, यो चमारेले आज तेस्सै मेरो दिन बिगारि दियो सुनपानी छर्केपछि म नुहाउन जान्छु ।" जिम्वालले भन्यो (ढकाल, २०६५ : २१) ।*

उपन्यासमा हिन्दू धर्म अनुरूप रामभक्तले बुबाको मृत्यु संस्कार गरेको, रामभक्त बिरामी हुँदा उसकी आमाले धामी, झाँक्री लगाएको प्रसङ्गबाट नेपालको सामाजिक संस्कृति अभिव्यक्त भएको देखिन्छ । नेपाली जातिको संस्कृतिमा गृहस्थीको काम स्त्री जातिले गर्ने चलन रहेको कुरा उपन्यासमा देखाइएको छ । उपन्यासमा टोपी, कस्मिराको कालो कोट, दौरा, सुरुवाल, भोटो, कछाड, इस्टकोट, धोती, छिटको फरिया, गुन्यु, चोली, बाटुलो टोप, खैरो बुसर्ट, खैरो पाइन्ट, कालो बुटजुत्ता, खाकी हाफ पाइन्ट, ह्याट आदि वेशभूषा उल्लेख भएका छन् । उपन्यासमा नेपाली पहिचान झल्काउने वेशभूषा र अङ्ग्रेजहरूले प्रयोग गर्ने वेशभूषाको उपयोग गरिएको पाइन्छ । यसरी ढकालले राणाकालीन काठमाडौँ समाजको संस्कृति र परम्परालाई यथार्थ रूपमा प्रकट गरेको देखिन्छ ।

### ४.४.४ सामाजिक आर्थिक अवस्था

वेलेकका मतमा साहित्य विचारको एक रूप हो जुन समाजको आर्थिक-भौतिक जीवनबाट उत्पन्न भएको हुन्छ । आर्थिक धरातलमा परिवर्तन आउँदा साहित्यका विचार धाराको स्वरूपमा पनि परिवर्तन आउँदा यसरी साहित्य समाजको गति सँगसँगै बदलिन्छ । यो वरपरको आर्थिक-सामाजिक पर्यावरणबाट प्रभावित हुन्छ (क्षेत्री, २०६४ : ३६) ।

कड्वेलले कुनै पनि समाजमा मानवको आर्थिक अवस्थाले नै उसको विचार, दर्शन, विश्वास तथा कला-साहित्यलाई निश्चित रूप प्रदान गर्छ भनेका छन् । त्यसैले साहित्यको समालोचनामा सामाजिक तथा आर्थिक दृष्टिलाई कुनै पनि रूपमा उपेक्षा गर्न सकिँदैन । समाज र

आर्थिक सक्रियताको कारणले नै साहित्यको सिर्जना हुन्छ । (क्षेत्री, २०६४ : ३८) । यस किसिमको विचारबाट जुन युगमा जुन प्रकारको आर्थिक व्यवस्था रह्यो त्यस्तै प्रकारको साहित्य सिर्जना त्यहाँ सम्भव हुन्छ भन्ने आशय आउन सक्छ । यसरी साहित्यको समाज शास्त्रीय अध्ययनका निम्ति सामाजिक-आर्थिक अवस्थालाई पनि आधार मान्न सकिन्छ ।

नारायण ढकालको 'प्रेतकल्प' उपन्यास काठमाडौँ उपत्यकाको नेपाली समाजको आर्थिक अवस्थासँग सम्बन्धित छ । यसमा विशेष गरी काठमाडौँ उपत्यकाको ग्रामीण भेकमा रहने निम्न र निम्न मध्यम वर्गका मानिसहरूको कमजोर आर्थिक अवस्था र सङ्घर्षको चित्रण पाइन्छ । उपन्यासमा आर्थिक दृष्टिले श्री ३ चन्द्र शमशेर, पद्म शमशेर, बबर शमशेर आदि उच्च, जिम्वाल विष्णुभक्त, चक्रधर, बालकृष्ण, रामकृष्ण निम्न मध्यम, कान्छा तामाङ, अश्विनी, सुभद्रा, दमयन्ती, शिखण्डी, धनवीरे, हिन्दूस्थाने गोरे, कान्छो कामी, जुठे दमाई, खुइते कणारो आदि निम्न वर्गका पात्रहरू रहेका छन् । उपन्यासमा देखा परेका उच्च वर्गका पात्रहरू काठमाडौँ सहरका राणा शासकहरू हुन् भने अन्य निम्न मध्यम र निम्न वर्गका पात्रहरू काठमाडौँको ग्रामीण भेकका हुन् । पेसा तथा व्यवसायका दृष्टिले श्री ३ चन्द्र शमशेर, पद्म शमशेर, बबर शमशेर राज्य सञ्चालन गर्ने शासकहरू हुन्; विष्णुभक्त श्री ३ को चाकडी गर्ने गाउँको जिम्वाल, रामकृष्ण गाउँको ज्योतिषी, बालकृष्ण पण्डित तथा समाज सुधारक; धनवीरे, कान्छा तामाङ, सुभद्रा, दमयन्ती, हिन्दूस्थाने गोरे, कान्छो कामी, जुठे दमाई, खुइते कणारो आदि खेती गर्ने कृषक र सिपमूलक काम गर्ने व्यक्ति विशेषहरूको तथा तामाङ, भुजेल, कुस्ले, नेवार जस्ता जातिहरूको जीवन पद्धति र जीवनयापनको साधन तथा जीविकाको व्यवस्थाले उपन्यासमा काठमाडौँ उपत्यकाका मानिसहरूको आर्थिक अवस्था व्यक्त भएको देखिन्छ ।

उपन्यासको मुख्य पात्र बालकृष्णलाई काठमाडौँ उपत्यकाका मानिसहरूमा शिक्षित, सचेत र एक सङ्घर्षशील मानिसहरूको प्रीतिनधि पात्रको रूपमा प्रस्तुत गरिएको छ । उसका बुबा ज्योतिषी हुन् र खेती पनि गर्ने भएकाले त्यसबाट आर्जित सम्पत्ति नै उनीहरूको आम्दानीको स्रोत देखिन्छ । बालकृष्ण काशीबाट शास्त्री गरेर आएको पण्डित हो । ऊ समाजबाट रूढिवादी मूल्य मान्यता हटाउनु पर्छ भन्ने सुधारवादी विचार बोकेको व्यक्ति हो । ऊ समाजमा पुराण भन्ने पण्डितको रूपमा चिनिन्छ । "मलाई विभिन्न ठाउँबाट एकाह, सप्ताह, नवाह, रुद्री, अतिरुद्री, लक्ष्यहोम, कोटीहोम आदिमा प्रमुख पण्डितको रूपमा आमन्त्रण आउन थालेका थिए" (ढकाल, २०६५ : १०४) ।

उपन्यासको अर्को पात्र रामकृष्ण काशीबाट आचार्य गरेर आएको ज्योतिषी हो । उसले खेती गर्ने भएकाले उसको आम्दानीको स्रोत कृषि नै देखिन्छ ।

> *"दुःखपुर बाली भित्र्याउने काममा जुट्यो । केही दिनमै सारा फाँट जनै पूर्णिमामा ब्राह्मणले कपाल खौरिएपछिको तालु जस्तै देखियो तर एक ठाउँमा एक बुच्चा गहुँ बाँकी रह्यो । त्यो आचार्यको खेत थियो । बाह्रपाथी धानको बीउ छर्नु पर्ने खेतको गहुँ काट्न उसको परिवारका चार जनाको सामर्थ्य थिएन" (ढकाल, २०६५ : २०४) ।*

उपन्यासको अर्को पात्र श्री ३ चन्द्र शमशेर उच्च वर्गका प्रतिनिधि पात्र हुन् । काठमाडौँको सिंहदरबारमा राजकीय सम्मानका साथ बस्ने उनको आम्दानीको प्रमुख स्रोत राज्यको ढुकुटी देखिन्छ । यस्तै उपन्यासको अर्को पात्र विष्णुभक्त ग्रामीण समाजको निम्न मध्यम वर्गीय चरित्र हो । ऊ गाउँको जिम्वाल हो । "मालपोत उठाउने र सहरका जमिनदारहरूको कुत उठाउन मद्दत गर्ने उनको मुख्य विशेषता थियो" (ढकाल, २०६५ : ५७) ।

काठमाडौँको ग्रामीण भेकमा बस्ने निम्न वर्गका तामाङ, भुजेल, कुस्ले, कणारो नेवार जस्ता विभिन्न जातिहरूको आर्थिक अवस्थालाई पनि उपन्यासमा देखाइएको छ । उपन्यासको दुःखपुर गाउँमा बस्ने तामाङ तथा भुजेलहरूको जीवनयापन गर्ने पद्धति तथा उनीहरूको पेसालाई यसरी प्रस्तुत गरिएको छ :

> *"दुःखपुरको सबभन्दा अग्लो भागमा दुई घर तामाङहरू थिए । उनीहरू बाँस र निगालाको चोयाबाट डोको, डालो, नाङ्लो, भकारी, ढोक्से, थुन्से, सोली आदि बुन्थे । त्यस बाहेक उनीहरू गोरु जोत्ने र फेरी लगाउने काम पनि गर्थे । मानापाथी उठाउँथे । उनीहरू त्यहाँ आएर कहिले देखि बसे, स्पष्ट छैन तर त्यहाँ आएपछि क्रमशः उनीहरूले आफ्नो भाषा, संस्कार र चालचलन बिर्सँदै गएका थिए । अलिकति तल चार घर भुजेलहरू थिए । घर के भन्नु उनीहरूकै स्वामित्वको छाप्रामा बस्थे उनीहरू । उनीहरूसँग आफ्नो भन्ने केही थिएन । मालिक वर्गको काम गर्थे र जीविका चलाउँथे । उनीहरूका स्वास्नी, छोराछोरी धनीहरूको घरमा ढिकी जाँतो गर्ने र गोठाला जाने गर्थे । लोग्ने मानिस चाहिँ खेतबारीमा काम गर्थे । यी चार ओटा छाप्रोमा क्षयरोग, दम र हात्तीपाइले रोगले ग्रसित पाँच जना बुढाबुढी पनि थिए" (ढकाल, २०६५ : २८) ।*

नेपाली समाजमा सार्की, कामी, दमाई, कणारो जस्ता पिछडिएका जातिहरूको कमजोर आर्थिक स्थिति पनि उपन्यासमा व्यक्त भएको पाइन्छ । "बस्तीको दक्षिणपट्टि पुछारमा सार्की गाउँ थियो । जसलाई नेपेटार भनिन्थ्यो । त्यहाँ दस घर सार्की, दुई घर कामी, दुई घर दमाई र एक घर कणारो थिए । उनीहरूको सामाजिक र आर्थिक हैसियत भुजेलहरूको भन्दा पनि गएगुज्रेको थियो" (ढकाल, २०६५ : २८-२९) ।

यस्तै उपन्यासमा नेपाली समाजका कुस्ले, नेवार जस्ता जातिहरूको पेसालाई पनि देखाइएको छ । "भुत्याचौर तलको घडेरीमा तिन घर नेवार थिए । उनीहरू इँटा पोल्ने काम गर्थे । त्यस्तै कुस्लेहरूको मुख्य पेसा थियो पानीघट्ट चदलाउनु । खेतखेतमा सिँचाइ गरेवापत असोज कात्तिकमा खलोखलोमा गएर धान उठाउँथे उनीहरू । उठेको धानको केही प्रतिशत जिम्वाल मार्फत सहरमा सरकारी ढुकुटीमा जान्थ्यो" (ढकाल, २०६५ : २९) ।

उपन्यासमा सार्की, कामी, दमाई, कणारो जस्ता जातिहरूको अवस्था कमजोर र कहाली लग्दो देखाइएको छ । उपन्यासमा काठमाडौँ उपत्यकाका बासिन्दाहरूको आर्थिक अवस्थामा सुधार गर्नको लागि सरकार तथा प्रशासनिक पक्षबाट कुनै पहल नभएको यथार्थ प्रस्तुत भएको देखिन्छ । तत्कालीन समाजमा आफ्नो स्वार्थ सिद्ध गर्नको लागि राणाहरूको चाकडी गर्ने परिपाटी कायम रहेको देखिन्छ । समाजको उपल्लो वर्गका व्यक्तिहरू शासकसँग नजिक हुने र उनीहरूले दिएको आदेशलाई कार्यान्वयन गर्न तत्पर रहने परम्पराले समाजका पिछडिएका वर्गहरूको सामाजिक-आर्थिक अवस्था कमजोर बन्दै गइरहेको यथार्थलाई उपन्यासमा व्यक्त गरिएको छ ।

### ४.४.५ अनुभूतिको संरचना

रेमन्ड विलियम्सका विचारमा लेखकले कृतिमा प्रस्तुत गरेको समाज एवम् पाठकले गर्ने त्यस समाजको यथार्थ अनुभवमा दृष्टिको विचारान्तर हुन्छ, जसको विचार विमर्श अनुभूतिको संरचनामा हुन्छ (दाहाल, २०५८ : ५०) । कुनै विषयलाई तत्काल अनुभूति गर्ने शक्ति साहित्यकारमा हुन्छ । अनुभूति एउटा यन्त्र हो, जसले कलाकारको अर्न्तदृष्टिको शक्तिलाई सक्रिय बनाउँदछ । पात्रको चरित्र सृष्टिमा अनुभूतिको अधिक महत्त्व हुन्छ । लेखकले प्रायः सामाजिक या समसामयिक रचनामा कल्पित पात्र राख्दछ अथवा यथार्थ जीवनमा प्राप्त अनेक पात्रको चरित्र उनीहरूको आदर्श अनुकूलको जोड घटाउबाट निर्माण गर्दछन् । कलाकारले आफ्नो भाव वा विचारलाई मूर्त रूप दिने क्रममा पात्रका रूपमा प्रस्तुत गरिएका चरित्रबाट समाजप्रति आफ्नो अनुभूति प्रकट गर्दछ (क्षेत्री, २०६४ : ४३) । रेमन्ड विलियम्स अनुभूतिको संरचनालाई संवेदनाको संरचना भन्न बढी रुचाउँछन् । वास्तवमा कलाकारले कुनै पनि विषयलाई संवेदनशील भई हेर्दछ तथा अनुभूति गर्दछ । संवेदना तथा सहानुभूतिद्वारा नै कुनै निरीह प्राणी तथा दुःखद परिस्थितिमा रहेका व्यक्तिहरूप्रति मान्छेमा भावना पैदा हुन्छ । यही भावनाले मूर्त रूप प्राप्त गर्दा कला तथा साहित्यको जन्म हुन्छ । उनका अनुसार विश्वास, व्यवस्था, संस्था, विचार धारा आदिको सम्बन्धबाट मान्छेमा जुन कुराको अनुभव हुन्छ, त्यसैबाट अनुभूतिको संरचना बन्दछ (क्षेत्री, २०६४ : ४४) । साहित्यकारको व्यक्तिगत विचारको अभिव्यक्ति नै उसले गरेको समाजको अनुभूतिबाट हुन्छ, जुन अभिव्यक्ति उसको रचनामा व्यक्त भएको हुन्छ (क्षेत्री, २०६४ : ४५) । यसरी साहित्यको समाज शास्त्रीय अध्ययनका निमित्त अनुभूतिको संरचनालाई महत्त्वपूर्ण आधार मानिएको पाइन्छ ।

नारायण ढकालको ‘प्रेतकल्प’ उपन्यासमा सामाजिक जीवनको यथार्थ अनुभव अभिव्यक्त भएको देखिन्छ । नेपालको काठमाडौँ उपत्यकाका मानिसहरूले राणा शासनमा आफू शासित हुनु परेको संवेदना तथा अनुभवलाई समेटेर उपन्यासकारले यो उपन्यास लेखेको पाइन्छ । भारतीय स्वतन्त्रताको जागरणको सुरुआतसँगै नेपालको राणाकालीन क्रुर राजनीति, आर्थिक, सामाजिक र न्याय व्यवस्थामा सुधारका लागि विभिन्न सङ्घर्षहरू भएका देखिन्छन् । काठमाडौँको नेपाली

समाजले गरेका प्रयासहरू असफल भएका हुनाले राज्य सञ्चालन गर्ने शासकहरूबाट नेपालीहरू शोषित बन्नु परेको यथार्थ उपन्यासमा प्रकट भएको देखिन्छ ।

काठमाडौँमा जन्मिएका ढकालले उपन्यासमा प्रस्तुत गरेको समाज र समय एक सय वर्ष अगाडिको श्री ३ चन्द्र शमशेरको राणाकालीन शासन व्यवस्थाको देखिन्छ । जुन कुरालाई उपन्यासकार स्वयंले 'प्रेतकल्प'को रचना गर्भमा आफ्नो विचार व्यक्त गरेका छन् : "यहाँ मैले जुन समय र समाजलाई उत्खनन् गर्ने प्रयास गरेँ, त्यो समाज र समय मैले यस अघि लेखिरहेको भन्दा लगभग एक सय वर्ष अगाडिको थियो" (ढकाल, २०६६ : ५३) । यसरी अगाडिको समाजको चित्र उतार्न पनि उनले आफ्नो अनुभव तथा कल्पनाको भरपुर प्रयोग गरेको देखिन्छ । उनी स्वयंले आफ्नो विचार यसरी व्यक्त गरेका छन् : "पात्रहरूको सामाजिक, सांस्कृतिक एवम् आर्थिक परिवेशको कल्पना पनि गरेँ । यसका निम्ति मैले बाल्यकालमा आर्जन गरेका अनुभवहरूलाई निकै उपयोगी हुन सक्ने ठानेँ । म जन्मिएर हुर्किएको क्षेत्र तीव्र सामाजिक एवम् भौतिक परिवर्तनको प्रयोगशाला जस्तो बनेको छ । विगत ५० वर्षको अन्तरालमा त्यहाँको समाज अत्यन्तै ग्रामीण विशेषताबाट गुज्रँदै सहरीकृत रूपाकृतिमा बदलिएको देख्ने एउटा सक्रिय साक्षी म आफै हुँ । मैले बाल्यकालमा सुनेको भाषिका अब त्यहाँ पूरै विलोप भइसकेको छ । त्यस्तै मैले बाल्यकालमा देखे भोगेका विषयलाई एक सय वर्ष अगाडिको समाजको चित्र खिच्दा उपयोगी र विश्वसनीय हुन सक्ने ठानेँ र मेरो आख्यानको धरातल त्यसैलाई बनाउने निर्णय गरेँ" (ढकाल, २०६६ : ५४) ।

प्रस्तुत उपन्यासमा काल्पनिक तथा ऐतिहासिक पात्रको प्रयोग भएको पाइन्छ । उपन्यासकारले भूमिकामा आफ्नो विचार व्यक्त गरेका छन् "केही पात्रहरूको नाम इतिहासबाट टिपिएको भए पनि अन्य पात्रहरूसँग तिनको कार्य व्यापार नितान्त काल्पनिक हो" (ढकाल, २०६५ : ग) । उपन्यासमा काल्पनिक पात्रहरूको व्यक्तिगत, पारिवारिक र सामाजिक जीवन अभावग्रस्त, अस्थिर देखाइएको पाइन्छ भने जनतामाथि अन्याय र अत्याचार गरी निरङ्कुश शासन सञ्चालन गर्ने ऐतिहासिक पात्रहरूको विलासी जीवनलाई प्रस्तुत गरिएको पाइन्छ ।

नारायण ढकालले 'प्रेतकल्प' उपन्यासमा काठमाडौँ उपत्यकाको सामाजिक परिवेशबाट बटुलेका अनुभवलाई प्रस्तुत गरेको देखिन्छ । उनले काठमाडौँ उपत्यकाको नेपाली समाजको अनुभवलाई औपन्यासिक स्वरूप दिने क्रममा बालकृष्ण, रामकृष्ण, विष्णुभक्त, मन्नोदरी, दमयन्ती, सुभद्रा आदि काल्पनिक पात्रहरूको निर्माण गरेका छन् । काठमाडौँ उपत्यकाको नेपाली समाजका मानिसहरूले सामन्ती शासन व्यवस्था तथा पुरातनपन्थी समाजका कारण आर्थिक विपन्नता, जातीय छुवाछूत जस्ता समस्याहरू भोग्नु परेको कुरा उपन्यासका काल्पनिक पात्रहरूको माध्यमबाट व्यक्त भएको छ । उपन्यासको नायक पात्र बालकृष्ण समाजको शिक्षित तथा सचेत नागरिक हो । उसले आफ्नो सम्पूर्ण जीवन समाज रूपान्तरणको निम्ति लगाएको देखिन्छ तर षड्यन्त्र, अवसरवाद, खुट्टा तानातान र थिचोमिचो रूढिवादी चेतनाका कारण उसले गरेका सङ्घर्षहरू विफल बन्न पुग्छन् । यस्तै प्रवृत्तिका कारण वर्तमान समयमा आइ पुग्दा पनि

नेपालीहरूले सुधारका आन्दोलन मार्फत ठोस उपलब्धि हासिल गर्न नसकेको अनुभवलाई ढकालले उपन्यासमा समेटेका छन् । उनले आफ्नो अनुभवलाई यसरी प्रकट गरेका छन् "नेपाली समाजमा चलेका सुधारका आन्दोलन भदौरे पानीको फोका झैँ जुर्मुराएर उठ्ने तर तत्कालै फुट्ने हुँदै आएका छन् । यसलाई नेपाली इतिहासको त्रासदी नै भन्नु पर्छ । छुवाछुतको मानद्रोही प्रचलनबारे आर्यसमाजीहरूले कुरा उठाए तर सय वर्षपछि पनि सामाजिक अवस्थामा तात्विक भिन्नता आएन । यस्तो हुनुमा राजनीतिक परिवर्तनको क्षेत्रमा हुने अपूर्णता, अवसरवाद र सम्झौतापरस्त प्रवृत्तिको मुख्य हात थियो भन्ने मेरो विश्लेषण छ" (ढकाल, २०६६ : ५५) ।

उपन्यासको अर्को ऐतिहासिक पात्र श्री ३ चन्द्र शमशेर तत्कालीन राज्यको शासकको रूपमा देखिएका छन् । उनी जनताप्रति उत्तरदायी हुनुभन्दा पनि सत्तामा कसरी रही रहनु भन्ने विचार बोक्ने पात्र हुन् । तत्कालीन समयमा विश्वमा परिवर्तनको लहर चलेकाले उनी आफ्नो सत्ता गुम्ने हो कि भन्ने चिन्ताले ग्रसित देखिन्छन् ।

> *"वि.सं. १९७० को दशक विश्व इतिहासमा चरम उथलपुथलको समय रह्यो । प्रथम विश्वयुद्ध, रुसी क्रान्ति, चीनको मई ४ आन्दोलन, भारतीय स्व तन्त्रता सङ्ग्रामको पूर्व तयारी र गान्धीवादको उदय जस्ता विश्व हल्लाउने विषयहरूले इतिहास का पानाहरू रङ्गिएका थिए । यता श्री ३ चन्द्रको दिमाग चाट्ने विषयहरू पनि तिनै थिए" (ढकाल, २०६५ : १७४) ।*

श्री ३ चन्द्र शमशेर समाज परिवर्तन हुनु पर्छ भन्ने विचार बोकेको पात्र बालकृष्णको जीवनलाई तहसनहस बनाएर निर्वासित जीवन जिउन विवश पारी एकतन्त्रीय शासनलाई कायम राख्न अग्रसर देखिन्छन् । बालकृष्णभन्दा अगाडिका पात्रहरूको समाज सुधारको अभियानलाई पनि विफल पार्न उनी सफल देखिन्छन् । यसरी उनको सत्ताकेन्द्री राजनीतिको कारण तत्कालीन नेपाली जनताहरू उनको निरङ्कुश शासन पालना गर्न विवश रहेको संवेदनालाई ढकालले उपन्यासमा व्यक्त गरेका छन् ।

उपन्यासमा दु:खपुर गाउँका मानिसहरूले निम्न मध्यम र निम्न वर्गीय समाजको प्रीतिनधित्व गरेका छन् भने काठमाडौँको सिंहदरबारमा बस्ने श्री ३ चन्द्र शमशेर, पद्म शमशेर, बबर शमशेर जस्ता पात्रहरूले उच्च वर्गको प्रीतिनधित्व गरेका छन् । जनताबाट मालपोत र कुत उठाएर राज्य सञ्चालन गर्ने तथा आफ्नो व्यक्तिगत मोजमज्जामा पनि जनताको पसिना लुट्ने प्रवृत्ति यिनै उच्च वर्गका पात्रहरूमा रहेको देखाएर उनीहरूमा मानवीय भावना नरहेको यथार्थ अनुभवलाई ढकालले उपन्यासमा व्यक्त गरेका छन् ।

साहित्यकारको अनुभव हावाको कल्पना नभएर त्यसको आधार साहित्यकार बाँचेको समाज हुन्छ । समाजकै घटनाबाट प्राप्त अनुभवलाई संवेदनशील भई व्यक्त गर्ने क्रममा साहित्यको सिर्जना हुन्छ (क्षेत्री, २०६४ : १४८) । यस उपन्यासमा पनि पहिलो विश्वयुद्ध पूर्व र

पहिलो विश्वयुद्ध पछिको नेपालको राणाकालीन समयलाई वर्तमान नेपाली अस्थिर राजनीति तथा समाजको अनुभवबाट व्यक्त गरिएको पाइन्छ । उपन्यासकार ढकाल काठमाडौँको नेपाली समाजका एक सदस्य भएकाले उनको मनोभाव पनि उपन्यासमा अभिव्यक्त हुन पुगेको देखिन्छ । ढकालले समाजमा देखा परेको विभिन्न प्रकारका मानिसहरूको जीवन प्रक्रियाबाट अनुभव हासिल गरी प्रस्तुत उपन्यास लेखेको देखिन्छ । उनले काठमाडौँ उपत्यकाको सहरी तथा ग्रामीण जीवनका विभिन्न घटनाहरूको अनुभवलाई उपन्यासमा व्यक्त गरेका छन् । ग्रामीण भेकका मानिसहरूले जीवनयापनको लागि खेती गरेका छन् । चक्रधर र शङ्खधर समाजमा आफ्नो स्वार्थ सिद्ध गर्न अर्काको खुट्टा तान्न पछि परेका छैनन् । समाजलाई नयाँ दिशातिर हिँडाउन रूढिवादी मूल्य मान्यता हटाउनु पर्छ भनेर बालकृष्ण लागेको छ । चलेको चलनलाई स्वीकार्नु पर्छ भन्दै विष्णुभक्त श्री ३ को चाकडी गर्छ । गाउँका मानिसलाई जिम्वाल बनाई समग्र देशमा शासन गर्ने श्री ३ चन्द्र शमशेरको प्रवृत्ति देखिन्छ । सुभद्रा पति वियोगमा समाजका विभिन्न लाञ्छनाहरू सहँदै दुःखी जीवन बिताउँछे । कान्छा तामाङ हलो जोतेर जीवन चलाउँछ । यसरी विभिन्न थरीका मानिसहरूको समष्टि नै समाज हो भन्ने अनुभूतिलाई ढकालले उपन्यासमा व्यक्त गरेको देखिन्छ । यस उपन्यासमा ढकालले जीवनमा अनुभव गरेको सामाजिक, राजनीतिक लगायत समग्र परिवेशलाई औपन्यासिक संरचना प्रदान गरेर काठमाडौँ उपत्यकाको नेपाली समाजको अनुभूतिलाई प्रकट गरेका छन् ।

### ४.४.६ भाषा प्रयोग

भाषा मानवीय संवादको साधन हो । अनुभूति र अभिव्यक्तिको माध्यम भएकाले भाषा सामाजिक चिन्तनको प्रतीक पनि हो । जीवनका हरेक गतिविधि र क्रियाकलापमा भाषाको महत्त्व रहेकाले साहित्य तथा कलाका क्षेत्रमा पनि यसको अहम् महत्त्व रहने गर्दछ (बराल, २०६३ : ४९) । भाषाका माध्यमबाट कुनै पनि समाजका मानिस तथा त्यस समाजको संस्कृति, मूल्य मान्यता आदिलाई पहिचान गर्न सकिन्छ । भाषा संस्कृतिको वाहक भएकाले भाषा र संस्कृतिका बिच एकअर्कासँग निकट सम्बन्ध रहनु स्वाभाविक छ । कुनै पनि समाजको संस्कृति भाषाबाट नै व्यक्त हुन्छ र समाजले भाषाको प्रयोग आफ्नो सांस्कृतिक पहिचान बढाउन तथा त्यसमा निरन्तर कायम गर्न समेत गरेको हुन्छ । तसर्थ संस्कृतिको प्रभाव भाषामा पर्नु स्वाभाविक मानिन्छ (अधिकारी, २०६५ : १२) । भाषा समाज सापेक्ष हुन्छ । यसले सामाजिक गतिविधिमा क्रियाशीलता ल्याउँदछ र यो सामाजिक ढाँचा अनुसार जातजाति, नातागोता, आदर सत्कार आदि कुराहरू भाषाबाट निर्मित हुन्छन् त्यसैले भाषाको समाजमा भाषिक प्रयोगगत विविधता भेटिन्छ । यसरी भाषाका माध्यमबाट समाजको अध्ययन वा समाजका माध्यमबाट भाषाको अध्ययन गर्न सकिन्छ । क्रिस्टोफर कडवेलका विचारमा भाषा र समाजका बिचमा घनिष्ठ अन्तरसम्बन्ध रहेको हुन्छ ।

त्यसैले भाषा र साहित्य दुवै समाजका उत्पादन हुन् । जसरी सिपीबाट मोती उत्पत्ति हुन्छ, त्यसरी नै भाषाबाट साहित्यको उपत्पत्ति हुन्छ (क्षेत्री, २०६४ : ५१) ।

नारायण ढकालको 'प्रेतकल्प' उपन्यासमा संस्कृत, नेपाली तथा हिन्दी भाषाको प्रयोग भएको पाइन्छ । विभिन्न भाषाभाषी रहेको काठमाडौं समाजको स्वरूपलाई उपन्यासमा प्रयोग भएको भाषाले स्पष्ट पारेको देखिन्छ । उपन्यासमा परिवेश र पात्र अनुकूल भाषा सजिएको छ । धार्मिक मूल्य मान्यतालाई पुष्टि गर्ने सन्दर्भमा महाभारत, मनुस्मृति, वेदका श्लोकहरू आएका छन् । योगीका हिन्दी कथन सान्दर्भिक छन् (ज्ञवाली, २०६७ : ६३) । उपन्यासमा संस्कृत भाषा राम्ररी जान्ने बालकृष्ण तथा रामकृष्ण जस्ता पात्रहरू रहेका छन् भने हिन्दी भाषा राम्ररी बोल्ने श्यामानन्द पुरी जस्तो पात्रको पनि उपस्थिति रहेको पाइन्छ । उदाहरणको रूपमा संस्कृतका श्लोक र हिन्दीका कथनलाई लिन सकिन्छ ।

> *"वनस्पतेरपक्वानि फलानि प्रचिनोति यः । स नाप्नाति रसं तेभ्यो बीजं चास्य विनश्यति ॥ अर्थात् जो व्यक्ति वृक्षको काँचो फल टिप्छ, उसले त्यो फलको रस लिन पाउँदैन (ढकाल, २०६५ : ६०) ।*
>
> *"पहले अपने आपको बनाओ । फिर दुसरोँका करो । अपने आपको नबनाया हुवा आदमि दुसरोँको सुधार नहि करसक्ता" (ढकाल, २०६५ : ९०) ।*

उपन्यासमा मूलतः काठमाडौं उपत्यकाको नेपाली समाजमा रहेका विभिन्न जातजाति तथा भाषाभाषीहरूको उपस्थिति सहज ढङ्गले गरिएको छ । पात्रानुकूल भाषाले पनि उपन्यास सरल र सरस बन्न पुगेको देखिन्छ । ग्रामीण भेकमा बस्ने अशिक्षित विभिन्न जातिहरूको भाषालाई उदाहरणको रूपमा लिन सकिन्छ । जस्तै : कान्छा तामाङले बोलेको नेपाली भाषाको प्रयोगलाई लिन सकिन्छ ।

> *"लु भन हो, सबभन्दा पाइले को पो आयो ? एकेक गारी भान्दै जाओ । चार दिनमा मा साबैको काम तुर्छा हौ" (ढकाल, २०६५ : ९२) ।*

यस्तै दलित वर्गएको शम्बे सार्कीको भनाइलाई लिन सकिन्छ ।

> *"ए मुर्दार तुँ कति किरितक्न भइस् हँ अब ? मुइले तुँलाई आफ्ले नखार पनि पाल्याथेँ । दस-दस बर्खसम्म मैले दुःख बेसाको कुरा बिर्सिस् ? तेरी आमा पनि मरेसि मै तेरी आमा र बाउ भको थेँ भन्ने कुरा म कसरी येल्लाई बुझाम् हे भगुमान्" (ढकाल, २०६५ : ८८) ।*

उपन्यासकार ढकालले नेपाली समाजमा शिक्षित तथा चेतनशील वर्गको पनि उपस्थिति देखाएका छन् । बालकृष्ण, रामकृष्ण आदि उपन्यासका शिक्षित पात्र हुन् । बालकृष्ण समाजलाई

बदल्ने अभियानमा सक्रिय पात्र हो । उसको भाषिक व्यवहार शुद्ध, परसङ्गति मिलेको व्याकरणसम्मत देखिन्छ ।

> *"ए शङ्खधर दाइ, तपाइँ लोग्नेमान्छे हुनु तपाइँको श्रेष्ठताको परिचय होइन । यी विधवा हुनु पनि कुलटाको चिनारी होइन । मर्यादित भएर बोल्नोस् । सबैको आ-आफ्नै मर्यादा हुन्छ भन्ने कुरा ख्याल राख्नोस् । बोल्न पाएँ भन्दैमा जे पनि बोल्ने" (ढकाल, २०६५ : ९२-९३) ।*

तत्कालीन समाजमा राणा शासन कायम थियो । उक्त समयमा सम्पन्नले विपन्न वर्गका मानिसहरूसँग तुच्छ ढङ्गले व्यवहार गरेको देखिन्छ । "दुःखपुर गाउँमा धनीले गरिबलाई र लोग्नेले आइमाईलाई यस्तो व्यवहार गरिरहन्थे । यसलाई सामाजिक मूल्यबोध र व्यवहारमा अस्वाभाविक र अभद्र पनि मानिँदैनथ्यो" (ढकाल, २०६५ : ९३) । यस किसिमको हेपाहा र सामन्ती प्रवृत्ति जिम्वाल विष्णुभक्तको भाषामा अभिव्यक्त भएको देखिन्छ । "ए हाँडीको पींध, अनि अरू के के देखिस् त ?" (ढकाल, २०६५ : ४८) ।

उपन्यासमा करिब, बलैंसी, आवाज, पन्जा क्रान्ति, मङ्गलनाद, कर्कश, गन्ध, बर्सात, एकादशी, गुन्यू, कूत, बेठी, रूपान्तरण, शिर, सन्ध्या वन्दना, हात अनिष्ट, वरियाँत, रैती, जिम्वाल, प्राक्कल्पना, झगडा, इस्टकोट, षड्यन्त्र, फाँट, कारोबार, क्षणभङ्गुर, संस्कार, धर्मशास्त्र, गुन्जाइस, चाकडी, सर्कस आदि जस्ता तत्सम, तद्भव र आगन्तुक शब्दहरूको सहज प्रयोग भएको देखिन्छ । उपन्यासमा झर्रा तथा अनुकरणात्मक नेपाली शब्दको संयोजन पनि रहेको पाइन्छ । जस्तै : साँठगाँठ, आलसतालस, ल्याङ्ग्रे, निथ्रुक्क, ट्वाक्क, झलझली, डिच्च डिच्च, चुइक्याउँदै, थिचोमिचो, हस्याङफस्याङ, झुत्रेझाम्रे आदि । कुनै पनि वाङ्मयलाई समृद्ध पार्न र त्यसको गरिमा बढाउन उखानको महत्त्वपूर्ण भूमिका हुन्छ (पराजुली, २०६७ : १५) । प्रेतकल्प उपन्यास यस दृष्टिकोणले निकै समृद्ध देखिन्छ । नेपाली जन जीवनसँग साइनो राख्ने उखानहरू यस उपन्यासमा प्रयोग भएका छन् । कृतिमा 'गाई भे गोरस, भाइ भे भरोस, "पोथी बासेको राम्रो हुँदैन, आयो दसैं ढोल बजाई, गयो दसैं ऋण बोकाई' 'भित्ताको पनि कान हुन्छ', मौका आउँछ पर्खिंदैन, बगेको खोला फर्किंदैन', 'हिसाब र निसाफ लुकाउनु हुन्न' जस्ता उखानको समुचित प्रयोग र सरस अभिव्यक्ति प्रकट भएको देखिन्छ ।

उपन्यासमा आलङ्कारिक अभिव्यक्ति पनि उत्तिकै सशक्त ढङ्गले प्रकट भएको पाइन्छ । "गुँडमा कुँजिएर बसेका चराचुरुङ्गीहरूका आवाज पनि क्रान्तिको महान् गीत झैं गाउँको आकाशमा फैलिएको तर फेरि एकैछिनमा अघिल्लो दिन जस्तै निराशाजनक साँझले सारा गाउँलाई आफ्नो पन्जामा कस्यो" (ढकाल, २०६५ :११) । यस्तै "वर्षाले सारा उपत्यका भर्खरै नुहाएकी षोडसी झैं पहिलेभन्दा सुन्दर देखियो" (ढकाल, २०६५ : ११८) । प्रस्तुत उपन्यासमा वर्णन र विवरणको भाषा व्याकरणसम्मत रहेको देखिन्छ भने संवादको भाषा सम्बन्धित पात्रहरूको शिक्षा अनुरूप रहेको देखिन्छ । उपन्यासमा भाषाको स्थानीय कथ्य भेदको प्रयोग सहज ढङ्गले

गरिएको छ । मूलतः काठमाडौँको ग्रामीण भेकमा बसोबास गर्ने विभिन्न सम्प्रदायका अशिक्षित ब्राह्मण, क्षेत्री, कामी, सार्की, तामाङ, दमाई आदि जातिहरूको भाषिक व्यवहारमा स्थानीय कथ्य भेद देखिन्छ । मन्नोदरी हरिबोल खड्का, कान्छा तामाङ, शम्बे सार्की, हनुमाने आदि पात्रहरूको भाषामा अकृत्रिमता तथा सरलता पाइन्छ । यस्तै समाजका रामकृष्ण, बालकृष्ण जस्ता शिक्षित पात्रहरूको संवादमा नेपाली भाषाको मानक रूप भेटिन्छ ।

प्रस्तुत उपन्यास आन्तरिक र बाह्य दृष्टिबिन्दुमा लेखिएको छ । यसमा समाख्याताले प्रथम पुरुष र तृतीय पुरुष शैली अपनाएर घटनाको वर्णन वा चित्रण गरेको पाइन्छ । यो उपन्यास पूर्वदीप्ति शैलीमा रचिएको पाइन्छ । यो कृति आलोचनात्मक यथार्थवादी भएकाले यसमा समाजमा रहेका रूढिवादी मूल्य मान्यता, शोषण, सामाजिक कुप्रथा जस्ता कुराहरूको चित्रण सरल एवम् सहज भाषाको प्रयोगद्वारा गरिएको छ । प्रस्तुत कृति विशेषतः एक सय वर्ष अगाडिको काठमाडौँको नेपाली समाजको पृष्ठभूमिलाई आधार बनाएर लेखिएकाले तत्कालीन समाजमा रहेको बोलचालको भाषा बढी मात्रामा प्रयोग गरिएको छ । यस उपन्यासमा प्रयुक्त भाषाले काठमाडौँको तत्कालीन नेपाली समाजको प्रतिबिम्ब उतार्न सफल भएको देखिन्छ ।

## ४.५ निष्कर्ष

नारायण ढकालको 'प्रेतकल्प' उपन्यासमा प्रयोग भएका पात्रहरू काठमाडौँ उपत्यकाको नेपाली समाजका प्रजातिबाट लिइएका छन् । यस उपन्यासको कार्यपीठिकाका रूपमा काठमाडौँको पर्यावरणलाई समेटिएको छ । उपन्यासले पहिलो विश्वयुद्ध पूर्व र पछिको तत्कालीन नेपाली राणाकालीन समयसम्मको क्षण तथा युगलाई समेटेको देखिन्छ । उपन्यासमा वातावरणको दृष्टिले काठमाडौँ सहर र यस आसपासका विभिन्न ग्रामीण भेकहरूको चित्रण गरिएको पाइन्छ ।

'प्रेतकल्प' उपन्यासले काठमाडौँका नेपालीहरूको सांस्कृतिक परम्परालाई अभिव्यक्त गरेको छ । त्यहाँका नेपालीहरूको जीवनशैली, रीतिरिवाज, धर्म परम्परा, ईश्वरप्रतिको भक्तिभाव, चाडबाड आदिलाई उपन्यासले प्रस्तुत गरेको छ । उपन्यासमा नेपालको राणाकालीन शासन व्यवस्थाका ऐतिहासिक घटनाहरूको उल्लेख गरिएको छ । त्यस्तै उपन्यासमा भारतीय स्वतन्त्रता सङ्ग्राम तथा पहिलो विश्वयुद्धमा नेपालीहरू सहभागी भएका ऐतिहासिक घटनाहरूको पनि उल्लेख गरिएको छ । तत्कालीन निरङ्कुश राणा शासकहरूबाट नेपालीहरू शासित हुनु परेको कुरा तथा जीवन सञ्चालनका क्रममा उनीहरूले पाएको दुःख, कष्ट आदिलाई उपन्यासले समेटेको छ । काठमाडौँको सामाजिक जन जीवनबाट प्राप्त अनुभवलाई उपन्यासकारले यस उपन्यासमा प्रस्तुत गरेका छन् । उपन्यासमा लेखकीय भाषा र पात्रको भाषामा भिन्नता देखाइएको छ भने शिक्षित वर्ग र अशिक्षित वर्गको भाषामा पनि फरकपन देखाइएको छ । उपन्यासमा स्थानीय बोली र भाषाको यथार्थ रूप प्रस्तुत गरिएको छ । यसरी सामाजिक सस्कृति, आर्थिक अवस्था, राजनीतिक परिवेश, सामाजिक वातावरण, भाषा प्रयोग जस्ता कुराले काठमाडौँको यथार्थ समाजलाई प्रकट गर्न उपन्यास सफल भएको देखिन्छ ।

# परिच्छेद पाँच

# उपसंहार

उपन्यासकार नारायण ढकालको जन्म वि.सं. २०१० जेठ २४ गते काठमाडौँ जिल्लाको मूलपानीमा भएको हो । उनले नेपाली साहित्यको विविध विधामा कलम चलाएका छन् । वि.सं. २०५५ मा पीत संवाद उपन्यास प्रकाशन गराएर औपचारिक रूपमा उपन्यास लेखनमा लागेका ढकालका दुर्भिक्ष (२०६०) र प्रेतकल्प (२०६५) गरी तिन ओटा उपन्यासहरू प्रकाशित भइ सकेका छन् । उनले विद्यालय स्तरको विद्यार्थी छँदादेखि नै साहित्य लेखन र पठनमा रुचि राखेको पाइन्छ । ढकालको 'प्रेतकल्प'मा ऐतिहासिक घटनाक्रम र नेपाली सामाजिक जीवनको कलात्मक वर्णन रहेकाले पनि यसको अध्ययन र विश्लेषण सान्दर्भिक छ ।

आधुनिक नेपाली उपन्यास परम्पराको तृतीय चरणमा उदाएका ढकालका उपन्यासहरूमा सामाजिक घटनाहरूको यथार्थ चित्रण पाइन्छ । उपन्यास लेखनको क्षेत्रमा एक दशकभन्दा बढी समय बिताएका ढकालको औपन्यासिक यात्रालाई पहिलो र दोस्रो गरी दुई चरणमा विभाजन गरिएको छ । उनका उपन्यासहरूमा यथार्थवादी, प्रगतिवादी मूल प्रवृत्तिहरू देखिन्छन् भने समाजका विकृति, विसङ्गति, रूढिवादी मूल्य मान्यता, कुसंस्कार जस्ता कुराहरूप्रतिको व्यङ्ग्य पनि सशक्त रूपमा प्रकट भएको पाइन्छ । गाउँ र सहरको मिश्रित परिवेशमा हुर्केका कारण उनले आफ्ना उपन्यासमा ग्रामीण तथा सहरी नेपाली समाजको चित्र उतारेका छन् । उनले उपन्यासमा मूलतः गरिबी, शोषण, कुरीति जस्ता कुराहरूको यथार्थ अभिव्यक्ति प्रकट गरेका छन् ।

नारायण ढकालको 'प्रेतकल्प' उपन्यास आजभन्दा सय वर्ष अगाडिको काठमाडौँ उपत्यकाको नेपाली समाजको यथार्थ चित्र उतारिएको कृति हो । यसमा तत्कालीन शासन व्यवस्था, नेपाली समाजको बिग्रँदो सामाजिक परिवेश, आर्थिक असमानता, धार्मिक कुसंस्कार, ठूलाले सानामाथि गर्ने हेपाहा प्रवृत्ति जस्ता घटनाक्रमहरूको यथार्थ वर्णन पाइन्छ । यसमा पुरातनपन्थी समाज, निरङ्कुश शासन व्यवस्थालाई यथार्थ ढङ्गले प्रकट गर्दै स्वतन्त्रताप्रतिको चाहना र त्यसलाई रोक्न चाहने यथास्थितिवादी धार बिचको अन्तरसङ्घर्षलाई प्रस्तुत गरिएको छ ।

'प्रेतकल्प' उपन्यासको विश्लेषण गर्दा साहित्यको समाज शास्त्रीय अध्ययनलाई अनुसरण गरिएको छ । यस शास्त्रले समाजका विविध पक्षहरूको वैज्ञानिक ढङ्गले अध्ययन गर्ने गर्दछ । यसले लेखकको सामाजिक स्थितिलाई हेर्नुका साथै उनको प्रजाति, लेखनको क्षण तथा पर्यावरणको प्रभाव कृतिभित्र परीक्षण गर्दछ र ती तत्त्वको सामाजिक सह-सम्बन्ध खोज्दछ । यसमा कृतिले समेटेका रीतिरिवाज, धर्म, संस्कृति, अर्थ व्यवस्था आदिको तुलनात्मक विवेचना गर्ने

विधि अनुसार कृति र समाजको तुलना गरिन्छ । लेखकको अनुभूतिलाई पनि हेर्दै समाजका मानिसहरूको भाषिक व्यवहारका कुराहरूको अध्ययन पनि शास्त्रले गर्दछ । यसर्थ यस उपन्यासको विश्लेषण प्रजाति, क्षण तथा वातावरण, सामाजिक संस्कृति, सामाजिक आर्थिक अवस्था, अनुभूतिको संरचना, भाषा प्रयोग जस्ता परिसूचकहरूको आधारमा गरिएको छ ।

'प्रेतकल्प' उपन्यासमा नेपाली समाजका विभिन्न प्रजातिका पात्रहरूको प्रयोग गरिएको छ । नेपाली समाजका ब्राह्मण, क्षेत्री, जैसी, राणा, सार्की, कामी, दमाई, तामाङ, कणारो, नेवार जस्ता विभिन्न प्रजातिका पात्रहरूको प्रयोग गरिएको पाइन्छ । उपन्यासमा लेखकले आफू हुर्किएको काठमाडौँको नेपाली समाजको बाल्यकालीन अनुभूतिलाई आधार बनाएर एक सय वर्ष अगाडिको नेपाली समाजको यथार्थ चित्र उतारेका छन् । यसरी प्रथम विश्वयुद्ध पूर्व र पछिको नेपालको राणाकालीन शासन व्यवस्थाको समयलाई उपन्यासले समेटेको देखन्छ भने तत्कालीन काठमाडौँ उपत्यकाको नेपाली समाजको वातावरणको चित्र उपन्यासमा खिचिएको पाइन्छ । उक्त समयमा कायम रहेको शासन व्यवस्था, धर्म संस्कृति, रीतिरिवाज, चाल चलन आदि कुराहरू उपन्यासमा प्रकट भएका छन् । त्यस समयमा कायम भएको जाति व्यवस्था, रूढिवादी संस्कार, अनैतिकता, खुट्टा तानातान, थिचोमिचो आदि कुराहरूको साथसाथै उक्त समाजको कमजोर आर्थिक अवस्थालाई पनि उपन्यासमा अभिव्यक्त गरिएको छ । उपन्यासमा शोषक र शोषित वर्ग, उच्च, निम्न मध्यम र निम्न वर्ग, शिक्षित र अशिक्षित वर्गको प्रस्तुतीकरण पनि सहज ढङ्गले गरिएको छ । उपन्यासमा लेखकको अनुभूतिलाई समेट्दै स्थानीय बोली र भाषाको यथार्थ रूप प्रस्तुत गरिएको छ । यसरी 'प्रेतकल्प' उपन्यासले तत्कालीन काठमाडौँ उपत्यकाको नेपाली समाजको प्रतिबिम्ब उतार्न सफल भएको देखिन्छ ।

नेपाली समाजमा रहेका विभिन्न जातिहरूको उचित संयोजन 'प्रेतकल्प' उपन्यासमा देखिन्छ । विविध जातिका मानिसहरूको सामाजिक संस्कार मूल्य मान्यता रीतिरिवाजका कुराहरू पनि उपन्यासमा समेटिएको पाइन्छ भने पात्रानुकूल भाषा प्रयोगले उपन्यास सरस बन्न पुगेको देखिन्छ । यसरी प्रस्तुत कृति समाज शास्त्रीय दृष्टिले अध्ययन तथा विश्लेषण गर्न प्रशस्त आधारहरू बोकेको उपन्यास मानिन्छ । प्रस्तुत उपन्यास प्रजातिको प्रयोग क्षण तथा वातावरण, सामाजिक संस्कृति, सामाजिक आर्थिक अवस्था, अनुभूतिको संरचना, भाषा प्रयोग जस्ता समाज शास्त्रीय अध्ययनका आधारहरू प्रयोग गरी विश्लेषण गरिएको छ । यसर्थ 'प्रेतकल्प' उपन्यास तत्कालीन काठमाडौँ उपत्यकाको नेपाली समाजका यथार्थ चित्र उतार्न सफल देखिन्छ ।

# सन्दर्भ सामग्री सूची

## क. पुस्तक सूची


अधिकारी, रेशराज र हरिहर घिमिरे (२०६७), **नेपालमा समाज र संस्कृति**, काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६५), **सामाजिक र प्रायोगिक भाषा विज्ञान** (चौ.सं.), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

कोइराला, नरेन्द्र प्रसाद र राजन भट्टराई (२०६७), साहित्य सिद्धान्त, नेपाली समालोचना तथा शोध र सृजनविधि, काठमाडौँ : नालन्दा प्रकाशन ।

ज्ञवाली, विष्णु प्रसाद (२०६७), **समसामयिक नेपाली उपन्यास**, काठमाडौँ : पैरव प्रकाशन ।

ढकाल, नारायण (२०६५), **प्रेतकल्प**, ललितपुर : साझा प्रकाशन ।

...................... (२०५२), **तिन संवत्सर,** ललितपुर : साझा प्रकाशन ।

...................... (२०६४), **पीत संवाद** (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

...................... (२०६२), **आत्महन्ता,** काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स् ।

...................... (२०५९), **गोमाको यार्लिङ**, ललितपुर : साझा प्रकाशन ।

पराजुली, कृष्ण प्रसाद (२०६७), **नेपाली उखान र गाउँखाने कथा** (सा.सं.), काठमाडौँ : रत्न पुस्तक भण्डार ।

प्रधान कृष्ण चन्द्र सिंह (२०५२), **नेपाली उपन्यास र उपन्यासकार,** ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६३), **उपन्यासको सौन्दर्य शास्त्र** (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (ते.सं.), ललितपुर : साझा प्रकाशन ।

बराल, वासु (२०६१), **मानव शास्त्र र समाज शास्त्रको परिचय**, ललितपुर : साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्र प्रसाद लुइटेल (२०६३), **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** (दो.सं.), काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

.................. (२०६६), **शोधविधि** (चौ.सं.), ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०६४), **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (न.सं.), ललितपुर : साझा प्रकाशन ।

सुवेदी, पुरुषोत्तम (२०६६), **सङ्क्रमणको साहित्य र समकालीनता**, ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०६४), **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

### ख. पत्रिका सूची

एटम, नेत्र (२०६६), 'नेपाली अधिआख्यानको वर्तमान अवस्था', **गरिमा** (वर्ष २८, अङ्क ४, पूर्णाङ्क ३२८) चैत पृ. ५२-६१ ।

गौतम, कृष्ण (२०६६), 'आ-आफ्नै प्रेतकल्पमा', **गोरखापत्र** (२०६६ फागुन १) पृ. ख ।

ढकाल, नारायण (२०६६), 'प्रेतकल्पको रचना गर्भ', **मूल्याङ्कन** (वर्ष २७, पूर्णाङ्क १७५) असोज पृ. ५२-५५ ।

बानियाँ, राजकुमार (२०६६), 'राणाकालीन उकुसमुकुस', **नागरिक** (२०६६ जेठ १६) पृ. कि ।

भट्टराई, कुसुम (२०६६), 'दुःख नवीकरणको नियति', **अन्नपूर्ण पोष्ट** (२०६६ वैशाख २६) पृ. ६ ।

वर्तमान, गोविन्द (२०५२), 'नारायण ढकाल : व्यक्ति र विचारहरू', **गरिमा** (वर्ष १४, अङ्क १, पूर्णाङ्क १५७) पृ. ५१ ।

सुवेदी, झलक (२०६६), 'समयको कलात्मक गाथा', **नयाँ पत्रिका** (२०६६ भदौ ३०) पृ. १० ।

### ग. शोधग्रन्थ सूची

अधिकारी, रामकृष्ण (२०६२), **दुर्भिक्ष उपन्यासको कृतिपरक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँ : रत्नराज्य लक्ष्मी क्याम्पस ।

क्षेत्री, उदय (२०६४), **समाज शास्त्रीय दृष्टिमा इन्द्र बहादुर राईका आख्यानको अध्ययन,** अप्रकाशित विद्यावारिधि शोधपत्र, कीर्तिपुर : त्रिभुवन विश्व विद्यालय ।

खड्का, बलराम (२०६२), **नारायण ढकालको कथाकारिताको विधागत अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रिभुवन विश्व विद्यालय ।

दाहाल, खेमनाथ (२०५८), **आधुनिक नेपाली उपन्यासको समाज शास्त्र,** अप्रकाशित विद्यावारिधि शोधपत्र, कीर्तिपुर : त्रिभुवन विश्व विद्यालय ।

पौडेल, जया (२०६७), **प्रेतकल्प उपन्यासको कृतिपरक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, काठमाडौँ : त्रि चन्द्र क्याम्पस ।